## परिच्छेद एक

# zf|wkqsf| kl/ro

### १.१ विषयपरिचय

पुष्कर लोहनीको जन्म १९९८ सालमा काठमाडौँको ज्ञानेश्वरमा पिता होमप्रसाद लोहनी र माता भेषकुमारी लोहनीका एक मात्र सन्तानका रूपमा भएको हो । नेपाली विषयमा एम.ए. सम्मको अध्ययन गरेका लोहनीले नेपाली साहित्यका कथा, कविता, आत्मसंस्मरण, समालोचनाजस्ता विधामा कलम चलाएका छन् ।

२०१६ सालमा **ज्योति** पत्रिकामा सर्वप्रथम 'चिसो चूल्हो तातो खरानी' शीर्षकको कथा प्रकाशित गरेपछि लोहनी औपचारिक रूपमा नेपाली साहित्यमा प्रवेश गरेका हुन् । त्यसपछि अहिलेसम्म पाँच दशकको अवधिमा उनले साढे दुई दर्जनजति कथाहरू प्रकाशित गरेका छन् । उनका विभिन्न कथाहरू फुटकर रूपमा विभिन्न पत्रपत्रिकाहरूमा छिरलिएर रहेका छन् । उनका कथाहरूमा नेपालको सहरीया क्षेत्रमा देखिएका विभिन्न किसिमका विकृतिहरूका साथै यौनमूलक धारणालाई विषयवस्तु बनाइएको पाइन्छ । उनका कथाको एक मात्र उद्देश्य भनेको मान्छेमा रहेको यौनतृप्ति र कुण्ठालाई सहज रूपमा प्रस्तुत गर्नु हो ।

### १.२ शोधप्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनको लागि तयार पारिएको हो ।

### १.३ समस्याकथन

नेपाली साहित्यका विविध विधामा कलम चलाएका पुष्कर लोहनीको सबैभन्दा सफल रहेको विधा भने कथा विधा नै हो । २०१६ सालदेखि अहिलेसम्मको समयावधिमा उनले लगभग साढे दुई दर्जनजति कथाहरू प्रकाशित गरेका छन् । नेपाली कथासाहित्यमा सङ्ख्यात्मक र गुणात्मक रूपमा योगदान दिने लोहनी र उनका कथाका बारेमा फाटफुट चर्चा परिचर्चा भए पनि गहन अध्ययन भने हुन सकेको छैन । तसर्थ प्रस्तुत शोधपत्रमा यिनै विषयवस्तुहरूलाई मूल समस्या मानिएको छ । ती समस्याहरू हुन् -

(क) पुष्कर लोहनीका जीवनी र व्यक्तित्वका पक्षहरू के-कस्ता रहेका छन् ?

(ख) उनका हालसम्म प्रकाशित कथाकृतिहरू कति र केकस्ता रहेका छन् ?

(ग) उनको कथागत यात्रा र प्रवृत्ति के-कस्तो रहेको छ ?

### १.४ शोधकार्यका उद्देश्यहरू

समस्याकथनमा उल्लिखित समस्याहरूमा आधारित रहेर कथाकार पुष्कर लोहनीको जीवनी, उनको जीवनमा घटेका घटनाहरू तथा तिनबाट उनको जीवनमा परेको प्रभाव, उनको जीवनदृष्टि, कथायात्रा आदि विविध पक्षहरूको निरूपण गर्नुका साथै उनका प्रकाशित कथाहरूको

अध्ययन विश्लेषण गर्नु प्रस्तुत शोधकार्यको उद्देश्य रहेको छ । ती उद्देश्यहरू यसप्रकार रहेका छन् :

(क) पुष्कर लोहनीका जीवनी र व्यक्तित्वका विभिन्न पक्षहरूको परिचय दिनु,

(ख) उनका हालसम्म प्रकाशित कथाकृतिहरूको विश्लेषण गर्नु,

(ग) उनको कथागत यात्राको अध्ययन गर्दै उनको कथागत योगदानको चर्चा गर्नु ।

## १.५ पूर्वकार्यको विवरण

साहित्यका विविध विधाहरूमा कलम चलाउने साहित्यकार पुष्कर लोहनीले आफ्नो जीवनको पाँच दशक समय लेखनकार्यमै बिताएको देखिन्छ । मूलतः कथाकारका रूपमा नेपाली साहित्यमा परिचित लोहनीको जीवनी र कथाहरूका बारेमा विस्तृत अध्ययन गर्ने कार्य हालसम्म पनि भएको पाइँदैन । तैपनि कथा विधाको सामान्य परिचय दिने क्रममा लोहनी र उनका कथाका बारेमा पनि सामान्य चर्चा गरेको पाइन्छ । ती सामान्य चर्चालाई सङ्क्षिप्त र कालक्रमिक रूपमा यसप्रकार प्रस्तुत गरिएको छ -

गृष्मबहादुर देवकोटाले **नेपालको छापाखाना र पत्रपत्रिकाको इतिहास** (२०२४) मा पुष्कर लोहनीको 'एक साँझ' कथा प्रकाशित गरेकोले **बगैंचा** (द्वमासिक, २०१८) पत्रिकालाई कारबाही गरेको कुरा उल्लेख गरेका छन् ।

दयाराम श्रेष्ठ 'सम्भव' ले **पच्चिस वर्षका नेपाली कथा** (२०३९) मा नवयुगका कथाकारहरूको सूचीमा पुष्कर लोहनीको नाम उल्लेख गरेका छन् ।

प्रतापचन्द्र प्रधानले **नेपाली कथावलोकन** (२०४०) मा यौनजनित समस्या र ग्रन्थिलाई विषयवस्तु बनाई कथालेखनमा सक्रिय कथाकारहरूको सूचीमा पुष्कर लोहनीको नाम उल्लेख गरेका छन् ।

राजेन्द्र सुवेदीले **स्रष्टा सृष्टि, द्रष्टा दृष्टि** (२०४३) मा पुष्कर लोहनीलाई यौनवादी मनोवैज्ञानिक कथालेखनमा खप्पिस तथा नौला विषयवस्तु अँगालेर नौला शिल्पमा कथा लेख्ने कथाकारका रूपमा चिनाएका छन् ।

निनु चापागाई र अन्यले **प्रतिनिधि नेपाली कथाहरू** (२०४६) मा फ्रायडीय यौन विश्लेषणको स्थापित प्रवृत्तिलाई निम्न स्तरमा खसाउने र यौनको कुत्सित पक्षलाई विषय बनाउने कथाकारहरूको सूचीमा पुष्कर लोहनीको नामोल्लेख गरेका छन् ।

दयाराम श्रेष्ठले **नेपाली साहित्यका केही पृष्ठ** (२०४८) मा २०१० को दशकमा आधुनिक नेपाली कथालाई यथेष्ट विकसित तुल्याउने नयाँ कथाकारहरूको चर्चा गर्दै कथाहरूमा यौनमनोविश्लेषणका शाश्वत रूपको प्रस्तुति गर्ने कथाकारहरूको सूचीमा पुष्कर लोहनीको नामोल्लेख गरेका छन् ।

नरहरि आचार्य तथा अन्यले **नेपाली कथा भाग-१** (२०५१) मा मूलतः फ्रायडीय मनोविज्ञानलाई र अंशतः सामान्य मनोविज्ञानलाई आधार बनाएर कथा लेख्ने विश्वेश्वरप्रसाद कोइरालाका अनुयायीहरूको सूचीमा पुष्कर लोहनीको नामोल्लेख गरेका छन् ।

कृष्णचन्द्रसिंह प्रधानले **समसामयिक कथा : एक दृष्टि अनेक अवलोकन** (२०५६) शीर्षकको लेखमा पुष्कर लोहनीलाई यौनको प्रवक्ताका रूपमा चिनाएका छन् ।

घटराज भट्टराईले **नेपाली लेखक कोश** (२०५६) नामक साहित्यकारहरूको परिचय दिने क्रममा उनलाई कथामा यौनलाई महत्व दिने कथाकारको रुपमा चिनाउँदै आफ्नो साहित्यिक कलालाई निर्भीक बनेर अभिव्यक्ति गर्ने स्पष्ट वक्ताको रुपमा रहेको उल्लेख गरेका छन् ।

मधुसूदन गिरीले **समकालीन साहित्य** (२०५९) नामक पत्रिकामा 'स्वैरकल्पना र नेपाली कथा-परम्परा यसको प्रयोग' शीर्षकमा 'उत्तेजित घेरा' जस्तो कलात्मक मर्यादाको लक्ष्मण रेखा पार गरेर नग्न एवं अश्लील चित्रणको उपत्यकामा पाइला राखेको स्थिति देखाउँछ भन्ने कुराको चर्चा गरेका छन् ।

नेत्र एटमले **समकालीन साहित्य** (२०५९) नामक पत्रिकामा 'समकालीन नेपाली कथा : परिवेश र प्रकृति' शीर्षकमा लोहनीले समकालीन सामाजिक विसंगतिका विरुद्ध पाइला चाल्ने भन्दा पनि यौनलाई बजारिया क्रियाकलापको मनोरञ्जनमा तान्ने किसिमका कथा लेखेका छन् र उनका कथाहरू भद्दा, अश्लील र कलात्मकहीन छन् भन्ने क्रममा चर्चा मात्र गरेका छन् ।

यी सामान्य प्रयासहरू भए पनि कथाकार लोहनीका बारेमा विस्तृत चर्चा र अध्ययन भएको छैन । यही अभाव पूर्ति गर्ने उद्देश्यले प्रस्तुत शोधकार्यले कथाकार लोहनीका कथाहरूको विस्तृत अध्ययन र सूक्ष्म विश्लेषण गरेको छ ।

## १.६ शोधकार्यको औचित्य, महत्त्व र उपयोगिता

पुष्कर लोहनीका कथाका विषयमा पूर्वअध्ययनका प्रयासहरूलाई मनन् गरेर हेर्दा नेपाली साहित्यको विधागत इतिहास लेखनका क्रममा नामोल्लेख गरिनु बाहेक व्यक्तित्व तथा कथाका विश्लेषणका पक्षमा पूर्ण अध्ययन तथा अनुसन्धान भएको देखिंदैन । पुष्कर लोहनी र उनका कथाहरूको बारेमा फाटफुट चर्चा एवम् समीक्षात्मक टिप्पणी भए पनि अनुसन्धानमूलक विश्लेषण नभएको परिप्रेक्ष्यमा प्रस्तुत शोधकार्यको आफ्नै औचित्य र महत्त्व रहेको छ । नेपाली कथासाहित्यमा लोहनीलाई चिनाउने तथा कथासाहित्यको विकासमा उनले दिएको योगदानलाई व्यवस्थित रूपले प्रस्तुत गरिएकाले यसको औचित्य आफैमा प्रष्ट हुन्छ । लोहनीका कथाकृतिहरूका बारेमा बिस्तृत अध्ययन विश्लेषण र अनुसन्धान गर्ने जो कसैलाई पनि यसबाट निकै फाइदा पुग्नेछ । उनका कथाकृतिका बारेमा आजसम्म अध्ययन अनुसन्धान हुन नसकेको अवस्थामा प्रस्तुत शोधकार्यको आफ्नै महत्त्व र उपयोगिता रहेको छ ।

## १.७ शोधकार्यको सीमाङ्कन

प्रस्तुत शोधकार्य पुष्कर लोहनीको जीवनी तथा उनका कथाकृतिहरूको अध्ययन र विश्लेषणमा सीमित रहेको छ । उनको कथालेखनको यात्रा एवम् कथागत प्रवृत्तिका साथै उनका कथाहरूको कथातत्वका आधारमा विश्लेषण गर्नमा नै प्रस्तुत शोधकार्य सीमित रहेको छ । यसमा उनका अन्य सबै कृतिहरूलाई छोडेर प्रकाशित कथाकृतिहरूको मात्र अध्ययन र विश्लेषण गरिएको छ ।

## १.८ शोधविधि

प्रस्तुत शोधपत्रका निम्ति कथाकार पुष्कर लोहनीको जीवनी तथा कथाकृतिको अध्ययनका बारेमा विभिन्न स्रोतहरूबाट सामग्री सङ्कलन गरिएको छ । उनको जीवनीका बारेमा शोधनायक, उनका परिवार तथा परिचित व्यक्तिसँग सम्पर्क गरी अन्तर्वार्ता विधिद्वारा सामग्री सङ्कलन गरिएको छ । यसमा उनको जीवनीको अध्ययनका क्रममा जीवनीपरक समालोचना प्रणालीलाई आधार मानिएको छ । लोहनीका कथाहरूको समीक्षा गर्ने सन्दर्भमा विभिन्न पत्रपत्रिकामा प्रकाशित समीक्षात्मक टिप्पणीहरूका साथै उनका कथाहरूलाई पनि सामग्रीको रूपमा प्रयोग गरिएको छ ।

## १.९ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको संरचनालाई सङ्गठित र व्यवस्थित रूपमा प्रस्तुत गर्नका लागि निम्नानुसारका पाँच परिच्छेदमा विभाजन गरी अध्ययन गरिएको छ :

(क) पहिलो परिच्छेद : शोधपरिचय

(ख) दोस्रो परिच्छेद : पुष्कर लोहनीको परिचय

(ग) तेस्रो परिच्छेद : पुष्कर लोहनीको कथायात्रा र चरण विभाजन

(घ) चौंथो परिच्छेद : पुष्कर लोहनीका कथाहरूको विश्लेषण

(ङ) पाँचौ परिच्छेद : उपसंहार वा निष्कर्ष

उपर्युक्त परिच्छेदहरूलाई आवश्यकताअनुसार विभिन्न शीर्षक र उपशीर्षकहरूमा विभाजन गरी अध्ययन गरिएको छ ।

# दोस्रो परिच्छेद

# kis/ nfxgLsf kl/ro

## २.१ जीवनीगत परिचय

### २.१.१ वंशपरम्परा

पुष्कर लोहनीका पुर्खाहरू भारतको कलौजबाट कुमाऊँ गढवाल हुँदै १७ औं शताब्दीतिर नेपालको मुसिकोट दाङमा आएर बसेको देखिन्छ ।[१] त्यसपछि नुवाकोट, बेलकोट दाङमाई हुँदै पश्चिम १ नं. थानसिंहमा बसोबास गर्दै काठमाडौँ आएका थिए । नेपाल प्रवेश गर्ने लोहनीका मूल पुरुष राधाकृष्ण लोहनी थिए ।[२] काठमाडौँ आउने लोहनीका मूल वंश भने राधाकृष्णका नाति शिव शर्माका छोरा पशुपति भएको देखिन्छ । त्यसपछिका पुर्खाहरूमा क्रमशः पद्मनाथ रुद्रप्रसाद र होमप्रसाद लोहनी पर्दछन् पुष्कर लोहनी भने उनको वंशपरम्परामा सातौँ पुस्तामा पर्दछन् ।[३]

### २.१.२ जन्म र जन्मस्थान

पुष्कर लोहनीको जन्म मध्यमवर्गीय परिवारमा पिता होमप्रसाद लोहनी र माता भेषकुमारी लोहनीका कोखबाट वि.सं. १९९८ चैत्र २० गते रविबारका दिन काठमाडौँको ज्ञानेश्वरमा भएको हो ।[४] चैत्र शुक्ल त्रयोदशी तिथिका दिन सिंह राशिमा जन्मेका हुनाले उनको जन्म पत्रिकामा टीकाप्रसाद लोहनी नाम राखेको देखिन्छ । प्रचलित नाम चाहि निजका पिताले घरमा बोलाउनका निम्ति 'पुष्कर' भन्ने दिएका हुन् ।[५] मातापिताका एक्लो सन्तानका रूपमा रहेका पुष्कर दाजुभाइ र दिदीबहिनीहरूबाट भने बञ्चित हुन पुगेका छन् ।[६]

### २.१.३ बाल्यकाल

पुष्कर लोहनीको बाल्यकाल आफ्नो घर ज्ञानेश्वरमा बितेको पाइन्छ ।[७] निजका बाजे रुद्रप्रसाद लोहनी विजयराज गुरुज्यूका भानिज भएकाले त्यहीको वातावरणबाट प्रभावित भएर उहाँले आफ्ना सन्तानलाई बौद्धिक दिशातिर अग्रसर गराउनुभयो । यही बौद्धिक र खानदानी परम्परामा नै पुष्कर लोहनीको बाल्यकाल बित्यो ।[८] यसरी आफ्ना हजुरबुवा रुद्रप्रसादका जेठो नातिका रूपमा पैदा भई अन्य घरका सम्पूर्ण सदस्यहरूबाट समेत स्नेह प्राप्त गर्ने पुष्करले आफूले प्राप्त गरेका सफलताका निम्ति पनि उनै हजुरबुवाका प्रेरणा र आशीर्वादलाई महत्त्वपूर्ण ठान्दछन् ।[९]

---

१ पुष्कर लोहनीसँग लिइएको अन्तर्वार्ताबाट प्राप्त जानकारी ।

२ ऐजन ।

३ ऐजन ।

४ ऐजन ।

५ ऐजन ।

६ ऐजन ।

७ ऐजन ।

८ ऐजन ।

९ ऐजन ।

पिता होमप्रसाद लोहनी दाजुभाइबाट छुट्टिएर मूल घर छाडी २००८ सालमा धोबीधारा डेरामा आएपछि हजुरबुवाको माया र ममताबाट टाढिए तापनि पिता, माता र आफ्नै वंशज गोविन्दप्रसाद लोहनीको स्नेह र ममता भने पाइरहे ।[१०] यसरी पुष्कर लोहनीले आफ्नै बाल्यावस्थामा एकातिर हजुरबुवाको माया, ममता प्राप्त गरेका थिए भने अर्कातिर पिता होमप्रसाद, माता भेषकुमारी र आफ्नै वंशज गोविन्दप्रसाद लोहनीजस्ता बौद्धिक व्यक्तित्वको आदर्शपूर्ण स्नेहमय छहारी पनि प्राप्त गरेको देखिन्छ । त्यसैले बाल्यावस्थादेखि पुष्कर लोहनी सुखी र जागरुक बन्दै आएको देखिन्छ ।

### २.१.४ शिक्षा–दीक्षा

पुष्कर लोहनीका हजुरबुवा साक्षर थिए भने बाबु चाहिँ औपचारिक शिक्षा ग्रहण गरेका बौद्धिक व्यक्तित्व थिए । उनका बाबु वि.सं. २००४ देखि २०३१ सम्म जागीर गर्ने क्रममा काठमाडौं म्युनिसिपल्टी (हालको महानगरपालिका) मा डिट्ठाको जागीरदेखि लिएर कोशी अञ्चलको सहायक अञ्चलाधीशसम्म बन्न सफल भएका थिए ।[११] त्यसैले उनका पिता होमप्रसाद लोहनीले शिक्षाको महत्त्व अति नै बुझेका थिए र घरमै सरस्वती पूजाका दिन पुष्कर लोहनीलाई अक्षरारम्भ पनि गराएका थिए । यसरी पाँच वर्षको कलिलो उमेरमै उनले पिताका काखमा अक्षरारम्भ गरेका थिए ।[१२] घरमै अक्षर चिनिसकेपछि ५ वर्षको उमेरमा उनी घरबाट नजिकै पर्ने पद्मोदय विद्यालयमा २००३ सालतिर कक्षा २ मा भर्ना भएको देखिन्छ ।[१३] बाल्यकालदेखि नै तीक्ष्ण बुद्धि भएका पुष्करले एक कक्षासम्मको पाठ घरमै पढिसकेका थिए ।[१४] कक्षा २ देखि अनवरत रूपमा लगनशीलता र मेहनतका साथ पढेर यही विद्यालयबाट २०११ सालमा एस.एल.सी. पूरा गरेको देखिन्छ ।[१५]

खासगरी उनका पढाइमा बढी चासो राख्ने र जतिसुकै सङ्कटको घडीमा पनि पढ्ने वातावरण तयार पारिदिने काम चाहिँ पिता होमप्रसादले नै गर्दथे ।[१६] पुष्कर लोहनीलाई सानै उमेरदेखि स्वतन्त्र रूपले विद्यार्थीका रूपमा रहने वातावरण घरमै उपलब्ध थियो । एस.एल.सी. पास गरेपछि विज्ञानतर्फ आई.एस्सी. र कानुनतर्फ आई.एल. पढ्न थाले । एकै समयमा दुबै विषयका सबै पेपरहरू तयार गर्न नसकेर असफल भएपछि त्रि-चन्द्र कलेजमा आई.ए. पढ्न थाले ।[१७] यही कलेजबाट २०१६ सालमा आई.ए. र २०१९ सालमा बी.ए. पनि उत्तीर्ण गरेको देखिन्छ ।[१८] त्यस्तै लोहनीले २०२६ सालमा नेपाली विषयमा त्रिभुवन विश्वविद्यालयबाट द्वितीय श्रेणीमा एम.ए. उत्तीर्ण गरेको देखिन्छ ।[१९]

---

[१०] ऐजन ।
[११] ऐजन ।
[१२] ऐजन ।
[१३] ऐजन ।
[१४] ऐजन ।
[१५] ऐजन ।
[१६] ऐजन ।
[१७] ऐजन ।
[१८] ऐजन ।
[१९] ऐजन ।

यसरी पुष्कर लोहनीले नेपालीमा स्नातकोत्तर तहसम्मको अध्ययन पूरा गरेको देखिन्छ भने अङ्ग्रेजीको परीक्षा नदिए तापनि एम.ए. सम्मको अध्ययन चाहिँ गरेको बुझिन्छ ।[२०] यसकै फलस्वरूप उनी नेपाली साहित्यमा मात्र सीमित नभएर अङ्ग्रेजी साहित्यको पनि अध्ययन गर्न पुगे । आफ्नो विद्यार्थी जीवनदेखि नै उनी पाठ्यक्रममा निर्धारित पाठ्यपुस्तकहरू बाहेक अन्य बाह्य पुस्तकहरू, पत्रपत्रिकाहरू पनि पढ्ने गर्दथे ।[२१]

### २.१.५ विवाह, दाम्पत्य जीवन र सन्तान

पुष्कर लोहनी २९ वर्षको परिपक्व उमेरमा वैवाहिक जीवनमा आवद्ध भएको देखिन्छ ।[२२] २०२६ सालमा काठमाडौँ निवासी स्व. हरिनाथ खनालकी छोरी महालक्ष्मी खनालसित लोहनीको विवाह भएको देखिन्छ ।[२३] नेपाली भाषा र साहित्यमा ठूलो योगदान दिने हरिनाथ खनाल संस्कृत र अङ्ग्रेजी साहित्यका ज्ञाता पनि थिए । त्रिभुवन विश्वविद्यालयमा संस्कृतका प्राध्यापकसमेत भएका हरिनाथकी छोरी महालक्ष्मीले विवाहपूर्व नै एस.एल.सी. उत्तीर्ण गरिसकेको देखिन्छ ।[२४] बाल्यावस्थामै संस्कृतका स्तुति र श्रीमद्भगवत्गीतासमेत अध्ययन गरेकी सुशील कन्याबाट उनी स्वयम् र उनका बाबु होमप्रसाद लोहनीसमेत प्रभावित भएर छोराको इच्छाअनुसार नै विवाह गरिदिएको देखिन्छ ।[२५] लोहनीका बाबु होमप्रसाद लोहनी र महालक्ष्मीका बाबु हरिनाथ खनालबीच निकै मित्रता थियो । त्यसकै परिणामस्वरूप पुष्कर र महालक्ष्मीबीच वैवाहिक सम्बन्ध गाँसिन पुगेको देखिन्छ ।[२६]

पुष्कर लोहनी र महालक्ष्मी परिपक्व उमेरमै वैवाहिक जीवनमा आवद्ध भएको बुझिन्छ । सुरुदेखि नै पतिपत्नीबीचको समझदारी र सद्व्यवहारका कारण उनीहरूको दाम्पत्य जीवन सुखपूर्वक वितेको देखिन्छ । नरम र दयालु स्वभावका पुष्कर लोहनी र त्यस्तै स्वभाव भएकी पत्नी महालक्ष्मीको दाम्पत्य जीवन सुख र सन्तोषका साथ बितिरहेको छ । दुवै दम्पती मिलेर सामाजिक तथा आर्थिक समस्यासँग जुझ्दै आफ्नै जीवनस्तर उठाउन र आफ्ना छोराछोरीहरूको उचित शिक्षा-दीक्षाका लागि पूर्ण रूपमा समर्पित देखिन्छन् ।[२७]

पुष्कर लोहनी र महालक्ष्मीका कोखमा तीन छोरी र एक छोराले जन्म लिएको बुझिन्छ ।[२८] तीमध्ये जेठी छोरी अमृता हाल वैवाहिक जीवनमा बाँधिएकी छन् भने माहिली छोरी नमृता अमेरिकाबाट कम्प्युटर साइन्सको कोर्स पूरा गरी स्वदेश फर्किने तरखरमा छिन् । त्यसैगरी छोरा प्रजेन्द्र र कान्छी छोरी समृता पनि हाल अमेरिकामै अध्ययन गरिरहेका छन् ।[२९]

---

[२०] ऐजन ।
[२१] ऐजन ।
[२२] ऐजन ।
[२३] ऐजन ।
[२४] ऐजन ।
[२५] ऐजन ।
[२६] ऐजन ।
[२७] ऐजन ।
[२८] ऐजन ।
[२९] ऐजन ।

### २.१.६ पारिवारिक स्थिति

पुष्कर लोहनीको मूल थलो काठमाडौँकै ज्ञानेश्वर हो । उनी आफ्ना माता-पिताका एक्लो सन्तान भएकोले उनको परिवार निकै संक्षिप्त रहेको देखिन्छ । आफ्ना पिताले घट्टेकुलामा घर बनाएर २०२२ सालदेखि बसोबास गर्न थालेको बुझिन्छ । महालक्ष्मीसँगको विवाहपश्चात् उनका छोराछोरीहरू पनि हुन थाल्छन् । हाल उनकी जेठी छोरी वैवाहिक जीवनमा बाँधिएकी छन् भने बाँकी दुई छोरी र एक छोरा पनि अध्ययनका सिलसिलामा अमेरिकामा रहँदै आएका छन् ।[३०] त्यसैले अहिले घट्टेकुलोस्थित घरमा लोहनीदम्पती मात्र रहेको देखिन्छ । आर्थिक रूपले सबल भएकोले पनि उनको पारिवारिक अवस्था सुखपूर्ण हुन पुगेको देखिन्छ ।[३१]

### २.१.७ आर्थिक स्थिति

मध्यम वर्गीय परिवारमा जन्मिन पुगेका पुष्कर लोहनीले आफ्नो जीवनमा त्यति ठूलो आर्थिक सङ्कट व्यहोर्नु परेको देखिँदैन ।[३२] उनका पिता होमप्रसाद जागीरे भएका कारण पनि पुष्कर लोहनीले विभिन्न विषयको अध्ययन गर्न सके । उनले आफ्नो बाल्यकाल र युवाकालमा आइपरेका सानातिना समस्याहरू सहज तरिकाले समाधान गर्दै पढ्ने धोको पूरा गरे ।

आफ्ना बाबुआमाका एक मात्र सन्तान पुष्कर लोहनीको पैत्रिक सम्पत्तिमा कतैबाट पनि घुनपुत्ला नलागेकोले र दाजुभाइमा समेत अंशवण्डा लगाउनुपर्ने स्थिति नआएकोले आर्थिक स्थिति मजबुत देखिन्छ ।[३३] बाबुले बनाइदिएको एउटा घरमा उनले थप दुईवटा घरहरू बनाएका छन् । त्रिचन्द्र कलेजमा प्राध्यापन गरेवापतको रकमबाट उनको परिवारको आर्थिक अवस्था मजवुत रहेको देखिन्छ । हाल उनका तीनवटा घरका तल्लो तलामा आफूले नै सुनगाभा राष्ट्रिय बोर्डिङ स्कुल खोलेर सञ्चालन गरेका छन् ।[३४] यसरी उनको बाल्यकालका साथसाथै हालको आर्थिक स्थिति पनि सन्तोषजनक नै देखिन्छ ।

### २.१.८ बसोबास र आजीविका

पुष्कर लोहनीको जन्मथलो काठमाडौँको ज्ञानेश्वर हो । उनका बाबुहरू आठ भाइ थिए र घरमा सबै दाजुभाइहरू मिलेर बस्न नसकेकाले २००८ सालतिर मूल घर छाडी पिता होमप्रसादले धोबिधारा डिल्लीबजारमा डेरा लिए र त्यही लगभग १३ वर्ष जति बस्नुपऱ्यो ।[३५] त्यसपछि २०२२ सालमा डिल्लीबजार नजिकै घट्टेकुलोमा आफ्नै घर निर्माण गरेपछि त्यहाँ बसोबास गर्न थालेका हुन् । बसाइ घट्टेकुलामा भए पनि उनको पैतृक घरबार भने अहिले पनि ज्ञानेश्वरमा नै छ ।[३६]

---

३० ऐजन ।

३१ ऐजन ।

३२ ऐजन ।

३३ ऐजन ।

३४ ऐजन ।

३५ ऐजन ।

३६ ऐजन ।

उच्च शिक्षाको अध्ययन पूरा गरेपछि आजीविकाका सिलसिलामा उनले २०२६ सालदेखि हालको पब्लिक युथ क्याम्पसमा नेपाली विषयको प्राध्यापन पेशामा संलग्न भएको देखिन्छ ।[३७] यही समयावधिमै साँझ ४ बजेपछि नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानको अनुसन्धान विभागमा काम गर्न थाले । पब्लिक युथ क्याम्पस छाडेपछि २०३० सालदेखि २०३५ सालसम्म मेचीमहाकाली प्रोजेक्टमा काम गर्न थाले ।[३८] त्यसपछि २०३६ सालदेखि २०६० सालसम्म त्रिचन्द्र कलेजमा नेपाली विषयमा प्राध्यापन गरेको देखिन्छ ।

यसरी पब्लिक युथ क्याम्पसमा रहँदा होस् वा प्रज्ञा प्रतिष्ठानमा रहँदा होस् तथा त्रिचन्द्र कलेजमा रहँदा होस् वा मेचीमहाकाली प्रोजेक्टमा रहँदा होस् उनले सबैतिर आफ्नो क्षमता र कौशल देखाउँदै आएको देखिन्छ ।[३९] आफ्नो विद्वतापूर्ण पठनपाठनका कारणले गर्दा त्रिचन्द्र क्याम्पसमा पढ्ने विद्यार्थीहरूका बीचमा उनी आदरणीय र स्मरणीय गुरुका रूपमा स्थापित हुँदै आएका छन् ।

### २.१.९ भ्रमण

भ्रमणलाई शोख र ज्ञानआर्जनको महत्त्वपूर्ण माध्यम मान्ने पुष्कर लोहनीले विभिन्न अवसरमा देशविदेशको भ्रमण गरेका छन् । २०३० देखि २०३५ सालसम्म मेचीमहाकाली प्रोजेक्टमा काम गर्दा देशका करिव ६५ जिल्लाको भ्रमण गर्न पुगेको देखिन्छ ।[४०] त्यस्तै मित्रराष्ट्र भारतका खर्साङ, दार्जिलिङ, कलकत्ता, दिल्ली, लखनऊ र पटनाजस्ता प्रमुख-प्रमुख सहरको पनि भ्रमण गरेका छन् । त्यसैगरी २०५६ सालमा आएर लोहनीले अमेरिकाको पनि भ्रमण गरिसकेका छन् । उनलाई नेपालका ७५ वटै जिल्लाको भ्रमण गर्ने रहर रहेको छ । नेपालका अधिकांश भागहरूमा गरिएको भ्रमणबाट उनले स्वदेशको सामाजिक जीवनपद्धति र परम्पराको अनुभव बटुल्न पाएका छन् भने विदेश भ्रमणबाट पनि उनले अन्तर्राष्ट्रिय जगतका बारेमा जानकारी हासिल गर्ने अवसर पाएका छन् । यसरी उनले स्वदेश तथा विदेशको भ्रमणबाट अनेक अनुभवहरू सँगालेका छन् र तिनलाई आफ्ना सिर्जनामा पनि सजाउन सफल भएका छन् ।[४१]

### २.१.१० व्यक्तिगत रुचि र स्वभाव

पुष्कर लोहनीका आफ्नै प्रकारका रुचि र स्वभावहरू रहेका छन् । बाल्यकालदेखि नै पढ्ने तथा लेख्ने एवम् चिन्तन मनन गर्ने रुचि भएका लोहनीको जीवन शिक्षण कार्य र लेखनमा नै बितेको छ । जागीर र संघसंस्थाहरूको कार्यक्रममा जतिसुकै व्यस्त रहनु परे पनि थोरै समय निकालेर भए पनि लेखन कार्यमा लाग्न उनी रुचाउँछन् । आफ्नो पेशाबाहेक उनी सङ्गीत सुन्न र यौनजन्य कलाको अध्ययन गर्न मन पराउँछन् । बाहिर हिड्दा सर्टपाइन्टमा सजिएर हिड्न मन

---

[३७] ऐजन ।

[३८] ऐजन ।

[३९] ऐजन ।

[४०] ऐजन ।

[४१] ऐजन ।

पराउने लोहनी घरमा बस्दा खाना बनाउन पनि त्यत्तिकै रुचाउँछन् ।[४२] प्रकृतिमा बढी मन बहलाउन चाहने लोहनी वस्तुतः अध्ययन र अनुसन्धानमा नै विशेष रुचि राख्छन् । उनी कसैको चाकरी गर्दैनन् र चाकरी गर्ने व्यक्तिलाई पटक्कै मन पराउँदैनन् ।[४३]

लोहनी यथाशक्य कसैको अहित र अप्रिय कार्य नगर्ने मानवीय स्वभावका छन् । नम्रता र उदारता उनका व्यक्तित्वका विशिष्ट गुणहरू हुन् । त्यसैगरी उनी बोलक्कड स्वभावका छन् । आफ्ना अनुभवहरूलाई धाराप्रवाह रूपमा अरूका अगाडि राख्न सक्नु उनको निजी वैशिष्ट्य हो । यही स्वभावका कारण नै उनले निर्वाध गतिमा मनका भावहरूलाई आफ्ना विभिन्न खाले कृतिहरूमा सजाउन सकेका छन् ।

### २.१.११ साहित्य सृजनाका लागि प्रेरणा र प्रभाव

पुष्कर लोहनी काठमाडौँको पद्मोदय हाइस्कुलमा पढ्दा त्यहाँको खुल्ला वातावरणमा विभिन्न विषयवस्तु भएका पत्रपत्रिकाहरू पढ्दा पढ्दै विद्यार्थी जीवनदेखि नै साहित्य सृजना गर्न मन गरिरहन्थे । उनी ८/९ कक्षामा पढ्दापढ्दै घरायसी वातावरणदेखि वाक्क भएर उनका बाबुले पुस्तौली घर छाडेर बाहिर निस्किए पछि गोविन्दप्रसाद लोहनीको घर धोबीधारामा बस्दा उनै घरमालिक पढेलेखेका बौद्धिक व्यक्तित्व भएकोले पुष्करलाई पनि पढाउने गर्थे । गोविन्दले उनलाई बीचबीचमा पढाउँथे तर पढाइमा भन्दा बढी जोड राजनीति, साहित्य, यौन र दर्शनका विषयमा व्याख्यान दिन्थे ।[४४] यिनै लोहनीको प्रेरणाबाट साहित्य लेखनतर्फ पुष्कर उन्मुख भएका हुन् । किशोरावस्थामा पैदा भएको यही सृजनात्मक चेतनाबाट प्रेरित र प्रभावित भएका पुष्करले युवावस्थादेखि आफूलाई सृजनामा प्रवृत्त गराएका हुन् । किशोरावस्थामा सहपाठी साथीहरूका बीच रमाइला-रमाइला कथा, कविता, लेख, निबन्धहरू लेखेर उनले सृजनाको पूर्वाभ्यास गरेका हुन् । यसै पृष्ठभूमिमा उनी युवावस्थामा आइपुग्दा सृजनकर्ममा प्रवृत्त हुँदै गएको देखिन्छ ।

वास्तवमा पुष्कर लोहनीलाई साहित्यिक प्रेरणा प्रथमतः घरबाटै मिलेको देखिन्छ । उनका पिता होमप्रसाद सरकारी कर्मचारी भएकाले उनलाई विभिन्न कुराहरू सोध्न र बुझ्न साहित्यकार, पत्रकार, समालोचकहरू बरोबर आइरहन्थे र साहित्यको चर्चा परिचर्चा पनि गरिरहन्थे ।[४५] त्यसबाट समेत प्रभावित भएर लोहनी आफ्ना अन्तर्हृदयमा रहेका वास्तविक मर्महरूलाई आफ्ना सृजनामा अभिव्यक्त गर्न प्रयत्नशील हुँदै गए । यसरी पुष्कर लोहनीको भित्री हृदय किशोरावस्थादेखि नै सृजनातर्फ अभिप्रेरित हुँदै गएको देखिन्छ ।

### २.१.१२ सृजनाको प्रारम्भ र प्रकाशनको थालनी

पुष्कर लोहनीको सृजनाको पूर्वाभ्यास स्कुले जीवनमै विद्यालयमा लेखिने साहित्यिक लेख, कथा तथा कविताबाट प्रारम्भ भएको थियो । सुरुका दिनमा आफू नाटककार बन्ने अभिप्राय बोकेर २०११ सालतिर सर्वप्रथम नाटक लेख्ने प्रारम्भ गर्ने लोहनी पछि गएर कवि, कथाकार र आलोचक

---

[४२] ऐजन ।

[४३] ऐजन ।

[४४] पुष्कर लोहनी, 'साहित्यका निम्ति .........' **रूपरेखा** (व. १०, अ. ४, २०२६), पृ. ९३ ।

[४५] पूर्ववत् ।

बन्न पुगे ।[४६] उनको औपचारिक सृजनयात्रा भने २०१६ सालदेखि सुरु भएको देखिन्छ । यसै वर्ष त्रिचन्द्र कलेजबाट निस्कने **ज्योति** पत्रिकामा उनको 'चिसो चूल्हो तातो खरानी' शीर्षकको कथा प्रकाशित भएको देखिन्छ । यसरी कथा विधाबाट लोहनी नेपाली साहित्यमा प्रवेश गरेको देखिन्छ । त्यसपछि उनका कथाहरू, कविताहरू, लेखहरू, आलोचनाहरू, समीक्षाहरू तथा अनुसन्धानमूलक लेखहरू पनि अनवरत रूपमा हालसम्म नै प्रकाशित हुँदै आइरहेका छन् ।[४७] उनका पुस्तकाकार कृतिका रूपमा **चमकदार मइन्टोल र पिलपिले लालटिन** (२०३७) समालोचनात्मक कृति, **कौडी** (२०४०) कविता सङ्ग्रह, **पाँचसय वर्ष सुन हो कि घुन** (२०३९) आलोचना तथा सहलेखनको **आकास विभाजित छ** (२०४२) उपन्यास पनि प्रकाशित छन् । उनका कथाहरूको सङ्गालो भने अझै पनि निस्कन सकेको देखिँदैन ।

### २.१.१३ जीवनदर्शन र साहित्यिक मान्यता

पुष्कर लोहनी पूर्वीय आदर्शबाट प्रेरित भएर पनि बदलिदो परिवेशबाट भने उम्किन सकेका छैनन् । उनी सरस्वतीको पूजा गर्दछन् तर स्वर्ग र नरक जाने कुरामा उनको चिन्तन अलि भिन्नै छ । स्वर्ग र नरक भन्ने कुरा जीवित अवस्थामा मात्रै भोग्न पाइन्छ भन्दै राम्रो काम गर्नु स्वर्ग र नराम्रो काम गर्नु नरक जानु हो भन्ने अभिमत प्रकट गर्दछन् ।[४८]

हरेक मान्छे स्वावलम्बी र स्वाभिमानी हुनुपर्छ, नैतिकता र सत्चरित्रता नै मानिसको सबभन्दा ठूलो गुण हो, आजका नेता, समाजसेवी, सामाजिक कार्यकर्ता तथा राजनैतिक कार्यकर्तामा नैतिकता र सत्चरित्रता नै छैन भन्दै अहिले देश भ्रष्टाचारको भूमरीमा परिरहेको छ भन्ने राष्ट्रप्रतिको चिन्तन उनमा पाइन्छ ।[४९] उनी दुष्कर्म तथा अन्य व्यक्तिलाई सताएर कमाएको वैभवलाई घृणा गर्दै आफ्नो परिश्रम र मेहनतले कमाएको पीठो र ढिंडो भए पनि मीठोसँग खानुपर्छ भन्ने सोचाइ राख्दछन् ।[५०]

साहित्य समाजको ऐना हो । साहित्यस्रष्टाले आफ्नो अन्तश्चक्षुले देखेका, भोगेका, सुनेका र अनुभव गरेका कुरालाई साहित्यमा परिणत गर्दछ । त्यसैले कला र साहित्य जीवनमुखी हुनुपर्छ भन्ने धारणा राख्ने पुष्कर लोहनी साहित्यलाई मानवजीवनलाई गति दिने साधनका रूपमा स्वीकार्दछन् ।[५१] समाज र साहित्यका बीच तादात्म्य सम्बन्ध रहनुपर्छ तर साहित्यलाई राजनीतिबाट चाहिँ मुक्त राख्नुपर्छ भन्ने उनको दृष्टिकोण रहेको छ । साहित्य मनोरञ्जनको साधन मात्र होइन । त्यसैले सर्जकहरूले आफूले गर्न आँटेको सृजना कसका लागि र के उद्देश्यका लागि लेखिने हो, त्यो ठीकसँग थाहा पाएको हुनुपर्छ भन्ने लोहनीको सोचाइ छ । उनी साहित्य दीर्घजीवी, मर्मस्पर्शी र उपयोगी हुनुपर्दछ भन्दछन् ।[५२]

---

[४६] ऐजन ।

[४७] ऐजन ।

[४८] ऐजन ।

[४९] ऐजन ।

[५०] ऐजन ।

[५१] ऐजन ।

[५२] ऐजन ।

### २.१.१४ पुस्तक तथा पत्रपत्रिकाको सम्पादनमा संलग्नता

पुष्कर लोहनीले आफ्नो विद्यार्थी जीवनदेखि नै पुस्तक तथा पत्रपत्रिकाको सम्पादन कार्य गर्न थालेको बुझिन्छ । त्रिचन्द्र कलेजमा अध्ययन गरिरहेका बखत वि.सं. २०१७ सालमा उनले **बगैचा** नामक पत्रिकाको सञ्चालन तथा सम्पादन गरेको बुझिन्छ ।[५३] त्यसपछि **नयाँ कविता, बिम्ब** जस्ता पत्रिकाको सम्पादन कार्यमा पनि उनको सर्वोपरि योगदान रहेको देखिन्छ । त्यस्तै माध्यमिक कालका केन्द्रीय कवि मोतीराम भट्टद्वारा रचित **पञ्चक प्रपञ्च** नामक कृतिको पनि लोहनीले सम्पादन गरी प्रकाशमा ल्याएका छन् । यसै गरी माध्यमिककालीन कवि वीरेन्द्रकेसरी अर्याल तथा श्रीगणेशजी शर्माद्वारा रचित **वेसरी** नामक कृतिको सम्पादन गरी उनले प्रकाशमा ल्याएका छन् । त्यस्तै **ऋतुवर्णन तथा समस्यापूर्ति** को पनि लोहनीले सम्पादनकार्य गरेको बुझिन्छ ।[५४]

## २.२ व्यक्तित्वगत परिचय

### २.२.१ शारीरिक व्यक्तित्व

कुनै पनि व्यक्तिको व्यक्तित्व निर्माणमा उसको पारिवारिक पृष्ठभूमि, आर्थिक अवस्था, शिक्षा-दीक्षा, पेशा, आफू हुर्केको ठाउँको वातावरण आदिको भूमिका रहन्छ र त्यसैका आधारमा उसको जीवनप्रतिको दृष्टिकोण बन्दछ । प्रत्येक मान्छेको शारीरिक व्यक्तित्व पनि फरक-फरक तरिकाले निर्माण भएको हुन्छ । बाल्यकालको खानपान, स्याहार-सम्भारबाट प्रशस्त रूपले मानिसको व्यक्तित्व प्रभावित हुने गर्दछ ।

पुष्कर लोहनी झट्ट हेर्दा गहुँगोरो वर्ण, मिलेको अनुहार, काला आँखा, सलक्क मिलेको नाक, अलिअलि केस झरेको र हल्का फुलेको, हँसमुखा देखिन्छन् । पुष्कर लोहनी करिब ५फिट, ५ इन्च अग्ला, लगभग ६५ किलो तौलका, गम्भीर मुखमुद्रा तथा खुलेको उच्च निधार भएका आकर्षक व्यक्तित्वका धनी जस्ता देखिन्छन् ।[५५] उनले हरेक दिन चट्ट पारेर दाह्री खौरने र समय-समयमा केश मिलाउने तथा खैरो, खरानी रङ्का र सेता रङ्का सफा सुग्घर कपडा लगाउने गर्दछन् ।[५६] उनको लवाइ-खवाइ तथा बोलीबचनलाई हेर्दा सहयोगी र मिलनसार देखिन्छन् । उनी परिश्रमी र कर्मठ जीवन बिताउन रुचाउँछन् । खरो स्वभाव भएका, छलकपट र धूर्त प्रवृत्तिका विरोधी पुष्करले आदर्शलाई भन्दा यथार्थ र वास्तविकतालाई बढी मन पराउँछन् ।[५७] उनी कसरी कमाउने र के गरेर व्यवहार चलाउने भन्ने कुरामा भन्दा नेपाली भाषा र साहित्यको विकासप्रति बढी चिन्तित देखिन्छन् ।

### २.२.२ व्यक्तित्वका विभिन्न पक्षहरू

पुष्कर लोहनीले आफ्नो लामो जीवनयात्राका क्रममा आफ्नै प्रकारको व्यक्तित्व निर्माण गरेका छन् । उनले साहित्यकार, प्राध्यापक र अनुसन्धानमूलक व्यक्तित्व बोकेका छन् । उनका यिनै विभिन्न व्यक्तित्वलाई तल क्रमशः प्रस्तुत गरिन्छ -

---

[५३] ऐजन ।

[५४] ऐजन ।

[५५] ऐजन ।

[५६] ऐजन ।

[५७] ऐजन ।

### २.२.२.१ सामाजिक व्यक्तित्व

पुष्कर लोहनी सामाजिक परिवेशभित्र रमेका व्यक्ति हुन् । सामाजिक रीतिस्थिति, चालचलनभन्दा बाहिर रहेर व्यक्तिको आफ्नो प्रवृत्ति अनुरूप व्यक्तित्व विकास नहुने विश्वास राख्ने लोहनी किशोरावस्थादेखि नै प्रत्यक्ष वा परोक्ष रूपमा समाजको कल्याणकारी कार्यमा क्रियाशील बन्दै आइरहेका छन् । सामाजिक क्षेत्रमा काम गर्न पाउँदा निकै आनन्द आउँछ भनी प्रस्तुत हुन चाहने लोहनीले आफ्नै घरमा बोर्डिङ हाइस्कुल चलाउँदा पनि पैसा आर्जन गर्ने भावनाले मात्र होइन, सेवाका भावनाले पनि हेर्ने गरेको कुरा व्यक्त गर्दछन् । मेचीमहाकाली प्रोजेक्टमा रहेर नेपालका विभिन्न जिल्लाहरूमा काम गर्दा जनताको जीवनस्तर उकास्ने कार्यमा सहयोग पुऱ्याएको पनि देखिन्छ । जिल्ला-जिल्लामा हुने विभिन्न सामाजिक, साहित्यिक तथा शैक्षिक कार्यहरूमा आफ्नो कामबाट फुर्सद हुँदा सक्रिय रूपमा संलग्न हुने गर्दथे ।[५८] समाजको विकास निर्माण तथा कल्याणकारी कार्यमा पुष्कर लोहनी सुरुदेखि आजसम्म कुनै न कुनै रूपमा संलग्न हुँदै आइरहेका पाइन्छन् । सहर-बजार, गाउँघर वरिपरिका सामाजिक काममा अग्रणी भूमिका खेल्ने लोहनीले समाज र साथीभाइबीच तथा अन्य समूहबीच आफ्नो एक छुट्टै सामाजिक व्यक्तित्व कायम गरेका छन् ।[५९]

### २.२.२.२ प्राध्यापक व्यक्तित्व

पुष्कर लोहनी एक विद्वान् प्राध्यापकका रूपमा पनि सुपरिचित छन् । “शिक्षाको उद्देश्य नैतिकवान् चरित्र तयार गर्नु हो” भन्ने आदर्श राखी पठनपाठनमा संलग्न लोहनीले २०३५ सालदेखि २०६० सालसम्म लगातार रूपले प्राध्यापन कार्य गरेको देखिन्छ ।[६०] नेपाली भाषा साहित्यमा उच्च शिक्षा (एम.ए.) उत्तीर्ण गरी प्राध्यापन पेशामा प्रवेश गरेका लोहनीले त्रि.वि. अन्तर्गतका पब्लिक युथ क्याम्पस र त्रिचन्द्र कलेजमा नेपाली विषयको प्राध्यापन गरेका हुन् । विषयवस्तुको रोचक प्रस्तुति गर्न सक्ने र धाराप्रवाह रूपमा प्रवचन दिनसक्ने शक्ति र सामर्थ्य उनमा छ ।[६१] उनमा अन्तर्निहित यही विशेषताका कारण उनी आफ्ना विद्यार्थीहरूका माझमा विद्वान् प्राध्यापकका रूपमा सम्मानित रहेका छन् ।

### २.२.२.३ साहित्यकार व्यक्तित्व

२०११ सालदेखि नै साहित्य साधनामा लागेका पुष्कर लोहनीले आजसम्म पनि साहित्यानुरागी एवम् कुशल लेखक व्यक्तित्व निर्माणमा सक्षम रहेका देखिन्छन् । २०१६ सालमा त्रिचन्द्र कलेजबाट प्रकाशित हुने **ज्योति** पत्रिकामा प्रकाशित ‘चिसो चूल्हो तातो खरानी’ शीर्षकको कथाबाट औपचारिक रूपमा नेपाली साहित्यमा प्रवेश गरेका लोहनीले हालसम्म नेपाली साहित्यका कथा, कविता, लेख र समालोचनाका क्षेत्रमा कलम चलाएका छन् ।[६२] साहित्यिक क्षेत्रका विविध विधामा कलम चलाएका हुनाले उनको साहित्यिक व्यक्तित्व बहुमुखी देखापर्दछ ।

---

[५८] ऐजन ।

[५९] पुष्कर लोहनीका छिमेकी रामबाबुबाट प्राप्त जानकारी ।

[६०] साहित्यकार पुष्कर लोहनीबाट प्राप्त जानकारी ।

[६१] पुष्कर लोहनीले पढाएका विद्यार्थीहरूबाट प्राप्त जानकारी ।

[६२] घटराज भट्टराई, **नेपाली साहित्यकार परिचय कोश** (काठमाडौं : नेसनल रिसर्च एसोसिएसन, २०५१), पृ. २७७ ।

### २.२.२.३.१ **कवि व्यक्तित्व**

२०१७ सालमा काठमाडौँबाट प्रकाशित हुने **इन्दु** मासिक पत्रिकामा 'परिस्थिति' नामक कविता प्रकाशित भएपछि पुष्कर लोहनीको कवितायात्रा सुरु भएको देखिन्छ ।[६३] त्यसपछि उनका कविताहरू स्थानीय एवम् राष्ट्रिय स्तरका विविध पत्रपत्रिकामा प्रकाशित हुन पुग्छन् । लोहनीका केही फुटकर कविताहरूको सङ्गालो २०४० सालमा **कौडी** नामबाट प्रकाशित भएको छ । यस सङ्ग्रहमा पुष्करका लामाछोटा गरी जम्मा ३४ वटा कविताहरू सङ्कलित छन् । ती कविताहरूमध्ये कुनै १०/१२ हरफका छन् भने कुनै ३/४ पृष्ठका पनि छन् । उनको यस कवितासङ्ग्रहको प्राक्कथन लेख्ने क्रममा अभि सुवेदीले पुष्करको कवित्वले उज्ज्वल भविष्यको सङ्केत गरेको छ भनेका छन् ।[६४]

पुष्करले कविता लेखनमा परम्परागत शैलीभन्दा पनि नवीन शैलीलाई अङ्गीकार गरेको देखिन्छ । प्रायः उनका कविताहरू प्रयोगवादी शैलीमा आधारित छन् । उनका कवितासङ्ग्रहभित्रका कविताहरू र अन्य फुटकर कविताहरूले सामाजिक, आर्थिक, राजनैतिक र साहित्यिक क्षेत्रमा देखापरेका यौनजन्य विसङ्गतिहरूप्रति व्यङ्ग्य प्रहार गरेका छन् । उनका प्रायः सबै कविताहरू मुक्त छन्दमा लेखिएका छन् । उनी गद्य कवि हुन् तापनि कतिपय कविताहरूमा लयात्मकता पाइन्छ ।[६५] आफ्नो जीवनमा देखेभोगेका र अनुभव गरेका कुराहरूलाई वास्तविक रूपमा आफ्ना कवितामा उतार्न सक्नु उनको विशेषता हो । भावगत अस्पष्टता, अड्बाङ्गो अभिव्यक्ति, सामाजिक विसङ्गतिप्रतिको बोध र मानवीय सचेतता उनका कवितागत वैशिष्ट्य हुन् । यिनै तथ्यहरूका आधारमा लोहनीको कविव्यक्तित्वको छुट्टै पहिचान देखिन्छ ।

### २.२.२.३.२ **कथाकार व्यक्तित्व**

त्रिचन्द्र कलेजबाट प्रकाशित हुने **ज्योति** पत्रिकामा २०१६ सालमा 'चिसो चूल्हो तातो खरानी' शीर्षकको कथा प्रकाशित भएपछि पुष्कर लोहनीको कथायात्रा सुरु हुन्छ । यस कथाबाट कथा क्षेत्रमा मात्र नभई समग्र नेपाली साहित्यमै प्रवेश गरेका लोहनीले सामाजिक परिवेश र यौनलाई अङ्गालेर कथा लेखेका छन् । उनको सफल कथाकार व्यक्तित्वलाई चिनाउनको लागि २०१६ सालदेखि हालसम्म विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित कथाहरू नै यथेष्ट रहेका छन् । ती फुटकर कथाहरूका माध्यमबाट लोहनीले समाजमा देखिएका विकृति, विसङ्गति, शोषण, दमन, अन्याय, अत्याचार तथा यौनजन्य पक्षको पनि उद्घाटन गरेका छन् ।

उनका कथाहरूमा यौनजन्य विकृति, वर्णनमा यथार्थता, चरित्रहरूको उपयुक्त उतारचढाव तथा पात्रहरूमा सजीवता पाइन्छ । उनका कथाहरूले पाठकका मनमा अनायासै कौतूहल एवम् रुचिको सृजना गरिदिन्छन् । जसले गर्दा उनका कथा पढ्न सुरु गरेपछि पाठकमा सिध्याउनको हतार हुन्छ । घटनाको तारतम्य तथा वर्णनको स्वाभाविकताले प्रत्येक कथालाई बढी रुचिकर

---

[६३] साहित्यकार लोहनीबाट प्राप्त जानकारी ।

[६४] अभि सुवेदी, 'भूमिका', **कौडी**, (काठमाडौं : प्रजेन्द्र प्रकाशन, २०४०), पृ. छ ।

[६५] ऐजन, पृ. च ।

बनाएको हुनाले उनको कथाकारिता प्रभावकारी रहेको छ । यसरी लोहनीले आफ्नो कथाकार व्यक्तित्वलाई प्रभावकारी बनाएका छन् ।

**२.२.२.३.३ समालोचक व्यक्तित्व**

पुष्कर लोहनीले नेपाली साहित्यको अति गहन विषय समालोचनामा समेत कलम चलाएका छन् । लोहनीले यस क्षेत्रमा कलम चलाएर नेपाली साहित्यमा थप उर्जा दिने काम गरेका छन् । उनको पहिलो समीक्षात्मक रचना 'सर्पदंश' हो ।[६६] त्यसपछि भने उनका प्रशस्त फुटकर समालोचनाहरू प्रकाशित भएका छन् । उनका यी समालोचनात्मक लेखहरू **आरती**, **उन्नयन**, **समाचारपत्र**, **नयाँ समाज** आदि पत्रपत्रिकाहरूमा छरिएर रहेका छन् । लोहनीका फुटकर समालोचनाका अतिरिक्त दुईवटा पुस्तकाकार कृतिहरू प्रकाशित भइसकेका छन् । उनको पहिलो पुस्तकाकार समालोचनात्मक कृति **चमकदार मइन्टोल र पिलपिले लालटिन** (२०३७) हो भने अर्को कृति **पाँचसय वर्ष सुन हो कि घुन** ? (२०३९) हो ।[६७]

पुष्कर लोहनीका समालोचनात्मक लेख तथा टिप्पणीहरू कतिपय सन्दर्भमा आवेग, भावुकता र मनोगत धरातलका उपजका रूपमा देखा पर्दछन् भने कतिपय सन्दर्भमा तर्कपूर्ण पनि देखिन्छन् । उनको समालोचना निर्भिक खालको छ । कुनै रिसाओस् कि खुसाओस् उनलाई पर्वाह छैन । आफूलाई लागेको कुरा स्पष्टसँग राख्नु उनको विशेषता हो ।[६८] उनका समालोचनाहरूले समालोचकीय धर्मिता र पद्धतिलाई अँगाल्न नसकेकाले समालोचना टिप्पणीमूलक प्रतिक्रिया बन्न पुगेका छन् । विवादास्पद प्रवृत्तिले गर्दा पुष्कर लोहनीका समालोचनात्मक टिप्पणीहरूले समालोचनाको धर्मितालाई भन्दा व्यक्तिगत आग्रहलाई बढी महत्त्व दिएको तथ्य पनि देखा पर्दछ । यिनै कुराहरूले लोहनीको समालोचकीय व्यक्तित्व स्थापित भएको देखिन्छ । यसरी हेर्दा उनको समालोचक व्यक्तित्व अन्य विधाभन्दा बढी तिक्खर भएको देखिन्छ ।

**२.२.२.३.४ सम्पादक व्यक्तित्व**

पुष्कर लोहनीले आफूलाई सृजनात्मक लेखनमा मात्र सीमित नराखी सम्पादक क्षेत्रमा समेत विस्तार गरेका छन् । उनले सुरुसुरुमा पत्रपत्रिकाको सम्पादन गरी पछि गएर पुस्तकाकार कृतिको समेत सम्पादन गरेका छन् । लोहनीले विद्यार्थी जीवनमै **बगैचा** (२०१८), **नयाँ कविता** (२०२१), **बिम्ब** (२०२४) जस्ता पत्रिकाहरूको सम्पादन गरेको देखिन्छ ।[६९] त्यसैगरी लोहनीले **पर्यायवाची शब्दकोश** (२०३०), **पञ्चक प्रपञ्च** (२०३८), **वेसरी** (२०४७), र **ऋतुवर्णन तथा समस्यापूर्ति** (२०४७) जस्ता पुस्तकाकार कृतिहरूको पनि सम्पादन गरेका छन् ।[७०]

यसरी पुष्कर लोहनीको साहित्यिक व्यक्तित्व केबल लेखन पक्षमा मात्र सीमित नरही नेपाली साहित्यका महत्त्वपूर्ण साहित्यकारहरूका साहित्यिक सामग्रीहरूको खोज अनुसन्धान गरी तिनीहरूको सम्पादन गर्नुमा पनि त्यत्तिकै सक्रिय देखिन्छ ।

---

[६६] साहित्यकार लोहनीबाट प्राप्त जानकारी ।

[६७] तारानाथ शर्मा, **नेपाली साहित्यको इतिहास**, ते.सं. (काठमाडौं : नवीन प्रकाशन, २०५१), पृ. १७६ ।

[६८] घटराज भट्टराई, **नेपाली साहित्यकार परिचय कोश**, (काठमाडौं : नेपाल रिसर्च एसोसियट्स, २०५१), पृ. १७७ ।

[६९] साहित्यकार लोहनीबाट प्राप्त जानकारी ।

[७०] ऐजन ।

# तेस्रो परिच्छेद

# kis/ nfxgLsf syfofqf / r/0fljefhg

## ३.१ पृष्ठभूमि

१९९८ साल चैत २० गते आइतबारका दिन काठमाडौँको ज्ञानेश्वरमा जन्मिएका पुष्कर लोहनीले राजधानीकै विभिन्न शैक्षिक संस्थाबाट एम.ए. सम्मको अध्ययन गरी लामो समयसम्म अध्यापन कार्य पनि गरेको देखिन्छ। उनको बाल्यावस्थादेखि नै नेपाली भाषा र संस्कृतिप्रति प्रेम र लगाव रहेको देखिन्छ । लामो समयसम्म प्राध्यापन पेशामा लाग्दा पनि उनी नेपाली भाषा र साहित्यको सेवामा अनवरत रूपमा लागिरहे ।[७] उनले विशेषगरी नेपाली समालोचना र कथा विधामा विशेष योगदान पुऱ्याएका छन्।

नेपाली साहित्यका क्षेत्रमा आधा शताब्दी (२०१६- वर्तमानसम्म) भन्दा बढी अवधिको साधनामा कथा, कविता तथा समालोचनाजस्ता विधामा कलम चलाएका लोहनीले पुस्तकाकार कृतिका रूपमा भने एउटा कवितासङ्ग्रह र दुईओटा समालोचनात्मक ग्रन्थ प्रकाशित गरेका छन्। उनका कथाहरू भने अहिलेसम्म पनि फुटकर रूपमै छरिएर रहेका छन् । लोहनी यौनमनोविश्लेषणमा आधारित भएर कथा लेख्ने कथाकार हुन्। जीवनलाई खुल्ला रूपमा हेर्नुपर्ने मान्यता राख्ने लोहनीका कथाहरू पनि यौन उत्तेजना र त्यसले निम्त्याउने कुण्ठाको विश्लेषण गर्न सफल देखिन्छन् भने केही कथाहरूले अश्लीलताको श्रेणी छोएको पनि पाइन्छ । उनले विश्वेश्वरप्रसाद कोइराला, गोविन्द गोठालेजस्ता नेपाली साहित्यकारका साथै धेरैजसो पाश्चात्य साहित्यका पुस्तकहरू पढ्न मन पराउँछन्।

लोहनीले २०१६ सालदेखि अहिलेसम्म आइपुग्दा लगभग तीसओटा जति कथाहरू प्रकाशित गरिसकेका छन् । उनले कविता समालोचनाका साथै अरू थुप्रै विचारपरक लेख रचनाहरू पनि प्रकाशित गरेका छन् । विभिन्न पत्रपत्रिकाहरूमा छरिएर रहेका कथाहरूको सूचीलाई यसप्रकार दिन सकिन्छ :

| क्र.सं. | कथाको नाम | पत्रिका | प्रकाशन वर्ष | अङ्क |
|---|---|---|---|---|
| १. | चिसो चूल्हो तातो खरानी | **ज्योति** | २०१६ | २ |
| २. | मैनबत्ती र मुखुन्डो | **इन्दु** | २०१७ | ४ |
| ३. | मुतको न्यानो | **शक्ति** | २०१७ | १ |
| ४. | चेतन मन अचेतन विचार | **हिमानी** | २०२० | १ |
| ५. | मर्छ जन्मन्छ यौटा मान्छे विरोधाभासमा | **रूपरेखा** | २०२२ | ११ |
| ६. | अतृप्त छाँया (अप्राप्त) | **दैलो** | २०२३ | |
| ७. | लहर फुस्किएको अवस्थामा | **मधुपर्क** | २०२६ | ७ |

[७] ऐजन।

| | | | | |
|---|---|---|---|---|
| ८. | गुजुल्टो | **मधुपर्क** | २०२७ | २ |
| ९. | ओभ्केल परेको छाँया | **मधुपर्क** | २०३० | १ |
| १०. | भेलभित्रको फोका | **मधुपर्क** | २०४४ | ११ |
| ११. | फर्सीको भ्कोल | **नियोजन** | २०४५ | २ |
| १२. | मौन इच्छा | **त्रिरत्न** | २०४५ | १ |
| १३. | उत्तेजित म्वाइँ | **समष्टि** | २०४५ | १८ |
| १४. | मेरो राजा | **त्रिरत्न** | २०४९ | ४ |
| १५. | डरभित्रको स्वरूप | **समागम** | २०५० | १ |
| १६. | उत्तेजित घेरा | **समकालीन साहित्य** | २०५० | ४ |
| १७. | साभ्का गुफा | **समागम** | २०५१ | १ |
| १८. | उकालो र ओरालो (अप्राप्त) | **योषा** | २०५१ | ४ |
| १९. | आफ्नै रगत | **योषा** | २०५१ | ७ |
| २०. | क्रमभित्रको भीड | **गरिमा** | २०५४ | २ |
| २१. | नाङ्गो अस्तित्व | **युवामञ्च** | २०५९ | असोज |
| २२. | कपडाका भ्कुम्राहरू | **मधुपर्क** | २०६० | |
| २३. | कोरिएको पाइला | **मिर्मिरे** | २०६४ | वैशाख |
| २४. | खै .... | **अन्तर्दृष्टि** | | |
| २५. | बँदेलको मासु | **अन्तर्दृष्टि** | | |
| २६. | अनुहारको छाँया | रा.बा. बैङ्क **स्मारिका** | | |
| २७. | बौलाही | **अन्तर्दृष्टि** | | |
| २८. | माइली | **दायित्व** | २०६६ | |
| २९. | शङ्काको पोको | **गरिमा** | २०६६ | |

## ३.२ चरणविभाजन

२०१६ सालमा **ज्योति** पत्रिकामा सर्वप्रथम 'चिसो चूल्हो तातो खरानी' शीर्षकको कथा प्रकाशित गरेपछि पुष्कर लोहनीले आफ्नो साहित्यिक यात्राको सुरुवात गर्दै कथाकारका रूपमा परिचित बन्न पुगेको देखिन्छ । त्यसपछि वर्तमान समयसम्म आइपुग्दा नेपाली कथाको क्षेत्रमा उनले आधा शताब्दी नै बिताइसकेका छन् । यस समयावधिमा लोहनीका लगभग तीसभन्दा बढी कथाहरू प्रकाशित भइसकेका छन् । उनका प्रकाशित कथाहरू अहिलेसम्म पनि विभिन्न पत्रपत्रिकाहरूमा छिरलिएर रहेका छन्, तिनले पुस्तकको आकृति पाउन सकेका छैनन् । उनका

यिनै फुटकर कथाकृतिहरूलाई आधार मानेर उनको कथागत साहित्यिक यात्रालाई मूलतः दुई चरणमा विभाजन गरी अध्ययन गर्न सकिन्छ :

(क) पहिलो चरण (वि.सं. २०१६-२०३० सम्म)

(ख) दोस्रो चरण (वि.सं. २०३१-वर्तमान सम्म)

### ३.२.१ पहिलो चरण (२०१६–२०३० सम्म)

२०१६ सालको **ज्योति** पत्रिकामा 'चिसो चूल्हो तातो खरानी' शीर्षकको कथा प्रकाशित भएपछि पुष्कर लोहनी कथाकारका रूपमा मात्र परिचित नभई साहित्यकै क्षेत्रमा प्रथम पटक प्रवेश गर्न पुगे । उनका यस चरणमा नौओटा कथाहरू प्रकाशित भएका छन् । उनका यस चरणमा प्रकाशित कथाहरूको यसप्रकार उल्लेख गर्न सकिन्छ :

१. चिसो चूल्हो तातो खरानी

२. मैनबत्ती र मुखुण्डो

३. मुतको न्यानो

४. चेतन मन अचेतन विचार

५. मर्छ जन्मन्छ एउटा मान्छे विरोधाभासमा

६. अतृप्त छाँया

७. लहर फुस्किएको अवस्थामा

८. गुजुल्टो

९. ओझेल परेको छाँया

पुष्कर लोहनीको कथाकारिताको प्रथम चरणमा प्रकाशित कथाहरूमा मुख्य रूपमा यौनलाई नै विषयवस्तु बनाइएको छ । नारी र पुरुषका यौनसम्बन्धी इच्छा र आकाङ्क्षाहरूको चित्रण गर्दै यौनेच्छा पूरा हुन नसक्दा देखिने विकार र कुण्ठाको अवस्थाको पनि चित्रण गरिएको छ । यस चरणका कथामा यौनेच्छा पुरुषमा भन्दा नारीमा तीव्र रूपमा हुने र यो पूरा हुन नसक्दा परिवारमा अनेक किसिमका समस्याहरू देखा पर्ने कुरा औंल्याइएको छ । यस्ता कथामा यौन भन्ने कुरा प्राकृतिक भएकोले यसलाई सहज रूपमा पूरा गर्नुपर्ने कुरा औंल्याइएको छ ।

त्यसैगरी यस चरणका उनका कथाको विषयवस्तु पारिवारिक समस्यामा केन्द्रित रहेको देखिन्छ । नारी वा पुरुषका यौनेच्छा सहज रूपमा पूरा हुन नपाउँदा त्यसले के कस्तो पारिवारिक समस्या निम्त्याउँछ भन्ने कुरालाई यस चरणका कथामा विषयवस्तु बनाइएको पाइन्छ ।

यी कथाहरूमा नारीभन्दा पुरुष पात्रहरूको प्रयोग धेरै गरिएको छ । विशेषगरी अविवाहित किशोर किशोरीहरूका साथै भर्खर मात्र पारिवारिक जीवनमा बाँधिएका दम्पतीहरूको पनि प्रयोग गरिएको छ । सङ्ख्यात्मक रूपमा पुरुष पात्रहरूको प्रयोग बढी भए पनि नारी चरित्रका मनको चिरफारमा केन्द्रित रहनु यस चरणका कथाहरूको विशेषता बनेको छ । यतिबेलाका कथाहरूको परिवेश पनि केही सीमित र साँघुरो बनेको छ । केही कथाहरू एउटा पारिवारिक परिवेशमै सीमित

बन्न पुगेका छन् भने केही कथाहरूमा तत्कालीन सहरीया परिवेशको पनि चित्रण गरिएको छ । आत्मपरक कथनपद्धतिको प्रयोग गर्दै कलात्मक र सौम्य तथा मर्यादित भाषाको प्रयोग गर्नु यति बेलाका कथाको विशेषता बन्न पुगेको छ ।

### ३.२.२ **दोस्रो चरण (२०३१– वर्तमानसम्म)**

पुष्कर लोहनीको कथाकारिताको प्रथम चरण प्रारम्भिक अवस्था भएर पनि तुलनात्मक रूपले बढी उत्कृष्ट र कलात्मक कथाहरू प्रकाशनको समयावधि हो भने दोस्रो चरण बढी कृतिहरूको प्रकाशन हुँदाहुँदै पनि तिनमा धेरथोर मात्रामा अश्लीलताको छाप परेको समयावधि हो । यो चरण लोहनीको कथाकारिताभन्दा पनि समालोचनात्मक व्यक्तित्व बढी हाबी भएको समयावधि हो । यस चरणका कथाहरूको परिवेश बढी व्यापक छ भने शैली पनि अघिल्लो चरणभन्दा फरक छ । परिवेशगत व्यापकता, भाषागत अश्लीलता तथा कथागत सौन्दर्यको तुलनात्मक कमीजस्ता विशेषतालाई आधार बनाएर यो चरण प्रथम चरणभन्दा भिन्न रहन पुगेको देखिन्छ । यस चरणमा प्रकाशित कथाहरूको सूची यसप्रकार उल्लेख गरिन्छ -

१. भेलभित्रको फोका

२. फर्सीको झोल

३. मौन इच्छा

४. उत्तेजित म्वाइँ

५. मेरो राजा

६. डरभित्रको स्वरूप

७. उत्तेजित घेरा

८. साझा गुफा

९. उकालो र ओरालो

१०. आफ्नै रगत

११. क्रमभित्रको भीड

१२. नाङ्गो अस्तित्व

१३. कपडाका झुम्राहरू

१४. कोरिएको पाइला

१५. खै ....

१६. बँदेलको मासु

१७. अनुहारको छाँया

१८. बौलाही

१९. माइली

२०. शङ्काको पोको ।

पुष्कर लोहनीको कथाकारिताको दोस्रो चरणको सुरुवात २०३१ सालदेखि भए पनि त्यसको लामो समयसम्म उनका कथाहरू प्रकाशित भएको देखिंदैन । त्यसपछि एकैपटक २०४४ सालमा 'भेलभित्रको फोका' कथा देखापर्छ । दोस्रो चरणका कथाहरूको मुख्य विषय पनि यौन नै बन्न पुगेको छ । नारी र पुरुषमा देखिएका यौन इच्छाहरूलाई प्रस्तुत गर्दै त्यसको दमनबाट उत्पन्न हुने कुण्ठा वा मानसिक विकारको पनि चित्रण गरिएको छ । त्यस्तै यस चरणका कथाहरूमा यौनको खुल्ला चित्रण गरिएको छ । वैवाहिक जीवनपछि नारी र पुरुषहरू आफ्ना यौनसाथीसँगबाट मात्र यौनसन्तुष्टि लिन सक्दैनन् र बाहिरी साथीहरूको खोजीमा लाग्छन् भन्ने कुरालाई पनि देखाइएको छ ।

यस चरणका कथाहरूमा समलिङ्गी पात्रहरूको पनि प्रयोग देखाइएको छ । समलिङ्गी पात्रसँगको यौनक्रियाकलापबाट पनि सन्तुष्टि लिने तथा यौनको छाडा रूपमा गरिएको प्रयोगले नै यो चरणलाई प्रथम चरणबाट अलग्याएको हो । यस चरणमा महिला पात्रहरूको पनि अत्यधिक प्रयोग गरिएको छ भने परिवेश पनि व्यापक रूपमा देखिएको छ । पश्चिमी सभ्यताको अन्धानुकरणले गर्दा नेपाली शहरी परिवेश कसरी भित्रभित्रै धमिलिन र दूषित बन्न पुगेको छ भन्ने कुरा यस चरणका कथामा पाइन्छ । यौनको छाडा प्रयोग, पति र पत्नी परिवर्तन गर्ने सन्दर्भ, परपुरुष र परस्त्रीसँग सहज रूपमा यौन सम्पर्क गर्ने जस्ता घटनाले शहरी आडम्बर भित्रभित्रै खोक्रो बनेको र पारिवारिक मेलमिलाप भनेको देखावटी मात्र बनेको कुरा देखाइएको छ ।

यसरी लोहनीले यस चरणमा सङ्ख्यात्मक रूपमा बढी कथाहरू प्रकाशित गरेका छन् भने विषयवस्तु र परिवेशलाई पनि अघिल्लो चरणभन्दा व्यापक तुल्याएका छन् । यस चरणमा प्रथम चरणका तुलनामा यौनको खुल्ला प्रस्तुतिले गर्दा केही कथाहरू अश्लील पनि बन्न पुगेका छन् ।

### ३.३ चरणगत प्रवृत्तिहरू

पुष्कर लोहनीको साहित्यिक लेखनयात्राको सुरुआत २०१६ सालमा प्रकाशित कथा 'चिसो चूल्हो तातो खरानी' बाट भएको हो । त्यसपछिको आधा शताब्दीसम्मको समयावधिमा लोहनीले लगभग साढे दुई दर्जनजति कथाहरू प्रकाशित गरिसकेका छन् । यिनका कथाहरू अझै पनि फुटकर रूपमा छिरलिएर रहेका छन् । तिनै प्रकाशित फुटकर कथाहरूको आधारमा यिनको कथायात्रालाई दुई चरणमा विभाजन गरी अध्ययन गरिएको छ । यहाँ लोहनीका यी दुई चरणमा देखापरेका चरणगत प्रमुख प्रवृत्तिहरूलाई केलाइएको छ ।

#### ३.३.१ प्रथम चरणका प्रवृत्तिहरू

पुष्कर लोहनीको कथायात्राको प्रथम चरणमा विभिन्न किसिमका नौओटा कथाहरू प्रकाशित भएका छन् । सङ्ख्यात्मक रूपमा कम भए पनि उनका यस चरणका कथाहरू तुलनात्मक रूपमा बढी उत्कृष्ट र सफल देखिन्छन् । विशेषगरी नारी र पुरुषको यौनजीवनमा केन्द्रित रहेर कथा लेख्नु उनको मुख्य कथागत प्रवृत्ति बनेको छ । यस चरणका कथामा लोहनीले नारी नारीमा हुने ईर्ष्याको भावना, पतिद्वारा तिरस्कृत नारीका जीवनमा यौनको अभावले निम्त्याएको दयनीय अवस्थालाई सफल रूपमा उतारेका छन् । त्यस्तै उनले यौन मानिसको अतिआवश्यक चीज भएकोले यसको सहज रूपमा पूर्ति गर्नुपर्ने, यौनले नातागोता वा सामाजिक

बन्धनलाई स्वीकार नगर्ने कुरालाई पनि घुमाउरो तरिकाले प्रष्ट पारेका छन् । प्रेम र यौन भनेका अलग अलग चीज हुन् भन्दै जन्मनु र मर्नु भनेको जीवनको प्रकृया हो भन्ने कुरा उनका यस चरणका कथामा पाइन्छ ।

सङ्ख्यात्मक रूपले पुरुष पात्रहरूको बढी प्रयोग गरे पनि नारीचरित्रका अन्तर्मनलाई खोतलखातल पार्नु उनको अर्को कथागत प्रवृत्ति हो । उनले विवाहित वा अविवाहित नारी पात्रमा देखिने यौनसुलभ गुणका साथै त्यसले निम्त्याउने कुण्ठाको समेत चित्रण गरेका छन् । त्यस्तै पारिवारिक वातावरणको सानो क्षेत्रलाई परिवेशका रूपमा प्रयोग गर्नु उनको अर्को प्रवृत्ति हो । उनका कथाहरू एउटा परिवारका सदस्यहरूभित्र भएका यौनकुण्ठा र त्यसको पूर्तिका बारेमा सीमित रहेका छन् । सानो क्षेत्रलाई परिवेशमा ल्याए पनि त्यो निकै गहन र सफल बन्न पुगेको देखिन्छ ।

यौनमूलक अश्लीलतालाई सामाजिक बन्धनले थिच्नु उनको कथागत अर्को प्रवृत्ति हो । उनका यस चरणका कतिपय कथाका केही सन्दर्भहरू यौनमूलक अश्लीलतातिर लम्किन खोजे पनि त्यसलाई बलपूर्वक लुकाउन कथाकार सफल भएका छन् । नेपाली समाजमा व्याप्त यौनकुण्ठा र त्यसले निम्त्याएको मानसिक तनावको स्थितिलाई यस चरणका कथाले राम्ररी चित्रण गरेका छन् ।

### ३.३.२ दोस्रो चरणका प्रवृत्तिहरू

पुष्कर लोहनीको साहित्यिक यात्राको दोस्रो चरणमा विभिन्न किसिमका बीसओटा कथाहरू प्रकाशित भएका छन् । यस चरणमा प्रकाशित कथाहरूले पनि पुस्तकाकार रूप लिन सकेका छैनन् र फुटकर रूपमै छिरलिएर रहेका छन् । यस चरणमा पनि लोहनीले यौनमूलक कथाहरू नै लेखेका छन् । यस चरणमा उनका कथाहरूमा यौनलाई अतिसामान्य वस्तुका रूपमा लिने छाडा संस्कारको चित्रण गरिएको पाइन्छ । विशेषगरी पाश्चात्य जीवनशैलीको प्रभावले गर्दा नेपाली सहरीया समाजमा पनि यौनलाई सहज रूपमा लिंदै आएको कुरा उनका कथाहरूमा देखिन्छ । लोग्ने र स्वास्नीको यौनसम्पर्कबाट दुबैजना सन्तुष्ट हुन नसक्ने र परपुरुषको वा परस्त्रीको आवश्यकता पर्ने जस्ता कुराहरूलाई विषयवस्तु बनाउनु उनको यस चरणको प्रवृत्ति बनेको छ । त्यस्तै यस चरणमा आइपुग्दा लोहनीले विपरीत लिङ्गी आकर्षणका साथै समलिङ्गीबाटै यौनतुष्टि पूरा गर्ने किसिमका कथाहरूको रचना गर्न पुगेका छन् । समग्रमा भन्नुपर्दा यौन भनेको खानाजस्तै अति आवश्यक चीज हो र यसलाई जुन रूपमा भए पनि र जसरी भए पनि पूरा गर्नुपर्छ भन्ने छाडा किसिमको अभिव्यक्ति दिनु उनको प्रवृत्ति बनेको छ ।

पुरुष र नारी पात्रहरूको समान रूपमा प्रयोग गर्दै दुबैका यौनचाहनाको चित्रण गर्नु लोहनीको अर्को कथागत प्रवृत्ति हो । यस चरणका कथामा उनले पुरुष र स्त्री दुबै पात्रका यौनआकाङ्क्षाहरूको खुलेर चित्रण गरेका छन् भने समलिङ्गी आकर्षणमा आधारित पात्रहरूको पनि प्रयोग गरेका छन् । त्यस्तै ठूलो क्षेत्रलाई परिवेशका रूपमा चित्रण गर्नु उनको अर्को कथागत प्रवृत्ति हो । यस चरणका कथामा उनले विशेषगरी काठमाडौँ उपत्यकालाई परिवेशका रूपमा

चित्रण गरेका छन् भने अमेरिका, क्यानाडा, जापानजस्ता देशलाई पनि परिवेशका रूपमा उतारेका छन् ।

यौनमूलक अश्लीलतामा जेलिनु उनको यस चरणको अर्को प्रवृत्ति हो । यस चरणका कथाका पात्रहरू खुला रूपमा यौनसम्पर्कको चाहना राख्छन् भने त्यसलाई सहज रूपमै स्वीकार्छन् पनि । पति तथा पत्नी परिवर्तन गर्नु तथा अनेक पात्रसँग यौन चाहना पूरा गर्नुजस्ता घटनाले गर्दा उनका यस चरणका कथाहरू बढी अश्लील बन्न पुगेका छन् । यौनमूलक विषयवस्तुको चित्रण गरे पनि प्रथम चरणमा जस्तो सौम्य र श्लील रूपमा प्रस्तुत गर्न नचाहनु उनको कथागत प्रवृत्ति हो ।

### ३.४ निष्कर्ष

पुष्कर लोहनीले 'चिसो चूल्हो तातो खरानी' (२०१६) देखि 'शङ्काको पोको' (२०६६) कथासम्म आइपुग्दा आधा शताब्दी लामो कथायात्रालाई पूरा गरिसकेका छन् । आफ्नो आधा शताब्दी लामो कथायात्रामा उनले विभिन्न मोड वा चरणहरू पार गर्दै अगाडि बढिरहेका छन् । विशेषगरी मनोविश्लेषणमा आधारित कथाहरू लेख्ने लोहनीले नारी र पुरुषका यौन इच्छा तथा त्यसको सहज पूर्ति र अभावमा हुने कुण्ठालाई मुख्य विषयवस्तु बनाएका छन् । यौनको श्लील र अश्लील चित्रण गर्न सिपालु लोहनीले यौन आवश्यक चीज भएकोले यसको सहज पूर्ति गर्नुपर्ने कुरामा जोड दिएका छन् । सुरुमा कलात्मक र संयम तरिकाले यसको चित्रण गर्ने लोहनीले पछिल्ला चरणका कथाहरूमा भने छाडा र भद्दा किसिमले चित्रण गरेका छन् । आफ्नो कथायात्रालाई निरन्तरता दिंदै लोहनीले वर्तमान समयसम्म पनि कथाहरूको रचना र प्रकाशनमा निरन्तर लागेका छन् ।

# चौथो परिच्छेद

# kis/ nfxgLsf syfx¿sf ljZn|if0f

## ४.१ सामान्य परिचय

पुष्कर लोहनी नेपाली साहित्यका बहुमुखी प्रतिभा हुन् । उनले विशेष गरी कथा, कविता तथा समालोचना विधामा कलम चलाएका छन् । २०१६ सालमा 'चिसो चूल्हो तातो खरानी' शीर्षकको कथा प्रकाशित गरी औपचारिक रूपमा नेपाली कथासाहित्यमा उदाएका लोहनीका लगभग साढे दुई दर्जन कथाहरू प्रकाशित भए पनि ती विभिन्न पत्रपत्रिकाहरूमा छरिएर रहेका छन् । यौनलाई मुख्य विषयवस्तु बनाएर लेखिएका उनका कथाहरू मान्छेका मनमा रहेका यौनकुण्ठाको विश्लेषण गर्न सफल देखिन्छन् । पुष्कर लोहनीका विभिन्न पत्रपत्रिकामा प्रकाशित कथाहरूलाई कथातत्वका आधारमा यसप्रकार विश्लेषण गर्न सकिन्छ-

## ४.२ चिसो चूल्हो, तातो खरानी कथा

### ४.२.१ कथावस्तु

टी.वी.का कारण मृत्यु भएकी प्रभाको शवलाई आर्यघाटमा दाहसंस्कार गरेपछि सुरेश घरमा आए । आमाले सान्त्वना दिंदै गर्दा प्रभाको नाममा आएको चिट्ठी बहिनीले सुरेशलाई दिएपछि उसले चिट्ठी पढ्न थाल्छ ।

चिट्ठी प्रभाकी साथी मिठ्ठुले पठाएकी हुन्छे । चिठीमा दुबै जनाको परिचय भएदेखि मृत्युको मुखसम्म पुगेका कुराहरू हुन्छन् । विराटनगरबाट काठमाडौं आएकी मिठ्ठु प्रभाको घरनजिकै बस्न थालेपछि र एउटै कलेजमा पढ्न थालेपछि दुबैको परिचय सुरु हुन्छ । प्रत्येक दिन सँगै कलेज जाने र आउने गर्दा उनीहरूमा घनिष्टता बढ्दै जान्छ । टुकुचा खोलानिर केही युवकले उनीहरूलाई हेर्दा मिठ्ठुले आफूलाई हेरेको महसुस गर्छे तर उसलाई केटाहरूले घृणाको भावले हेरेपछि उसले सबै राम्रा केटीहरूलाई घृणाको भावले हेर्न थाल्छे र उनीहरूको सौन्दर्यमा जल्न थाल्छे । त्यसपछि उसले प्रभालाई कुरूप बनाउनको लागि आफ्नै दाजु पर्ने चरित्रहीन केटासँग लगाइदिन्छे तर प्रभाको प्रेममा परी त्यो पुरुष पनि सही बाटोमा लागेपछि र उनीहरूको प्रेम चोखो र घनिष्ट हुँदै गएपछि त्यसबाट मिठ्ठु थप जल्न पुग्छे ।

त्यसपछि मिठ्ठुले उनीहरूको प्रेमकथा प्रभाकी आमालाई बताइदिन्छे । यो कुरा थाहा पाएपछि प्रभालाई उसको परिवारले २० वर्ष जेठो मानिससँग विवाह गरिदिन्छन् । मदनको प्रेममा पागल बनेकी प्रभाले विवाहको विरोध गर्न सक्दिन र विवाह गर्न पुग्छे । तर जिन्दगीभर मदनलाई सम्झेर कोठामै बसिरहन्छे । प्रभाको यस्तो अवस्था देखेर मिठ्ठु आफ्नो कार्य सफल भएकोमा खुसी हुन्छे । तर बुवाको सरुवा भएकोले ऊ विराटनगर जान्छे । आफ्नो कार्यमा खुसी हुनुको सट्टा प्रभाको त्यस्तो अवस्थाले गर्दा ऊ झन् आफ्नो कुकृत्यले पागल जस्तै बन्छे । अन्त्यमा यी सम्पूर्ण कुराहरू पत्रमा उल्लेख गरी आफू पनि आत्महत्या गर्ने निर्णय सहित पत्र पठाउछे ।

यी सम्पूर्ण कुराहरू पत्रमार्फत् थाहा पाएपछि सुरेश पनि स्तब्ध बन्छ ।

### ४.२.२ पात्र

प्रस्तुत कथामा मञ्चीय पात्रका रूपमा सुरेश, उसकी आमा र बहिनी आएका छन् । तर यी तीनैजना गौण पात्र हुन् । यस कथाकी प्रमुख पात्र मिठ्ठु हो । उसले लेखेको पत्रमार्फत् यी कुरा थाहा हुन्छन् । मिठ्ठु यस कथाकी प्रमुख महिला पात्र हो । ऊ अविवाहित र घमण्डी चरित्र हो । विभिन्न फेसनमा हिड्ने र अरू राम्रा नारीहरूको सौन्दर्यमा जल्ने पात्र हो । उसले प्रभाको सौन्दर्यका कारण उसको जिन्दगी नै तहस नहस बनाएकी छे । ऊ प्रतिशोधी तर पश्चातापी चरित्र हो । आफूले गरेका सबै कुकृत्यको पश्चाताप गरी आत्महत्या गरेकी छे । त्यसैले मिठ्ठु प्रमुख तर महिला अविवाहित तर घमण्डी, प्रतिशोधी र खलपात्र हो । त्यसैगरी प्रभा पनि यस कथाकी प्रमुख नारी चरित्र हो । ऊ निकै सुन्दर, अवोध, सुशील र अनुकूल पात्र हो । ऊ आफ्नै साथीको कुचक्रको शिकार भई जिन्दगी नै तहसनहस बनाई मृत्युको मुखमा परेकी छे । ऊ प्रत्येक कुरामा सकारात्मक र सुविचारकी पात्र हो ।

प्रस्तुत कथामा मदन सहायक पात्र हो । सुरुमा प्रतिकूल चरित्रको भए पनि प्रभाको प्रेममा परेपछि ऊ सकारात्मक बन्न पुगेको छ । ऊ युवा, हृष्टपुष्ट आकर्षक र मीठो वचन भएको पात्र हो । यस कथामा सुरेश उसकी आमा र बहिनी, प्रभाकी आमा मिठ्ठुकी साथी शारदा, टुकुचामा बसी केटी जिस्क्याउने युवाहरू गौण पात्र हुन् । उनीहरूले कथामा कुनै उल्लेख्य भूमिका खेलेका छैनन् ।

### ४.२.३ परिवेश

प्रस्तुत कथाको परिवेशका रूपमा काठमाडौँको आर्यघाट तथा कुनै एउटा घर आएका छन् । त्यसैगरी नेपथ्यका रूपमा टुकुचा लगायतका काठमाडौँका विभिन्न स्थानहरूका साथै विराटनगरको समेत स्थानगत परिवेश देखिन्छ । त्यसैगरी केटीहरूले पनि नयाँनयाँ फेसन गर्ने, मायाप्रेम गर्ने, कलेज पढ्ने तथा पुरुषहरूले केटी जिस्क्याउने, कुलतमा फस्नेजस्ता सन्दर्भले पनि तत्कालीन सहरीया परिवेश विशेषगरी राजधानी काठमाडौँको तत्कालीन परिवेशलाई देखाएको छ ।

### ४.२.४ भाषाशैली

प्रस्तुत कथाको भाषा निकै सरल र सरस रहेको छ । कलेज, फेसन, बालकोनी जस्ता अङ्ग्रेजी तथा लडकी, साठी जस्ता हिन्दी शब्दका अलावा सम्पूर्ण नेपाली शब्दहरूको प्रयोग गरिएको छ । सरल शब्द र छोटाछोटा वाक्यगठनले गर्दा कथा सरल बनेको छ । त्यस्तै कथामा बितेका घटनाहरूको बेलिविस्तार गरिएकोले वर्णनात्मक शैली पाइन्छ भने पूर्वदीप्ति शैलीको पनि प्रयोग पाइन्छ । समग्रमा कथा जोकोहीले पनि सजिलै बुझ्न सक्ने सरल र सहज बनेको छ ।

### ४.२.५ दृष्टिविन्दु

प्रस्तुत कथामा मिश्रित दृष्टिविन्दुको प्रयोग गरिएको छ । कथाको मञ्चित सन्दर्भमा तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग पाइन्छ भने नेपथ्यीय परिवेशमा प्रथम पुरुष दृष्टिविन्दु पाइन्छ । मञ्चित परिवेशमा विभिन्न पात्रको प्रयोग गरी तिनीहरूको क्रियाकलाप देखाइएको छ भने नेपथ्यीय परिवेशमा एक पात्र मिठ्ठुले 'म' का माध्यमबाट आफ्नो विगतलाई वर्णन गरेकी छ ।

### ४.२.६ उद्देश्य

यौनकै कारणले नारीहरूले आफूभन्दा राम्रो रूप र आकर्षक व्यक्तित्व भएका नारीहरूलाई देखे भने उनीहरूको ईर्ष्या गरेर मृत्युको मुखसम्म पुऱ्याउन डर मान्दैनन् भन्ने नारीसुलभ इर्ष्याको गुण देखाउनु कथाको प्रमुख उद्देश्य हो । यसमा मिठ्ठुले आफूभन्दा राम्री र आकर्षक तर घनिष्ट मित्र प्रभाको इर्ष्याले गर्दा उसलाई मृत्युको घाटमा उतारेकी छे ।

## ४.३ मैनबत्ती र मुखुण्डो कथा

### ४.३.१ कथावस्तु

चार भागमा विभाजित प्रस्तुत कथाको पहिलो भागमा धेरै दिनपछि अङ्गुर भर्खर माइत आएकी छ । आफ्नो लोग्नेले बेवास्ता गरेका कारण ऊ निकै चिन्तित छे । आफ्नी आमासँगको कुराकानीमा उसको लोग्ने कोठामा खाली किताब मात्र हेरिराख्ने र कसैको वास्ता नगर्ने कुरा थाहा हुन्छ । उसको यही बानीले गर्दा अङ्गुर निकै आजित र चिन्तित बन्न पुगेकी छे । उसले खाना पनि खान सक्दिने भने झोक्राएर बस्छे । उसले आफ्नै कर्म खोटो रहेछ भन्दै भाग्यमाथि विश्वास गर्छे । उता बाहुनीले भने आजभोलीका केटाहरूले गुप्तविवाह गर्ने र उतैतिर लाग्ने भएकोले घरमा ल्याएकी श्रीमतीलाई बेवास्ता गर्ने कुरा गर्न पछि पर्दिन ।

कथाको दोस्रो भागमा निर्मलले आफूले विवाह नगर्ने कुरा घरमा गरेको र केटी पक्षतिर पनि आफ्नो अर्कै केटीसँग प्रेम भएकोले छोरीको जीवन बचाउन आग्रह गरेको कुरा उल्लेख छ । छोराको यो कुराको बेवास्ता गरी विवाह गरे पनि छोराको उही चाला देखेपछि बुहारी माइत गएको बेला निर्मलकी आमा उसलाई सम्झाउछिन उनले आफ्नो गल्ती भए पनि विवाह गरेर ल्याएकी केटीको कुनै दोष नभएकोले उसको आँसु पुछिदिन र जलेको दिललाई ठन्डा पारिदिन आग्रह गर्छिन् तर निर्मल भने आफूले विवाह गरिदिएको र अरू कुरा नजान्ने कुरा गर्छ । उसले जीवन बाँच्ने मेरो आफ्नै आदर्श छ भन्दै अरूका कुराको ठाडै अस्वीकार गरिदिन्छ ।

कथाको तेस्रो अंशमा १५/२० दिन माइतमा बसेपछि अङ्गुर घरमा आइन । अङ्गुर नहुँदा निर्मललाई निकै शान्ति मिलेको थियो । अङ्गुर आएपछि पुनः उसको निराश अनुहारले उसलाई पोल्न थाल्छ । अङ्गुर पनि त्यति दिनपछि घर आउँदा पतिको बानी फेरिएको हेर्न चाहन्थिन तर सबै उपाय बेकार भए । छिमेकीका केटाकेटी र आमाहरूको वात्सल्य प्रेमले गर्दा अङ्गुरलाई झन् चोट पऱ्यो र पतिलाई एकछिन पनि छोड्न नसक्ने भइन् । एकदिन सधैं आइरहने युवक आयो र अङ्गुरको अवस्था देखेर निर्मललाई निकै गाली गऱ्यो । निर्मलले पनि आफू यी कुरामा असमर्थ भएको कुरा बतायो । युवक गएपछि निर्मलले अङ्गुरलाई विस्तारामा लगेर आफू पनि सँगै सुत्यो । यो घटनाले अङ्गुर निकै रोमाञ्चित भई ।

कथाको अन्तिम अंशमा अङ्गुरले आफ्नो कोठा निकै फोहोर भएको अनुभव गर्छिन् । सबै कपडाहरू धुनको लागि तयार गर्छिन्, निर्मलका छरिएका किताबहरू मिलाइदिन्छिन् अनि तकियामुनि रहेको निर्मलको डायरी देखेपछि पढ्न थाल्छिन् । त्यसमा निर्मलले आफू नपुंसक भएकोले एउटी अवोध केटीको जिन्दगी बर्बाद पारेको कुरा लेखेको हुन्छ । सबै पढेपछि अङ्गुरले

आफ्नो सिंदुर पुछेर कपाल लुछ्दै रुन थाल्छिन् अनि निर्मललाई कोपरेर बाहिर जान्छिन् । निर्मल पनि अवाक् भई घर छोडी बिदेसिन्छ र उसका बारेमा विभिन्न अड्कलहरू हुन्छन् ।

### ४.३.२ पात्र

प्रस्तुत कथामा कथाका लागि उपयुक्त थोरै मात्र पात्रको प्रयोग गरिएको छ । यस कथाको प्रमुख पात्रका रूपमा अङ्गुरलाई लिन सकिन्छ । ऊ विवाहित नारी भए पनि पतिको माया पाउन नसकेकी पीडित चरित्र हो । निकै असल, सरल भएर पनि पति नपुंसक परेकाले उसले वैवाहिक सुखभोग गर्न पाएकी छैन । ७ वर्षसम्म पतिको मायाको प्रतीक्षामा बसेकी अङ्गुर पति नपुंसक भएको थाहा पाएपछि सिंदुर पुछेर पतिलाई कोपर्दै रुन पुग्छे । उसले विवाहपछि कहिल्यै पनि सुख र माया पाउन सकिन  पतिको माया पाउने आशामा सधैंभरि आँसुमा बस्ने पीडित पात्र हो । त्यसैले अङ्गुर यस कथाकी प्रमुख नारी पात्र हुनुका साथै स्थिर, अनुकूल, सरल, पतिव्रता नारी पात्रका रूपमा देखिएकी छ । निर्मल पनि यस कथाको प्रमुख पात्र हो । ऊ नपुंसक भएका कारण सांसारीक माया र प्रणयबाट टाढा बस्न चाहन्छ । आफ्नो कमजोरी लुकाएर एउटी अबोध स्त्रीको जिन्दगी बिगारिदिने ऊ लाचार र पतीत पात्र हो । उसले आफ्नो कमजोरी लुकाउन निकै दार्शनिक कुरा गर्छ र आदर्श बन्न खोज्छ तर यी सबैमा कुनै रुचि नभएको उसकै डायरीबाट थाहा हुन्छ । यसकारण निर्मल प्रमुख तर प्रतिकुल, स्थिर तर लाचार पुरुष पात्र हो ।

प्रस्तुत कथामा निर्मलका बाबुआमा, अङ्गुरकी आमा, नोकर्नी, बाहुनी आदि गौण पात्रका रूपमा देखिएका छन् । तिनीहरूले कुनै प्रभावकारी भूमिका निर्वाह गर्न सकेका छैनन् ।

### ४.३.३ परिवेश

परिवेशका रूपमा यस कथामा कुनै स्थानगत र समयगत सन्दर्भ पाइदैन । तैपनि नोकर र भान्से राख्ने चलन, सम्पत्तिवालालाई छोरी दिने प्रवृत्ति, अल्लारे केटाहरूमा प्रेम गर्ने प्रचलन आदिले सङ्क्रमणकालीन नेपाली समाजको झल्को दिलाउँछ । त्यस्तै बुहारीले खास्टो, चोलो, फरिया लगाउने पतिलाई भगवान्कै रूपमा लिने प्रवृत्तिले पनि परिवेशको झल्को दिन्छ । यस कथामा अप्रत्यक्ष रूपमा भारतका हरिद्वार, रक्सौल आदिको पनि सङ्केत गरिएको छ ।

### ४.३.४ भाषाशैली

प्रस्तुत कथाको भाषा निकै सरल र सहज खालको छ । प्रचलित नेपाली शब्दहरूको अत्यधिक प्रयोग र छोटाछोटा वाक्यगठनका कारण कथा जो कोहीले पनि सजिलै बुझ्न सक्ने खालको रहेको छ । त्यसैगरी कथामा आवश्यकता अनुसार संवाद तथा वर्णनात्मक शैलीको पनि प्रयोग गरिएको छ । यसले कथालाई थप रोचक बनाएको छ । जोड चिन्ह (+) र गुणन चिन्ह (×) को माध्यमबाट चार अंशमा बाँडिएको कथाको संरचना पनि व्यवस्थित बन्न पुगेको छ । त्यस्तै अङ्गुरको जीवनचित्रणमा कौतुहलता समेत पाइन्छ ।

### ४.३.५ दृष्टिविन्दु

कथा एकाध संवादको प्रयोग गरे पनि मूलतः वर्णनात्मक शैलीमा लेखिएकोले तृतीय पुरुष दृष्टिविन्दुमा आधारित रहेको छ । कथाकारले अङ्गुर र निर्मल पात्रको सिर्जना गरी उनीहरूको जीवनदृष्टिको वर्णन गरेकोले कथा तृतीय पुरुषकेन्द्री बन्न पुगेको हो ।

### ४.३.६ उद्देश्य

कथाले नारीहरू स्वभावैले यौन तृप्तिद्वारा सन्तानको चाहना राख्छन् र यौनतृप्ति नपाएमा उनीहरू भावविह्वल बन्दछन् भन्ने सन्देश दिन्छ । विवाहित तर पतिद्वारा तिरस्कृत यौनतृप्ति पाउन नसकेकी र सन्तान जन्माउन पनि नसकेकी नारीको दयनीय अवस्थाको चित्रण गर्नु कथाको प्रमुख उद्देश्य हो । कथाले नारीको सबैभन्दा ठूलो प्रेम भनेको वात्सल्य प्रेम हो र यसका लागि जस्तोसुकै मूल्य चुकाउन पनि तयार हुन्छन् भन्ने कुरा देखाउन खोजिएको छ ।

## ४.४ मुतको न्यानो कथा

### ४.४.१ कथावस्तु

तीन भागमा विभाजित कथाको पहिलो भागमा धेरै समयपछि भागीरथी खरेलनी बज्यैका घरमा गएकी छन् । उनीहरूबीच लामो समयपछि भेटघाट भएकोले लामो समयसम्म कुराकानी हुन्छन् । निकै बेरपछि भागीरथीले आफू खरेलनीकी छोरी विमलीको विवाह भण्डारीका छोरासँग गरिदिने कुरा गर्छिन् । खरेलनीले दिदीको पनि विवाह नभएको र दुबै जनाले पढ्दै गरेकोले उसले विवाह गर्न नमानेको कुरा बताउँछिन् । दाल, चामल दिएर भागीरथीलाई पठाएपछि खरेलनी खाना खान जान्छिन् । बेलुकी खरेलनीले पति विष्णुसँग छोरीको विवाहको कुरा आएको सुनाउछिन् । आजकल विमलीको चाला ठीक नभएकोले विवाह गर्ने कुरा गर्दा विष्णुले कसैका कुरा नसुन्ने र छोरीलाई पठाउने कुरा गर्छन् । यसै बीच ठूली छोरी सावित्रीले विरामीका कारण कलकत्तामा परीक्षा दिन नसकेको चिठी आएको कुरा गर्छन् । खरेलनीले विमलीको बानी ठीक नभएकोले उसलाई पनि पढाउन कलकत्ता पठाउनुपर्ने कुरा गर्छिन् ।

दोस्रो भागमा चोकमा बसिरहेकी खरेलनीले छोरी सावित्रीलाई देखेपछि आश्चर्यमा परिन् । सावित्री कलकत्ताबाट घर आई । एकछिन आमाछोरीका बीच दुःख सुखका कुरा भए । पछि विमला पनि आई उसको ठाडो व्यवहारले गर्दा खरेलनीले निकै दुखेसो पोखिन् । साँझ बा आएपछि सावित्री उनका कोठामा गई कुरा गर्न थालिन् । उनको परीक्षा बिग्रेको कुरा पनि भयो । खाना खाएपछि विमली झुलभित्र पसेपछि सावित्रीले गाली गरी । विमलीको व्यवहारप्रति आजित भएकी खरेलनी बज्यै फेरि कुर्लिन थालिन् । यसैबीच विष्णु आएर बिमली हिजो श्यामेको घरमा बसेको कुरा गरे । बिमलीले पढाइ छोडेर भाडिएकोले उसको विवाह गरिदिन लागेको कुरा खरेलनीले गरिन् । सबैजना सुतेपछि रातको १२ बजे विमली उठी र बिजुली बन्द गरी घरबाट निस्केर बाहिरिई ।

तेस्रो भागमा विमलीले घर छाडेको सात दिन भइसकेको थियो । त्यसदेखि खरेलनी बज्यै रोइरहेकी थिइन् । सावित्रीलाई पनि नियास्रो लागेकोले आफ्ना सामान मिलाउन थालिन् । यत्तिकैमा धोतीबाट एउटा फोटो खस्यो । सावित्रीले फोटोलाई हेर्दै अझै पिछा गर्न, रोग लगाउन र पढाइ बिगारिदिन पुगेको छैन भनी आक्रोश पोखिन । चिठी आएकोले उनी तल गई चिठी ल्याइन । विष्णुले चिठी हेरेपछि झस्के चिठीमा श्यामले विमलालाई सिन्दुर लगाएका फोटा थिए । यसपछि दुबैजनाले एक अर्कालाई हेरिरहे केही बोल्न सकेनन् ।

### ४.४.२ पात्र

प्रस्तुत कथाको प्रमुख चरित्रका रूपमा विमली आएकी छ । कथामा ऊ स्वयम् प्रभावकारी रूपमा उपस्थित नभए पनि उसकै केन्द्रीयतामा सम्पूर्ण कथावस्तु घुमेको छ । बिमली यौवनअवस्थामा पुगेकी अविवाहित नारी चरित्र हो । ऊ कलेज पढ्ने केटी हो । यौवनको उमङ्गमा रमाउने तर आमाबाबुको कुरामा पटक्कै ध्यान नदिने प्रतिकूल चरित्रकी बिमली आमाले विवाह गरिदिने कुरा सुनेपछि घर छोडेर भागेकी छ । पछि आफ्नो प्रेमी श्यामसँग विवाह गरी फोटाहरू घरमा पठाइदिएकी छ । उसको चरित्रलाई हेर्दा ऊ अपरिपक्व, अन्तर्मुखी, स्थिर, अल्लारे, प्रतिनिधि तथा प्रतिकूल नारी पात्रका रूपमा उभिएकी छ । त्यस्तै यस कथामा सहायक पात्रका रूपमा विष्णु, खरेलनी बज्यै र सावित्री देखिन्छन् । विष्णु परिपक्व तथा दुई छोरीका पिता हुन् । उनी पनि गैरजिम्मेवार पात्रका रूपमा देखिएका छन् । छोरीहरू पढाउने नाममा उनले उचित पारिवारिक संस्कार दिन र छोरीको भावना बुझ्न सकेका छैनन् । उनी पुरुष, प्रतिकूल, स्थिर, विवाहित, व्यक्तिगत चरित्रका रूपमा देखिएका छन् ।

त्यस्तै खरेलनी बज्यै पनि कथाकी सहायक पात्र हुन् । उनी एक परिपक्व र जिम्मेवार नारी हुन् । छोरीलाई उचित संस्कार दिन र समयमै विवाह गरिदिन हतार गर्ने उनी गलत कार्यमा लाग्ने छोरीलाई सचेत गराई सही बाटोमा लगाउन प्रयास गर्छिन् । उनी असल, सहयोगी, अनुकूल, स्थिर, चिन्तित, प्रतिनिधि महिला चरित्र हुन् । सावित्री पनि कथाकी, सहायक पात्र हो । ऊ कलकत्ता पढ्न गएकी तर प्रेममा परेर पढाइ छोडेकी पात्र हो । ऊ असल, किशोरी, अनुकूल, स्थिर तर पीडित र लाचार पात्र हो । कथामा भागीरथी, भण्डारी, उसको छोरो, शम्भुविक्रम थापाका छोरी, भरिया, राधा, श्याम गौण पात्रका रूपमा आएका छन् । उनीहरूले कथाको कार्य व्यापारमा प्रभाव पार्न सकेका छैनन् ।

### ४.४.३ परिवेश

प्रस्तुत कथामा स्थानगत र समयगत परिवेशको प्रत्यक्ष उल्लेख कहीँ पनि देखिंदैन तर कथामा उल्लेख कतिपय सन्दर्भहरूले परिवेशको झल्को दिन्छन् । कथाको स्थानगत परिवेश नेपालको ग्रामीण पहाडी भेग रहेको देखिन्छ । भरियाको प्रयोगले बाटो नपुगेको विकट अवस्थाको चित्रण दिन्छ भने शिक्षा आर्जन गर्नको लागि भारतका विभिन्न स्थानमा जानुपर्ने अवस्थाको चित्रणले पनि त्यसको पुष्टि गर्छन् । त्यसैगरी शिक्षाको महत्त्व बुझ्नु, नारीहरूमा प्रेमको भावना उठ्नुले सङ्क्रमणकालीन नेपालको अवस्थाको झल्को दिएका छन् ।

### ४.४.४ भाषाशैली

प्रस्तुत कथामा पनि कलेज, पास, बुकपोस्ट जस्ता एकाध आगन्तुक शब्दका साथै अत्यधिक सरल र प्रचलित नेपाली शब्दको प्रयोग गरिएको छ । रोचक शैली र छोटोछोटा वाक्यगठनले कथा सरल र स्पष्ट छ । एकाध संवादका साथै वर्णनात्मक शैलीमा लेखिएको कथामा तीन खण्डहरू रहेका छन् । जसलाई जोड चिन्ह (+) र गुणनचिन्ह (×) ले छुट्याइएको पाइन्छ । समग्रमा कथा सरल, सरस रोचकका साथै कुतुहूल जगाउने खालको छ ।

### ४.४.५ दृष्टिविन्दु

एकाध संवादको प्रयोग गरिए पनि समग्रमा कथा वर्णनात्मक रहेको छ । विभिन्न पात्रहरूको प्रयोग गरी तिनीहरूको कार्यव्यापारको वर्णन गर्न तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको छ । कथामा कही पनि म पात्रको प्रयोग गरिएको पाइँदैन ।

### ४.४.६ उद्देश्य

यौन प्रबल चीज भएको हुँदा त्यसको सहज पूर्तिका लागि समयमै विवाह गरिदिनुपर्छ भन्ने प्रमुख उद्देश्य नै कथाले दिन खोजेको छ । उमेर पुगेका छोराछोरीको समयमै विवाह नगरिदिने हो भने त्यसले विकृत रूप लिन सक्छ भन्ने सन्देश कथाले दिएको छ ।

## ४.५ चेतन मन अचेतन विचार कथा

### ४.५.१ कथावस्तु

लामो भूमिका पछिको छोटो सन्दर्भ नै प्रस्तुत कथाको कथावस्तुका रूपमा आएको हो । यो कथा एउटा चिठी हो । प्रेमीले विगतका कुराहरूलाई लिएर लेखेको पत्र तर यसमा घटना कम र म पात्रको विचार ज्यादा छ । १५ पृष्ठ लामो कथामा सुरुका १२ पृष्ठमा त म पात्रको विचार मात्र छ । त्यसपछिका तीन पृष्ठमा पनि भिनो कथावस्तु छ । एउटा प्रेमीले आफ्नी प्रेमिकालाई लेखेको पत्र नै प्रस्तुत कथा हो । एउटा गरिब प्रेमी र धनी प्रेमिकाबीच भएको वासनात्मक प्रेम यहाँ छ । तारा र रमेशको प्रेम यौवनको उल्लासमा रमाइरहेको हुन्छ । उनीहरूबीच शारीरिक सम्पर्क सहितका कार्यहरू भएका हुन्छन् । लामो समयसम्मको रमाइलो पछि जब रमेशलाई आफ्नो वास्तविकता थाहा हुन्छ त्यसपछि तारालाई खुसी राख्न असमर्थ हुने कारणले गर्दा उसँग विवाह गर्न नसक्ने कुरा गर्दै प्रेमिकालाई पनि यथार्थ बुझ्न पत्र लेखेको छ । 'म' पात्र अब निकै कठोर भइसकेको छ । जस्तासुकै प्रलोभन र वासनाले उसलाई उत्तेजित पार्न सक्दैन । ऊ अब भावनामा बहकिएर कल्पनामा रमाउन सक्दैन यथार्थमा ऊ गरिब छ । उसले महिनाको तीन सय मात्र कमाउँछ । धनी र सम्पन्न परिवारमा जन्मिएकी तारालाई यसले शृङ्गारका सामान किन्न समेत पुग्दैन । पछि सन्तान बढ्दै गएपछि उनीहरूको पालनपोषणका लागि खर्च पनि नपुग्ने भएकोले वास्तविकतामा आउन प्रेमिकालाई आग्रह गरेको छ । अहिले सानो दुःख खपिदिनाले जीवनमा हलचल आउदैन भने आफ्नो प्रेमलाई बिर्सन आग्रह गरेको छ । यस्ता कुराहरू लेख्दा आफूलाई पनि पीडा भएको भन्दै स्वास्नी बनाएर जीवनभर दुःख दिनुभन्दा विवाह नै नगरेर केही दिन दुःख दिन लागेको बताउँदै बास्तविकता बुझ्न पनि आग्रह गरेको छ ।

### ४.५.२ पात्र

प्रस्तुत कथामा प्रमुख पात्रका रूपमा रमेश आएको छ । ऊ अविवाहित युवक पात्र हो । तारासँगको प्रेममा निकै लामो समयसम्म भावनामा डुबुल्की मारेको ऊ आफ्नो हैसियत थाहा पाएपछि भने यथार्थमा ओर्लिएको छ । वासनात्मक प्रेममा रमाइरहेको उसले तारासँगका सम्पूर्ण क्रियाकलापमा सहभागी भइसकेको हुन्छ । जब आफ्नो गरिबीका बारेमा उसलाई थाहा हुन्छ तब तारालाई माया गर्दागर्दै पनि उसलाई भगाएर लैजान सक्दैन । यस अर्थमा ऊ अनुकूल तर

परिवर्तनशील, त्यागी तर लाचार र व्यक्तिगत पात्रका रूपमा देखिएको छ । उसले आफ्नो गरिबीलाई कारण देखाउँदै आफूलाई निकै माया गर्ने प्रेमिकालाई पन्छाउन खोजेको छ । अर्कातर्फ भने ऊ भावनामा नरमाएर यथार्थमा सङ्घर्ष गर्न खोज्ने खालको चरित्र हो ।

त्यसैगरी तारा यस कथाकी सहायक चरित्र हो । ऊ कथामा उपस्थित नभए पनि नेपथ्यमा रहेकी छे । ऊ भावुक, चञ्चल तर निकै सुन्दर र कामुक खालकी छे । उसले आफ्नो प्रेमीलाई निकै माया गर्छे र उसैसँग विवाह गर्न राजी हुन्छे । ऊ यथार्थमा उत्रन नसकेकी र भावनामा मात्र डुबुल्की मार्न रुचाउने खालकी पात्र हो । उसलाई पारिवारिक हैसियत र आर्थिक विपन्नताले जीवनमा पार्ने प्रभावको बारेमा केही थाहा छैन । त्यसैले तारा यौवन, सुन्दरी, भावुक, वासनात्मक प्रेममा रमाउने, स्थिर र व्यक्तिगत चरित्र हो भन्न सकिन्छ । त्यसैगरी ताराका बाबु र आमाको समेत प्रसङ्ग आएकाले ती गौण पात्रका रूपमा उपस्थित छन् ।

### ४.५.३ परिवेश

एउटा पत्र नै सम्पूर्ण रूपमा कथा भएकोले यसमा बाह्य परिवेशको चर्चा कतै पनि पाइदैन । तैपनि विगतमा रमेश र ताराबीचका प्रणयसम्बन्धी प्रसङ्गले बाह्य परिवेशको झल्को दिएको पाइन्छ । यस कथामा मुख्य रूपमा आन्तरिक परिवेश सशक्त रूपमा आएको छ । रमेशका मनमा देखिएका यथार्थ र भावना बीचको द्वन्द्व, भावनालाई त्यागेर यथार्थलाई आत्मसात् गर्दाको अवस्था आदिले मानसिक धरातलको चित्रण पाइन्छ । रमेशका मनमा देखिएको कल्पना र यथार्थको उथलपुथल, रतिरागात्मक वा वासनात्मक प्रेमको संसार र अन्त्यमा त्यसको परित्याग नै आन्तरिक परिवेशका रूपमा चित्रित भएका छन् ।

### ४.५.४ भाषाशैली

प्रस्तुत कथाको भाषा केही जटिल रहेको छ । १५ पृष्ठमा लम्बिएको यस कथाको सुरुको १२ पेज निबन्ध जस्तो देखिन्छ । रमेशका विचारहरूलाई लामो भूमिकाका रूपमा प्रस्तुत गरिएको छ । प्रेम र विवाह, वासना र आशक्ति, कल्पना तथा भावना र यथार्थ तथा सत्य आदिका बारेमा लामो विचार प्रस्तुत गरिएकाले साधारण पाठकका लागि कथा क्लिष्ट बन्न पुगेको छ । त्यस्तै लामालामा वाक्यगठनले गर्दा पनि थप जटिलता थपिएको छ । वौद्धिक पाठकका लागि भने कथा निकै आकर्षक र उत्कृष्ट रहेको छ । भावना र यथार्थका बारेका विचार तथा कुतूहलता निकै सशक्त बनेको छ । आर्थिक विपन्नताका कारण अति माया गरे पनि विवाह गर्न नसक्ने अवस्था कथाको अन्त्यमा प्रस्तुत गरेकोले कुतूहलता निकै सशक्त र तीब्र बन्न पुगेको छ । कथा वर्णनात्मक तरिकाले पत्र शैलीमा लेखिएको छ ।

### ४.५.५ दृष्टिविन्दु

यस कथाको प्रमुख पात्र रमेश हो । उसले आफ्नी प्रेमिकालाई आर्थिक विपन्नताका कारण विवाह गर्न नसक्ने कुरा पत्रमार्फत् लेखेको छ । रमेश कथाभरि 'म' पात्रका रूपमा उपस्थित भई आफ्ना मनका भावना र विचारहरू वर्णनात्मक तरिकाले प्रस्तुत गरेकाले कथा प्रथमपुरुष दृष्टिविन्दुमा रचिएको छ ।

### ४.५.६ उद्देश्य

प्रेम र विवाह भनेको छुट्टाछुट्टै कुरा हुन् । प्रेम भावनामा र कल्पनामा आधारित हुन्छ भने विवाह यथार्थमा आधारित हुन्छ भन्ने कुरा देखाउनु प्रस्तुत कथाको प्रमुख उद्देश्य हो । प्रेम बढी भावनात्मक र वासनात्मक हुने भएकोले जोसँग पनि हुन सक्छ तर विवाह भनेको यथार्थमा र समभ्कदारीमा आधारित हुने भएकोले राम्रोसँग बुझ्रेर मात्र गर्नुपर्छ । प्रेम धेरै जनासँग सजिलै हुन सक्छ तर विवाह धेरै जनासँग सजिलै हुन असम्भव छ भन्ने सन्देश कथाले दिएको छ ।

## ४.६ मर्छ, जन्मन्छ एउटा मान्छे– विरोधाभासमा कथा

### ४.६.१ कथावस्तु

कुमार आफ्नै कोठामा बसी विगतका घटनाहरू सम्झिरहेको हुन्छ । उसले प्रत्येक मान्छेमा देखिने व्यक्तिवादी चरित्रको आलोचना गरिरहेको हुन्छ । यसै बीच बिना पनि उसको कोठामा आउँछे र उनीहरूबीच यही विषयमा संवाद चल्न थाल्छ । बिनाले प्रत्येक मान्छेमा रहेको यौनकुण्ठाले गर्दा ऊ सताइएको हुन्छ र आफू पनि सोही कुराले पीडित भएको जनाउछे । उसले आफूले नचाहे पनि अरूको खुसी र चाहनाको लागि डोसेना बनेर सुतिदिनु पर्ने बाध्यता रहेको कुरा गर्छे । कुमार पनि मान्छेमा यौन अपरिहार्य भएकोले त्यसकै पछाडि दौडेको, यसले गर्दा संसार व्यक्तिवादी भएको कुरा गर्छ । अनि उसले नचाहँदा नचाहँदै पनि आफू व्यक्तिवादी बनेको कुरा गर्छ । प्रत्येक पुरुषहरूले स्वास्नी मान्छेलाई ओछ्याउन खोज्ने, उसलाई लुछ्ने र कोपर्ने कार्यप्रति बिना आजित भएकी छे । उसले कहिलेकाँही आत्महत्या गर्ने कुरा पनि मनमा लिएकी छे तर यस संसारको मायाका कारण त्यसो गर्न असमर्थ भएकी छे । तर कुमार भने मान्छे समयअनुसार परिवर्तन हुँदै जानुपर्ने कुरा गर्छ । संसारका यस्ता कुराप्रति आफूलाई पनि घृणा लागे पनि संसार यसमै रमाएकाले आफूलाई पनि रमाइलो लागेको कुरा उसले गर्छ । अर्काका लागि बनेको रूप, अर्काका लागि डोसाउनुपर्ने शरीर तथा अर्काका लागि बनेका लाम्टा (स्तन) लिएर बाँच्नुभन्दा मर्नु नै बिनालाई बेस लाग्छ । ऊ पनि यस घृणित खेलमा बारम्बार होमिएकी छ । क्षणिक आवेशमा आएर यौनमा होमिने तर शरीर शिथिल भएपछि घृणा लाग्ने कुरा उसले गरेकी छे । उता कुमार भने प्राकृतिक नियममा सजिलै लाग्नुपर्ने कुरा गर्छ । मान्छेले आफ्नै मनलाई जित्न सक्दैन । कहिले यौनको चाहना गर्छ, कहिले घृणा गर्छ, कहिले संसारलाई सुन्दर देख्छ कहिले कुरूप, कहिले तृप्ति खोज्छ कहिले मुक्ति भन्दै यस्तै भइरहे आगामी दसवर्षमा मानसिक अस्पतालको आवश्यकता पर्ने कुरा गर्छ । वर्तमान व्यक्तिवादी मान्छे यिनै यावत् कुराहरूको भूमरी वा विरोधाभासमा जाकिएर बाँच्नुपर्ने कुरा कुमारले व्यक्त गरेको छ ।

### ४.६.२ पात्र

प्रस्तुत कथाका प्रमुख चरित्रका रूपमा कुमार र बिना आएका छन् । कुमार यस कथाको नायक पनि हो । ऊ युवक र समयसापेक्ष चल्न सक्ने खालको छ । उसले मान्छे समय र परिस्थितिअनुसार परिवर्तित हुनुपर्छ भन्ने सकारात्मक सोच राखेको छ । उसले यौनका बारेमा समेत खुलेर चर्चा गर्छ । ऊ सम्पूर्ण पुरुष वर्गकै प्रतिनिधि पात्र पनि हो । उसले यौन प्राकृतिक चीज भएकोले यसलाई सहज रूपमा पूर्ति गर्नुपर्छ भन्ने धारणा राख्छ । समग्रमा कुमार पुरुष,

युवक, सकारात्मक, स्थिर तथा प्रतिनिधि चरित्रका रूपमा यस कथामा उपस्थित भएको छ । त्यस्तै बिना पनि यस कथाकी प्रमुख नारीपात्र तथा नायिका पनि हो । ऊ सम्पूर्ण नारी बर्गकी प्रतिनिधि पात्र हो । उसमा यौनप्रति अत्यधिक इच्छा र चाहना भए पनि त्यसलाई व्यक्त गर्न नसक्ने स्त्रीसुलभ गुण पाइन्छ । ऊ एकजना पुरुषसँग मात्र सम्पर्क गरेर सन्तुष्ट नहुने तर पछि यौनलाई घृणा गर्दै हिड्ने चरित्रका रूपमा आएकी छे । उसले भ्रुणहत्यासमेत गर्न पुगेकी छे । यौन कार्यमा संलग्न हुँदै हिड्ने तर अरूका लागि बनेको शरीर जीउनुभन्दा मर्नुवेश भन्ने उसको विचार विरोधाभासपूर्ण रहेको छ । सांसारिक मायाका कारण उसले आत्महत्या पनि गर्न सकेकी छैन । त्यसैले बिना स्त्री, प्रतिकूल, स्थिर र व्यक्तिगत चरित्रका रूपमा यस कथामा आएकी छे ।

### ४.६.३ परिवेश

प्रस्तुत कथा वर्णनात्मक नभई संवादात्मक भएकोले यसको बाह्य परिवेश भन्दा आन्तरिक परिवेश सशक्त बन्न पुगेको छ । बाह्य परिवेशका रूपमा कुमारको कोठाभित्र केहीबेरसम्म चलेका संवादलाई लिन सकिन्छ भने आन्तरिक परिवेशका रूपमा कुमार र बिनाका बीचको द्वन्द्वलाई लिन सकिन्छ । आन्तरिक परिवेशमा एकातिर कुमार र बिनाका मानसिक विचारलाई लिन सकिन्छ भने अर्कातिर बिनाका मनभित्रका विरोधाभासलाई समेत लिन सकिन्छ । कुमारले मानिस समयअनुसार परिवर्तन हुन सक्नुपर्छ भन्छ भने बिना अर्काको लागि बनेको शरीर जीउनुको अर्थ नभएको कुरा गर्छे । बिनाले एकातिर यौनलाई घृणा गर्छे भने अर्कातिर यौनभन्दा टाढा रहेर बस्नै सक्दिन । उसले एकभन्दा धेरै पुरुषको चाहना राख्छे भने मर्न पनि डराउछे । यसरी यस कथामा बाह्यभन्दा आन्तरिक परिवेश बढी सशक्त र प्रभावकारी बनेर आएको देखिन्छ ।

### ४.६.४ भाषाशैली

प्रस्तुत कथाको भाषा अलि जटिल खालको रहेको छ । यौन र जीवनका बारेमा बिना र कुमारका संवादमा बौद्धिकता र आदर्शको छनक पाइने हुनाले सर्वसाधारणका लागि कथा जटिल बनेको छ । केही लामा खालका संवाद तथा बिनाका विरोधाभास कुराले पनि कथालाई क्लिष्ट बनाएको छ । अन्य रूपमा भने कथा सारगर्भित रहेको छ । यौन र जीवनका बारेमा उचित विचार प्रस्तुत गर्न संवादात्मक शैलीको प्रयोग गरिएको छ । प्रायः प्रचलित नेपाली शब्दहरूको प्रयोग पाइन्छ भने वाक्यगठन मध्यम खालको रहेको छ । मध्यमखालको आयतनमा लम्बिएको कथा बौद्धिक बन्न पुगेको छ ।

### ४.६.५ दृष्टिविन्दु

प्रस्तुत कथामा मिश्रित किसिमको दृष्टिविन्दुको प्रयोग गरिएको छ । कथाको पहिलो अनुच्छेद पूर्णतः आत्मपरक वा प्रथम पुरुषमा छ भने अन्य अनुच्छेदमा भने मिश्रित दृष्टिविन्दुको प्रयोग गरिएको छ । संवादात्मक शैली भएकोले पात्रहरूले 'म' को प्रयोग गरे पनि कथाकार तटस्थ रही उनीहरूका संवाद प्रस्तुत गरेकोले प्रथम र तृतीय पुरुष दृष्टिविन्दुको मिश्रित प्रयोग हुन गएको छ ।

### ४.६.६ उद्देश्य

यौन, जीवन र मृत्यु भनेका प्राकृतिक कुरा हुन् र यिनलाई सहज रूपमा लिनुपर्छ भन्ने यस कथाको प्रमुख उद्देश्य रहेको छ । पुरुषमा भन्दा नारीमा यौन चाहना बढी हुन्छ तर उनीहरू त्यसलाई सहज रूपमा व्यक्त गर्न सक्दैनन् । नारीले यौनको घृणा गरे पनि उनीहरू नै त्यसप्रति बढी आकृष्ट हुन्छन् भन्ने उद्देश्य पनि प्रस्तुत कथाले बोकेको छ ।

## ४.७ लहर फुस्किएको अवस्थामा कथा

### ४.७.१ कथावस्तु

डाक्टरले बिरामीहरू जाँचिरहेको हुन्छ । प्रतिमा निकै लामो समयदेखि बसिरहेकी हुन्छे । ऊ हिजो पनि आएर फर्किएकी हुन्छे । डाक्टरले बोलाएपछि ऊ आउँछे । ऊ अलि असामान्य मनस्थितिकी हुन्छे र त्यस्तै किसिमका क्रियाकलाप गर्छे । डाक्टरले तपाईलाई के भएको छ ? भनेर सोध्दा उसले महेशले बेसरी थिचेर पेट बोकाएकाले निकै दुखिरहेको कुरा गर्छे र उसको पेट फ्याकिदिन भन्छे । डाक्टरले एकछिन चेक गरेपछि प्रतिमा जुरुक्क उठेर बाबु रोइरहेको होला घरमा जान्छु भन्दै सरासर हिड्छे । डाक्टर चाहिँ अचम्ममा पर्छ । ऊ गएपछि अर्की अधवैंसे आइमाई आउछे । उसले पनि एउटा अजङ्गको मान्छेले छोप्न खोज्छ अनि रिङ्गटा लाग्छ भन्छे । उसले पनि आफ्नो असामान्य मनस्थितिको परिचय दिन्छे । डाक्टरले पनि उसलाई चेक गरी औषधि दिएर पठाइदिन्छ ।

सबै बिरामीहरू सकिएपछि रमेश डाक्टरको छेउमा आउँछ र उनीहरू बीच कुराकानी हुन थाल्छन् । उनीहरूले प्रतिमाको बारेमा कुरा गर्न थाल्छन् । दुबैले उसलाई राम्रोसँग चिनेका हुन्छन् । डाक्टरले प्रतिमाको बारेमा भन्न आग्रह गरेपछि पहिले अनकनाए पनि रमेशले सबै कुरा भन्छ । महेश कोठामै बसिरहने र निकै पढ्ने केटा थियो । एकदिन प्रतिमाले झ्यालबाट महेश नाङ्गै भएको देखिन्छ । पहिले पहिले उसलाई निकै गाली गर्थी रे तर पछि ऊ बिना बस्नै नसक्ने भइछ । एकदिन प्रतिमा महेशको कोठामा छिरेर उसलाई अङ्गालो पार्दै कोपरी कोपरी मारिछ । त्यसपछि आफ्नै दाजुको छोरालाई आफ्नै छोरा भनी राखेकी छे । एकदिन यो पनि महेशजस्तै हुन्छ भन्दै हिड्छे भन्ने कुरा गर्छ । अनि एकपटक प्रतिमालाई जवर्जस्तीसित टोक्ने इच्छा भएको पनि कुरा गर्छ । यसपछि दुबैजना मौनसित चुरोट तान्न थाल्छन् र रातिको दस पनि बज्छ ।

### ४.७.२ पात्र

यस कथामा प्रमुख चरित्रका रूपमा प्रतिमालाई लिन सकिन्छ । ऊ सम्पूर्ण कथामा उपस्थित नभए पनि उसकै केन्द्रीयतामा कथा दौडेको छ । ऊ अविवाहित नारी पात्र हो । ऊ मानसिक सन्तुलन गुमाउन पुगेकी र यौनकुण्ठाले ग्रस्त चरित्रका रूपमा देखिएकी छे । उसले बाहिरबाहिर महेशलाई घृणा र गाली गरे पनि भित्री रूपमा चाहेकी हुन्छे । यस कुरालाई महेशले भने ख्यालै गरेको हुँदैन । आफ्नो मनलाई थाम्न नसकेपछि एकदिन प्रतिमाले महेशको कोठामा गई उसलाई पहिले अङ्गालो मार्छे र पछि कोपरेर मार्छे । दाजुको छोरालाई पछि महेशजस्तै हुन्छ भन्दै हिड्नु र महेशले पेट बोकायो भन्नु उसको महेशप्रतिको अचेतनको आशक्ति हो भन्न सकिन्छ ।

त्यसैले प्रतिमा अविवाहित नारी, परिवर्तनशील, असामान्य, मनस्थितिकी, व्यक्तिगत चरित्रका रूपमा देखिएकी छ ।

डाक्टर यस कथामा सहायक पात्रका रूपमा रहेको छ । ऊ आफ्नो पेशाप्रति जिम्मेवार, सहनशील, धैर्य पात्रका रूपमा देखिएको छ भने अनुकूल र स्थिर पात्रका रूपमा देखिन्छ । त्यस्तै रमेश चाहिँ रोगी, वयस्क पुरुष तथा स्थिर र प्रतिमालाई भोग्न खोज्ने प्रतिकूल चरित्र हो । यसका साथै अन्य विरामी र अधवैंशे महिला विरामी यस कथामा गौण पात्रका रूपमा देखिएका छन् ।

### ४.७.३ परिवेश

प्रस्तुत कथामा मूल रूपमा डाक्टरको बिरामी जाँच्ने कोठा नै स्थानगत परिवेशका रूपमा आएको छ । बिरामी जाँच्ने कोठामा साँझको समयमा विभिन्न किसिमका सामान्य र असामान्य चरित्रहरू आएका हुन्छन् । साँझको दश बजेसम्मको लगभग चार पाँच घण्टाको समयगत सन्दर्भ कथामा आएको छ । त्यस्तै अप्रत्यक्ष रूपमा भने प्रतिमाको विगत पनि देखिएको छ । महेशको कोठा, प्रतिमाको कोठा तथा त्यसमा घटेका विभिन्न किसिमका क्रियाकलापहरू पनि परिवेशका रूपमा आएको छ । विगत दुई वर्ष अघिदेखि प्रतिमामा आएका असामान्य स्थितिको चित्रण कथामा वर्णन भएको छ । त्यस्तै प्रतिमा र अधवैंसे महिलाका मनमा देखिएका दमित यौनकुण्ठा र त्यसले निम्त्याएको असामान्य मनस्थितिलाई पनि आन्तरिक परिवेशका रूपमा चित्रण गर्न सकिन्छ ।

### ४.७.४ भाषाशैली

प्रस्तुत कथाको भाषा सरल किसिमको रहेको छ । असामान्य स्थितिको चित्रण र औषधोपचारसँग सम्बन्धित विषय भएर पनि सरल र प्रचलित नेपाली शब्दको प्रयोग गरिएको छ । संवादात्मक शैलीमा लेखिएको प्रस्तुत कथामा केही लामा खालका संवादहरू छन् भने अत्यधिक मध्यम र छोटा नै छन् । असामान्य पात्रहरूलाई पनि सफल रूपमा उतार्न सक्नु तथा सरल र सामान्य भाषामा गहन विषयलाई प्रस्तुत गर्न सक्नु कथाकारको भाषागत खुबी देखिन्छ । कथा साधारण पाठकहरूले समेत बुझ्न सक्ने सरल र सामान्य किसिमको छ ।

### ४.७.५ दृष्टिविन्दु

कथाकारले कथामा विभिन्न पात्रहरूको प्रयोग गरी तिनीहरूका बीच संवाद गराएका छन् । पात्रहरू तृतीय पुरुषमा छन् र तिनीहरूको संवाद पनि सोही अनुरूपको छ । कथामा कथाकार पनि उपस्थित छैनन् भने कुनै पनि पात्र प्रथम पुरुषमा छैनन् । त्यसैले प्रस्तुत कथा तृतीय पुरुष दृष्टिविन्दुमा रचना गरिएको छ ।

### ४.७.६ उद्देश्य

परिपक्व महिलाहरूमा आमा बन्ने चाहना निकै प्रबल हुन्छ र उनीहरू आमा बन्न सकेनन् भने असामान्यतामा पुग्छन् भन्ने उद्देश्य नै यस कथाको प्रमुख उद्देश्य हो । नारीहरूमा आमा बन्ने चाहना र वात्सल्यप्रेम निकै गाढा हुन्छ र त्यसलाई पूरा गरिदिनु पर्छ । यदि उनीहरू आमा बन्न सकेनन् भने उनीहरूले मानसिक सन्तुलन पनि गुमाउन सक्छन् भन्ने सन्देश प्रस्तुत कथाले दिएको छ ।

### ४.८ गुजुल्टो कथा

#### ४.८.१ कथावस्तु

दुई भागमा विभाजित कथाको पहिलो भागमा नीनाले आफ्नो श्रीमान् रमेशलाई राति देखेको सपनाको बारेमा बताइरहेकी हुन्छे । राति अबेर सुतेकी नीनाले सपना देखेपछि उसलाई प्यास लाग्न थाल्छ । मनमा डरको भावना पैदा हुन्छ । झ्याल बाहिर मान्छेजस्तो चीजले जिस्क्याएजस्तो लाग्छ । त्यो अँध्यारोमा झ्यालको वरिपरि घुमिरहन्छ तर स्पष्टसँग देखिँदैन । विस्तारै त्यो मान्छेजस्तो चीज भित्र बिस्तारामा आएर नीनालाई च्याप्न थाल्छ । नीनाले श्रीमान्लाई बोलाउछे तर उसले सुन्दैन । बिस्तारै रमेश पनि पग्लिएर खालि उसका आँखा मात्र बाँकी रहे । उसले किताब पढ्न थाल्यो र उसका आँखा त्यही किताबमा झरे । त्यसपछि नीना दौडिदै ढोकामा गएर आमालाई बोलाई । आमा र बाबु कोठामा आए । नीनाले सबै कुरा बताएपछि उनीहरूले कोठा र झ्यालमा खोज्न थाले । आमाले झ्यालबाहिर तारमा बाघ र बिरालाको अनुहार भएको चीज भेटाउनुभयो । बुबाचाहिँ पलङमुनि हेर्न थाल्नुभयो । त्यहाँ उसले कोपरा राखेकी थिई । कोपरा देखेर बुबा रिसाउनुभयो । उसले पिसाब बाथरुममा लगी बाहिरैबाट फाली । त्यहाँ पनि उसले लामा लामा स्तन भएका दुईओटी स्त्री देखी । ऊ डराएर कोठामा आई । त्यसपछि बुबाले सबै बिस्तारा पल्टाई खोज्न थाल्नुहुन्छ । उहाँले किताबको बीचमा गुजुल्टिएको चीज भेट्टाउनुहुन्छ । त्यो बिस्तारै फैलिएर सर्पजस्तो बन्न पुग्छ । जति पिटे पनि त्यो चीज झन् फैलिन थाल्छ नीनालाई निकै डर लाग्छ । उसको श्रीमान् ट्वाल्ल परेर बसिराख्छ । नीनाले श्रीमान्लाई अङ्गालो हाल्दा ऊ चिप्लेर बाहिर आउँछ । अनि निना झस्केर उठ्छे । त्यसबेला रातको १२ बजेको हुन्छ । ऊ पिसाब गर्न जान्छे । श्रीमान् पनि जाग्छ र पिसाव फेर्छ । अनि नीनाले श्रीमान्लाई च्यापेर सुत्छे तर उसलाई निद्रा लाग्दैन ।

कथाको दोस्रो भागमा बिहानको ७ बजेको हुन्छ । चिया बनाएर नीनाले श्रीमान्लाई उठाउछे । मलिन अनुहार भएकी नीनालाई सञ्चो भएन कि भनेर रमेश सोध्छ । उसले राति देखेको सबै सपना सुनाउँदा रमेशले यो सबै भ्रम हो भन्छ ।

#### ४.८.२ पात्र

प्रस्तुत कथामा प्रमुख चरित्रका रूपमा नीना आएकी छे । ऊ विवाहित नारी भए पनि यौनतृप्ति पाउन नसकेर विकृत बन्न लागेकी छे । उसले आफ्नो श्रीमान्बाट उचित यौनसुख प्राप्त गर्न सकेकी छैन । त्यसैले उसले कुण्ठित अवस्थामा सपना देख्न पुग्छे । उसको बाहिरी व्यक्तित्वलाई कथामा प्रस्तुत नगरिए पनि उसको मानसिकतालाई भने छर्लङ्ग पारिएको छ । उसलाई यौनसन्तुष्टि चाहिए पनि त्यो प्राप्त हुन नसकेको कुरा उसले देखेको सपनामा पाउन सकिन्छ । समग्रमा भन्नुपर्दा नीना विवाहित, वयस्क महिला, व्यक्तिगत, स्थिति, अनुकूल यौनकुण्ठा पालेकी पीडित पात्रका रूपमा देखिएकी छ । त्यस्तै रमेश यस कथाको सहायक चरित्र हो । ऊ एक विवाहित पुरुष हो । उसले आफ्नी श्रीमतीलाई यौनसुख दिन सकेको छैन । ऊ स्वास्नी विकृत अवस्थामा पुग्दासम्म त्यसलाई भ्रम मात्र मान्ने गैरजिम्मेवार पात्र हो । समग्रमा रमेश विवाहित

पुरुष, स्थिर, व्यक्तिगत, गैरजिम्मेवार र लापरवाही गर्ने खालको चरित्र हो । नीनाका बाबु र आमा कथामा उपस्थित भए पनि प्रभावकारी भूमिका नभएकोले उनीहरू गौण पात्र हुन् ।

### ४.८.३ परिवेश

प्रस्तुत कथाको बाह्य परिवेशका रूपमा रमेश र नीनाको कोठामा बिहान ७ बजेको समयमा घटित दस पन्ध्र मिनेटको समयावधिलाई लिन सकिन्छ । यसको बाह्य परिवेश निकै छोटो र झिनो खालको रहेको छ । नीनाले बिहान आफ्नो श्रीमान्लाई राति देखेको सपनाको बारेमा बताएको घटना नै परिवेशका रूपमा आएको छ । यसको खास परिवेश चाहि नीनाको मानसिक अवस्थालाई लिन सकिन्छ । यौनेच्छा पूरा हुन नसक्दा उसले देखेको सपनाको घटना यहाँ मुख्य परिवेश हो । आफ्नै कोठाभित्र गुजुल्टो परेको बस्तु, बिरालो र बाघको आकृतिको जीव, सर्प, ठूला स्तनसहितका केटीहरू पनि परिवेशका रूपमा आएका छन् । नीनाको लथालिङ्ग कोठाको चित्रणले उसको मानसिक अवस्था पनि लथालिङ्ग बन्न पुगेको अवस्थालाई देखाउन खोजेको छ ।

### ४.८.४ भाषाशैली

प्रस्तुत कथाको भाषा सरल र सहज किसिमको छ । दुई खण्डमा विभाजित कथाको प्रथम खण्डमा आफूले देखेको सपनाको बेलीबिस्तार लगाइएको छ भने दोस्रो खण्डमा संवादको प्रयोग गरिएको छ । सजिलो तरिकाले वर्णनात्मक शैलीमा लेखिएको कथा सरस र कुतूहल जगाउने खालको छ । प्रचलित नेपाली शब्दको अत्यधिक प्रयोग र छोटाछोटा वाक्यगठनले पनि कथा सरल बन्न पुगेको हो । मानसिक विकारको विषयलाई पनि सजिलो भाषामा व्यक्त गर्नु कथाकारको खुबी देखिन्छ ।

### ४.८.५ दृष्टिविन्दु

प्रस्तुत कथामा मिश्रित किसिमको दृष्टिविन्दुको प्रयोग गरिएको छ । दुई भागमा विभाजित कथाको प्रथम भागमा प्रमुख पात्र नीनाले आफूले देखेको सपना प्रथम पुरुष दृष्टिविन्दुका आधारमा 'म' पात्र बनेर व्यक्त गरेकी छे । कथाको महत्त्वपूर्ण अंश पनि यही भाग नै हो । कथाको टुङ्ग्याउनीको रूपमा मात्र रहेको दोस्रो भागमा भने नीना र उसको श्रीमान् रमेशका बीचको संवाद प्रस्तुत गरिएकोले तृतीयपुरुष दृष्टिविन्दुको प्रयोग गरिएको छ ।

### ४.८.६ उद्देश्य

प्रत्येक स्त्रीमा यौन चाहना प्रबल रूपमा रहेको हुन्छ र त्यो सहज रूपमा पूरा हुन नसकेमा त्यसले सपना, तर्कना तथा भ्रमका माध्यमबाट निकास खोज्छ भन्ने कुराको शिक्षा दिनु नै प्रस्तुत कथाको प्रमुख उद्देश्य हो । सफल रूपमा पारिवारिक जीवन बिताउनको लागि यौनको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ र यसलाई पतिपत्नी दुबैले सहज रूपमा लिनुपर्छ । अन्यथा त्यसले विकृत रूप पनि लिन सक्छ भन्ने सन्देश प्रस्तुत कथाले दिएको छ ।

## ४.९ ओझेल परेको छायाँ कथा

### ४.९.१ कथावस्तु

कल्याण आफ्नो कोठामा बसिरहेको छ । ऊ निकै निराश छ खुसी हुन सकेको छैन । चुरोट खाँदा खोकी लागेपछि स्वास्नी कल्पनाले उसलाई गाली गर्छे । अनि कल्याणले पनि तिमीलाई के चासो भनी हप्काउँछ । त्यसपछि दुबैजनाको चर्काचर्की सुरु हुन्छ । कलपनाले अर्की राम्री, कसिलो ज्यान भएकी, कहिल्यै बुढी नहुने स्वास्नी ल्याउन भन्छे भने कल्याण उसलाई सम्झाउन थाल्छ । कल्पना बिस्तारामा पल्टेर आफ्नो विवाहपूर्वको जीवन सम्झिन पुग्छे । कल्याणले सम्झाउदा नमानेपछि ऊ पनि बिस्तारामा घोप्टो परेर आफ्नो कमजोरी लुकाउन थाल्छ ।

कानै खाने थोत्रो गाडीको हर्नले कल्पनाले बाटोमा हेर्छे । कल्याणको घर सोधेपछि कल्पनाले यही हो भन्छे । त्यसपछि चारपाँचजना विदेशीहरू गाडीबाट ओर्लेर घरभित्र छिर्छन् । कल्याणले विदेशीहरूलाई स्वागत गर्छ । उसको बैठकमा भएका मन्दिरका चित्र तथा मूर्तिहरू देखेर उनीहरू प्रभावित हुन्छन् । उनीहरू नेपालीहरूको जीवनशैलीप्रति प्रभावित हुन्छन् । कुराकै सन्दर्भमा जुली र ड्याभिस एकछिन आफ्नो डिभोर्सको बारेमा कराउन थाल्छन् । उनीहरूले कल्याणकी श्रीमती निकै खुसी भएको अनुमान गर्छन् । कल्याणसहित सबैजना गाडीमा गएपछि कल्पना उनीहरूलाई देखुन्जेल हेरिरहन्छे ।

किड्नीको सुलले अस्पतालमा भर्ना भएको कल्याणलाई भेट्न उसका साथीहरू आउँछन् । साथीहरूसँग मीठो बोल्ने तर आफूसँग रिसाउने कल्याणको व्यवहार देखेर कल्पना रिसाउँछे । उनीहरूले विगतमा गरेका कार्यहरू खोल्दै जान्छन् । असावधानीसाथ रक्सी सेवन गरेको, एकभन्दा धेरैसँग यौनसम्पर्क गरेका कुराहरू गर्छन् । जुलीलाई कसैले पनि सन्तुष्टि दिन नसकेको कुरा कल्याणकी साथीले भन्छे । यसैबीच प्रतिमालाई चिनेकी कल्पनाले उसको चरित्रहीन व्यवहार देखेर निकै गाली गर्छे र उसलाई लोग्ने र छोरा छोडेर नाठो खेलाउन पल्केकीसम्म भन्छे । प्रतिमाले उसलाई नचिने पनि उसले प्रतिमालाई चिनेकी हुन्छे । कल्याणले कल्पनालाई नबोल्न भनेपछि सबैजना चुप लाग्छन् ।

गल्ली भित्रको गन्हाउने होटलको कोठामा बीसबाइसजना बसेका छन् । रक्सी, गाँजा, चरेस, बिडी फालाफाल छन् । सबै युवायुवतीहरू अश्लीलतामा डुबेका छन् । ड्याभिस, कल्याण, प्रतिमा, जुली आदि एकएक रातको लागि सुत्ने कुरा गर्छन् । कसले कसलाई सन्तुष्टि दिन सकेन भन्ने कुरा गर्छन् । कल्पनालाई ड्याभिस जस्तो लोग्ने चाहिएको कुरा गर्छन् । कल्याण कल्पनाको कुरा आउनासाथ सिथिल बन्न पुग्छ ।

### ४.९.२ पात्र

प्रस्तुत कथाको प्रमुख पात्रका रूपमा कल्याणलाई लिन सकिन्छ । ऊ विवाहित पुरुष भए पनि आफ्नी श्रीमतीलाई उचित माया दिन सकेको छैन । विदेशी केटीहरूसँग रमाउने कल्याण गैरजिम्मेवार चरित्रका रूपमा देखिएको छ । समग्रमा ऊ प्रमुख विवाहित पुरुष, गैरजिम्मेवार, दुर्व्यसनीमा लागेको, स्थिर, प्रतिकूल प्रकृतिको चरित्र हो । त्यस्तै कल्पना पनि यस कथाकी प्रमुख

चरित्र हो । ऊ विवाहित महिला हो । ऊ आफ्नो श्रीमान्सँगको यौनक्रियाकलापबाट सन्तुष्ट बन्न सकेकी छैन । तर पनि ऊ अन्य परपुरुषसँग लागेकी छैन । पति र छोरालाई छोडी परपुरुषसँग लाग्ने प्रतिमालाई उसले निकै गाली गरेकी छे । त्यसैले कल्पना यौनपीडित भए पनि जिम्मेवार र अनुकूल चरित्रकी छे । समग्रमा ऊ विवाहित नारी, पतिपरायण, जिम्मेवार, स्थिर, अनुकूल तथा प्रतिनिधि चरित्रकी छे । यस कथामा अन्य ड्याभिस, प्रतिमा, निरु आदिजस्ता १५-२० जना पात्रहरू प्रत्यक्ष र अप्रत्यक्ष रूपमा आएका छन् । ड्याभिस र जुली सहायक पात्रहरू हुन् । उनीहरूले पतिपत्नी त्याग गरेका हुन् भने दुर्व्यसनीमा पनि लागेका छन् । खुला रूपमा सबैसँग यौनसम्पर्क राख्ने, जाँड रक्सी गाँजा चरेस खाने उनीहरू प्रतिकूल पात्र हुन् । अन्य सबै गौण पात्रका रूपमा कथामा आएका छन् ।

### ४.९.३ परिवेश

प्रस्तुत कथाको स्थानगत परिवेश राजधानी काठमाडौँका विभिन्न स्थानहरूमा अवस्थित छ । कल्याणको घर, अस्पतालको क्याविन तथा होटलको एउटा कोठा यहाँ परिवेशका रूपमा आएका छन् । यसका साथै पर्यटन व्यवसायमा देखिएका दुर्व्यसनी, असुरक्षित यौनसम्पर्क, पश्चिमी सभ्यताको अन्धानुकरण र यसले निम्त्याएको विकृति आदि समेत चित्रित बनेको छ । पर्यटकहरूको आगमनसँगै नेपालीहरू पनि पश्चिमी सभ्यताको अनुकरण गर्न थालेको विभिन्न विकृतितर्फ लाग्न थालेको तत्कालीन अवस्थाको चित्रण पनि परिवेशका रूपमा देखिएको छ ।

### ४.९.४ भाषाशैली

प्रस्तुत कथाको भाषा अत्यन्त सरल र सरस खालको छ । वर्णनात्मक शैलीमा लेखिए पनि आवश्यकताअनुसारका संवादहरूको पनि प्रयोग गरिएको छ । कथा चार अंशमा विभाजिन छ र त्यसलाई जोडचिन्ह (+) ले छुट्याएको छ । विदेशीहरूले पनि स्पष्ट नेपाली संवाद बोलेको भने अस्वाभाविक देखिन्छ । तर छोटाछोटा संवाद र प्रचलित शब्दको प्रयोगले कथा बुझ्न सजिलो बनाएको छ ।

### ४.९.५ दृष्टिविन्दु

वर्णनात्मक र संवादात्मक शैलीको मिश्रण गरी लेखिएको प्रस्तुत कथा तृतीयपुरुष दृष्टिविन्दुमा लेखिएको छ । विभिन्न पात्रहरूको प्रयोग गरी उनीहरू बीचको कार्यव्यापारलाई तृतीय पुरुषीय शैलीमा व्यक्त गरिएको छ ।

### ४.९.६ उद्देश्य

पाश्चात्य छाडा संस्कृतिको अन्धानुकरणले निम्त्याएको पारिवारिक बेमेलको स्थिति देखाउनुका साथै मानिस एकजना साथीसँगमात्र यौनसन्तुष्टि प्राप्त गर्न सक्दैन भन्ने कुरा देखाउन खोज्नु प्रस्तुत कथाको प्रमुख उद्देश्य रहेको छ । कथामा पाश्चात्य विकृतिलाई, दुर्व्यसनीलाई, खुला यौनक्रियाकलापलाई अनुशरण गर्दा पारिवारिक अवस्था पीडादायी बनेको कुरा देखाइएको छ । अर्कातिर यौनसन्तुष्टि प्राप्त गर्न नसकेकी नारीका पीडाहरूलाई पनि प्रष्ट पार्न खोजिएको छ ।

## ४.१० भेलभित्रको फोका कथा

### ४.१०.१ कथावस्तु

एउटी ४० वर्षकी जस्ती अधवैंसे आइमाई श्यामको अफिसभित्र पसी । श्यामले आफू नै श्याम भएको जानकारी दिएपछि उसले अञ्जुलाई भेट्न आएको कुरा गरी । अञ्जुको नयाँ लोग्ने तपाईं नै होइन ? भन्दा श्यामले अञ्जुलाई चिन्दिन भन्यो । त्यसपछि त्यो आइमाईले सँगै सुतेर पेट बोकाउने तर चिन्दिन भनेकोमा अञ्जुले भेडो बनाइसकिछ भन्छे । श्यामले उसका कुरा बुझ्न नसकेपछि स्पष्ट कुरा गर्न आग्रह गर्छ । त्यो आइमाईले अञ्जुले ल्याएको बीस हजार तिर्न र उसका छोराछोरी स्याहार्न भन्छे । श्याम रिसाएपछि तिमीजस्ता गल्लीका कुकुरहरू कुकुर्नी खोज्दै हिड्ने तर तिनीहरूको लालनपालन नगर्ने भन्दै रिसाएर बाहिर जान्छे । पाँच बजेपछि शून्य मनस्थिति लिएर श्याम घरमा जान्छ र बिस्तारामा पल्टिन्छ । छोरीलाई चिया बनाउन लगाएपछि उसले अञ्जुका बारेमा सम्झिन पुग्यो । दुब्ली पातली निकै सुन्दर अनुहारकी उसलाई अफिसकै कर्मचारी रबिले परिचय गराएको थियो र छिटै आफूले विवाह गर्ने कुरा गरेको थियो । उसको काम गराइबाट प्रभावित श्यामले उसलाई बदनाम गर्न कसैले नाटक गरेको होला भन्ने सम्झ्यो । यसैबीच उसले चारपाँच दिन पहिले आएको रजिस्टर चिठी झिकेर पढ्न थाल्यो ।

चिठी हाल झापाको सरकारी कार्यालयमा कार्यरत कुमार भन्ने मान्छेको रहेछ । उसले अञ्जुले आफ्नो जीवनलाई कसरी तहसनहस पारी भन्ने कुरा पत्रमा उल्लेख गरेको हुन्छ । उसले अञ्जुलाई दुई वर्षसम्म अविवाहित श्रीमतीका रूपमा राखेर भोगेको हुन्छ । अञ्जुलाई विवाह गर्न ताकेता गरेपछि अञ्जु त्यहाँबाट भागेर हिड्छे । पछि उसको जीवनबारे बुझ्दा अञ्जु र मञ्जु जुम्ल्याहा दिदीबहिनी भएको, दुबैको एकैजनासित विवाह भएको र बच्चा पाएको कुरा थाहा हुन्छ । उनीहरूले बच्चा खर्साङको स्कुलमा भर्ना गरेका र भेट्न पनि जाने गर्छन् । यदि अञ्जु तपाईंको अफिसमा आई भने ऊसँग सचेत रहनुहोला भनी पत्रमा लेखेको हुन्छ । पत्र पढेपछि श्याम थकित हुन्छ र श्रीमतीलाई कफी बनाउन लगाउँछ ।

टुरबाट फर्केपछि श्याम अफिसमा दिनभरि व्यस्त हुन्छ । दिनभरिको झमेला पछि चार बजेतिर रबिलाई बुझ्दा ऊ विदामा हुन्छ । पाँचबजेतिर घरमा पुगी आरामसित टि.भी. हेरिएको अवस्थामा रवि त्यही आउँछ । उसले धेरै समयसम्म घरतिर नहेरेकोले अहिले सबै चाँजोपाँजो मिलाएर आएको कुरा गर्छ । अञ्जुसँग विवाह गर्नुभयो भन्दा उसले अञ्जुले पहिले नै अरूसँग विवाह गरिसकेकीले उसको बाबुलाई सोधेर मात्र विवाह गर्ने कुरा पर्छ । पछि अञ्जु आएपछि ऊ श्यामको घरबाट बाहिरिन्छ । अञ्जुले रविसँग विवाह गर्दिन भन्दै श्यामलाई पेट बोकाउन आग्रह गर्छे । पछि एवोर्सन गर्छु तर अहिले दुई सय रूपैयाँ नभइ भएन भन्छे । श्याम भने अञ्जुलाई एकनाससित हेरिरहन्छ ।

### ४.१०.२ पात्र

प्रस्तुत कथाकी प्रमुख पात्र अञ्जु हो । ऊ एउटी विवाहित महिला, बच्चाकी आमा भए पनि सबैसँग अविवाहित भएको नाटक गर्दै हिड्छे । उसको वास्तविक श्रीमान् को हो भन्ने थाहा नभए पनि जहाँ जान्छे त्यहीका केटालाई फसाएर उसलाई लुटेर छाडिदिन्छे । उसले ताप्लेजुङमा

काम गर्ने कुमार र काठाडौंमा काम गर्ने रविसँग प्रेमको नाटक रचेर उनीहरूको सर्वश्व लुटेपछि फरार हुन खोज्छे । उसको बच्चा खर्साङको स्कुलमा भएकोले बराबर भेट्न पनि जान्छे । ऊ रूपमा सुन्दरी भए पनि व्यवहारमा कलुषित भएकी छे । सबैसँग यौनसम्पर्क राखेर बच्चा फ्याक्ने तथा केटालाई लुटेर कङ्गाल बनाउने उसको पेशा नै हो । त्यसैले समग्रमा अञ्जु विवाहित महिला, गैरजिम्मेवार, यौनप्रति आशक्त, प्रतिकूल, स्थिर र व्यक्तिगतचरित्र हो भन्न सकिन्छ । त्यस्तै श्याम यस कथाको सहायक चरित्र हो । ऊ एउटा अफिसको म्यानेजर हो । ऊ कुशल, कार्यप्रति इमान्दार जिम्मेवार व्यक्ति हो । ऊ विवाहित छ । उसका श्रीमती र छोरी पनि छन् । ऊ दिनभरि अफिसको काममा व्यस्त रहन्छ । त्यसैले श्याम विवाहित पुरुष, अनुकूल, स्थिर र प्रतिनिधि पात्रको रूपमा देखिन्छ । त्यसैगरी कुमार, रवि, अधवैंसे महिला, श्यामका श्रीमती र छोरी अञ्जुको बच्चा आदि गौण पात्र हुन् । उनीहरूको भूमिका प्रभावकारी बन्न सकेको छैन ।

### ४.१०.३ परिवेश

प्रस्तुत कथाको स्थानगत परिवेशका रूपमा नेपालको राजधानी काठमाडौँ आएको छ । काठमाडौँमा अवस्थित श्यामले काम गर्ने अफिस र उसको घर कथाको कार्यपीठिकाका रूपमा आएको छ । यसको समयगत सन्दर्भ चाहिँ लगभग ४-५ महिनाको समयावधिसम्म लम्बिएर आएको छ । तैपनि कथामा अप्रत्यक्ष रूपमा आएको प्रसङ्ग भने ताप्लेजुङमा कुमारसँग बिताएको दुई वर्ष र त्योभन्दा अघिको पतिबाट जन्मिएको बच्चाको सन्दर्भले सात आठ वर्ष लामो घटनालाई समेटिएको पाइन्छ । त्यस्तै ताप्लेजुङ, झापा, खर्साङ, सिलिगुडी आदि पनि स्थानगत परिवेशका रूपमा देखिएका छन् । यसका साथै अफिसमा काम गर्न रुचाउने युवापुस्ता, केटालाई खेलौनाको रूपमा राखेर मनोरञ्जनको साधन बनाउने छाडा केटीको व्यवहारले पनि तत्कालीन समसामयिक सन्दर्भलाई देखाएको छ ।

### ४.१०.४ भाषाशैली

प्रस्तुत कथाको भाषाशैली सरल र सरस खालको छ । कथामा विभिन्न प्रसङ्गलाई जोड्ने, पत्रको प्रयोग तथा पूर्वदीप्ति शैलीको पनि प्रयोग गरिएको छ । विभिन्न घटनाहरूलाई वर्णन र संवादका रूपमा सोझो तरिकाले व्यक्त गरिएकाले कथा जोकोहीले पनि बुझ्न सक्ने खालको छ । छोटाछोटा संवाद र प्रचलित शब्दको प्रयोग गरिएको छ । अञ्जुको जीवनवर्णनमा कुतूहलता प्रभावकारी बन्न पुगेको छ ।

### ४.१०.५ दृष्टिविन्दु

कथामा विभिन्न पात्रहरूको प्रयोग गरी तिनीहरूका बीचको संवाद देखाइएकोले तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको पाइन्छ । कुमारले श्यामलाई लेखेको पत्रमा भने प्रथमपुरुष दृष्टिविन्दु पाइन्छ । यसरी तृतीयपुरुषीय कथाभित्र प्रथम पुरुषीय प्रसङ्ग जोडिएकोले समग्रमा कथाको दृष्टिविन्दु भने मिश्रित किसिमको बन्न पुगेको छ ।

### ४.१०.६ उद्देश्य

नारीहरूमा रहेको यौनभोक देखाउनु नै प्रस्तुत कथाको प्रमुख उद्देश्य हो । नारीहरूमा यौनचाहना तीव्र रूपमा रहेको हुन्छ र त्यसलाई पूरा गर्न उनीहरूले जस्तोसुकै निर्णय पनि लिन

सक्छन् भन्ने कुरा अञ्जुको जीवनीबाट थाहा पाउन सकिन्छ । कथाले यस्तो निर्णयबाट उनीहरू दुर्घटित पनि हुन सक्छन् भन्ने सन्देश पनि दिएको छ ।

## ४.११ फर्सीको झोल कथा

### ४.११.१ कथावस्तु

बिनोद र प्रतिमाले राखेको पार्टीमा विभिन्न आफन्तहरू आइरहेका छन् । उनीहरूको छिमेकी दाइ चाहिँ माथि एक्लै बसेका छन् । दाइसँगै बसेको बिनोदले दाइलाई अलि मीठोमीठो ख्वाउन भन्छ । उनीहरूले तलका पाहुनाहरूलाई पनि हेर्दै र दाइलाई पनि समय दिँदै गरेका छन् । दाइ र बिनोदले विस्तारै रक्सी खान थाल्छन् भने प्रतिमाले पाहुनाहरूको रेखदेख गर्छिन् । एकछिनपछि बिनोद पनि पाहुनातिरै जान्छ । यसैबीच दाइले प्रतिमाको शरीरलाई नियालेर हेर्छ । कस्सिएको ब्लाउज, कलेजी साडी, स्पष्ट देखिएको सेतो ब्रेसियर, घाटीको नेकलेस, फुकाएको कपाल, प्रतिमा पार्टीमा सबैमा आकर्षणको केन्द्र बनेकी थिई । प्रतिमाले बीचबीचमा दाइसँग आँखा जुधाउदै ठट्टा गर्छे भने दाइ लाजले आँखा झुकाउँछ । उनीहरू ठट्टा गर्दै रमाइरहेका हुन्छन् । प्रतिमा दिनभरिको दौडधुपले गर्दा निकै थाकेकी हुन्छे भने पसिनाले निथ्रुक्क भिजेकी हुन्छे । दाइले चिसो दही खान आग्रह गरेपछि दुबैजनाले दही खान्छन् । दाइले थोरै खाएको देखेर अलि टन्न खानुपर्छ र मोटो भइन्छ भन्छे अनि मेरो फिलाको मासु दाइलाई दिऊँ कि भनी ठट्टा गर्छे ।

मान्छेको भीड कम हुँदै जान्छ, उज्यालो पनि अँध्यारोमा परिणत हुन्छ । साँझ आठ बजेपछि बिनोद बाहिरबाट आयो र दाइसित बस्यो । त्यसपछि दुबैजना माथिको कोठामा गई जुत्ता फुकालेर चकलामा बसे । दाइलाई भोक लागेकोले र ढिला पनि भएकोले बिनोदले छिटो गर्न भन्छ तर प्रतिमाले आज दाइ यही बस्नुहुन्छ के को ढिला भनी उल्टो प्रश्न गर्छे । प्रतिमाले रक्सीका बोतल, मासु, गिलास पानी ल्याउछे अनि आफूले पनि कपडा फेरेर बस्छे । दाइले पनि टाइ कोट फुकालेर बस्छ । बिनोदको कुर्ता लगाउन उसले मान्दैन । त्यसपछि तीनैजनाले रक्सी खान थाल्छन् । रमाइला रमाइला गफहरू चल्दै जान्छन् भने प्लेटका मासु र रक्सीका गिलास पनि भर्ने क्रम जारी हुन्छ । दुई सिसी रक्सी सकेपछि बिनोदलाई निकै लाग्छ । ऊ लरबरिन थालेपछि दुबैजनाले उसलाई सुताइदिन्छन् । अरू रक्सी खाएपछि प्रतिमाले दाइलाई अङ्गालो हाल्छे । अरू रक्सी थपेपछि प्रतिमाले आज दाइलाई मैसँग सुताउछु र चटनी बनाउछु भन्छे भने दाइले पनि मोटी फर्सीको झोल पनि खाइदिन्छु भन्छ । दुबैलाई निकै लागेपछि एक अर्कालाई मुसार्दै अङ्कमाल गर्न पुग्छन् ।

भिनाजु भेट्न दिदीको घरमा गएकी प्रतिमालाई भिनाजुले तिमीलाई त पेट बोकाइदिएछ होइन भनी सोध्छन् । त्यसपछि प्रतिमाले पनि खै हजुरले सक्नुभएन त भनी प्रतिप्रश्न गर्छिन् र कथा पनि समाप्त हुन्छ ।

### ४.११.२ पात्र

प्रस्तुत कथाकी प्रमुख पात्र प्रतिमा हो । ऊ विवाहित महिला भए पनि सन्तान भने जन्माएकी छैन । ऊ निकै सुन्दर र मोटी खालकी छे । ऊ निकै हँसिली र मिलनसार तथा मीठो बोल्ने खालकी छे । ऊ सहरीया र सम्पन्नशाली परिवारमा हुर्केकीले अलि छाडा खालकी छे ।

उसले छिमेकी दाइसँग आँखा जुधाउने र जिस्काउने जस्ता कार्य गर्छे र ऊ पुरुषहरूसँग सँगै बसेर रक्सी खाने र परपुरुषसँग सहज रूपमै यौन सम्पर्क गर्ने खालकी छे । समग्रमा ऊ सुन्दर, मृदुभाषी, हसिली भए पनि कामुक उत्तेजक खालकी छे । त्यसैले प्रतिमा प्रमुख, स्थिर, प्रतिकूल र व्यक्तिगत चरित्रका रूपमा देखिएकी छे ।

त्यस्तै दाइ यस कथाको सहायक पात्र हो । ऊ धेरै नबोल्ने, गम्भीर खालको देखिन्छ । ऊ वयस्क खालको छ । ऊ छिल्लिएकी युवतीसँग बोल्न नसकेर आँखा झुकाउने खालको लजालु पात्र हो । रक्सीको मातमा ऊ अर्काकी श्रीमतीसँग रमाउने पात्र पनि हो । त्यसैले ऊ गम्भीर र सोझो खालको देखिए पनि रक्सी खाने र परस्त्रीगमन गर्ने पात्र हो । ऊ वयस्क पुरुष, स्थिर, व्यक्तिगत र अनुकूल खालको चरित्र हो । बिनोद पनि कथाको सहायक पात्र हो । ऊ सम्पन्नशाली खालको छ । उसले आफ्नी श्रीमतीलाई यौनसन्तुष्टि दिनसकेको छैन । रक्सी खाएपछि अचेत बन्ने ऊ विवाहित पुरुष, स्थिर, बर्हिमुखी, व्यक्तिगत र अनुकूल चरित्र हो । त्यस्तै रमेश, दिदी, भिनाजु तथा पार्टीमा उपस्थित अन्य पात्रहरू प्रसङ्गका रूपमा मात्र आएका छन् । प्रत्यक्ष उपस्थित नभएका र प्रभावकारी भूमिका पनि नभएका उनीहरू गौण पात्रका रूपमा सीमित छन् ।

### ४.११.३ परिवेश

सहरीया सम्भ्रान्त खालको परिवारलाई लिएर लेखिएको प्रस्तुत कथाको स्थानगत परिवेश राजधानी काठमाडौँ नै आएको छ । काठमाडौँको सम्पन्नशाली परिवारमा हुने गरेका घटना यहाँ चित्रित छन् । त्यस्तै पश्चिम नेपालको भैरहवालाई पनि प्रसङ्गका रूपमा उठाइएको छ । दिउसो तीनचार बजेदेखि लगभग रातिको १२ बजेसम्मको समयावधि तथा त्यसको केही दिनपछिको समयावधि समयगत परिवेशका रूपमा आएको छ । यसका साथै सहरीया संस्कारमा हुने गरेका भोजभतेरको चित्रण, तिनीहरूको भेषभूषा, रहनसहन, संस्कार तथा छाडा संस्कृति पनि परिवेशका रूपमा चित्रित भएका छन् ।

### ४.११.४ भाषाशैली

प्रस्तुत कथाको भाषा निकै सरल र सरस रहेको छ । संवादात्मक शैलीमा लेखिएको यस कथामा छोटोछोटा संवादको प्रयोग गरिएको छ । प्रचलित नेपाली शब्दको प्रयोग गर्नु पनि भाषागत विशेषता बनेको छ । सहरीया संस्कारका विकृतिहरूलाई सरल भाषामा सबैले बुझ्ने गरी प्रस्तुत गर्नु कथाकारको भाषागत खुबी देखिन्छ । तीन अंशमा विभाजित कथालाई जोड चिन्ह (+) ले एक आपसमा छुट्याएर राखेका छन् ।

### ४.११.५ दृष्टिविन्दु

विभिन्न पात्रहरूको प्रयोग गरी तिनीहरूबीच संवादको प्रयोग गरिएकोले कथा तृतीय पुरुष दृष्टिविन्दुमा रचना भएको छ । कथामा कथाकार कही पनि प्रस्तुत भएका छैनन् । विभिन्न पात्रहरू प्रयोग गरी तिनीहरूको क्रियाकलाप तृतीय पुरुषीय शैलीमा गरिएको छ ।

### ४.११.६ उद्देश्य

शहरीया सम्भ्रान्त परिवारमा देखिएका विकृतिहरूलाई देखाउँदै सम्पन्न परिवारका नारीहरूको घृणित चरित्र देखाउनु कथाको प्रमुख उद्देश्य हो । सहरीया परिवेशका मानिसहरू

आडम्बरी र देखावटी हुन्छन् । उनीहरू भित्रभित्रै जाड, रक्सी, रन्डीबाजी, वेश्यावृत्ति आदि कार्यमा लागेका हुन्छन् भन्ने कुरालाई प्रस्तुत कथाले छर्लङ्ग पारेको छ ।

## ४.१२ मौन कथा

### ४.१२.१ कथावस्तु

रमा अफिसबाट एक वर्षको लागि दिल्ली जाने भएकोले बहिनी विन्दुलाई बोलाएर सबै कुरा सिकाउन थाली । रमाले सामानहरू मिलाउन, ढोका खुलै नराख्न र भिनाजुलाई राम्ररी खुवाउन भनी । प्रकाश आएपछि सुटकेसहरू लिएर साइत गरी रमा हिडिन् भने उनीहरू पनि एयरपोर्टसम्म छोड्न गए । रमा उडेपछि उनीहरू कोठामा आए । विन्दुलाई कफी बनाउन भनेपछि प्रकाश कफी खाएर नुहाउन गयो । विन्दुले रमाको कोठाका सामानहरू मिलाउन थाली । रमाको ब्रेसियर हेरेर विन्दुले कति ठूलो रहेछ भनी । प्रकाश नुहाएर आएपछि विन्दुले उसलाई नाइट गाउन दिई अनि आफूले पनि फूलको पछाडी गएर सबै लुगा फुकालेर पेटिकोट लगाई । प्रकाशले विन्दुले सबै लुगा खोलेको हेरिरहेको थियो । त्यसपछि विन्दु पनि रमाको गाउन लिएर नुहाउन गई । विन्दुले पनि नुहाएर पेटिकोट मात्र लगाएर आई । गाउन उसले सुत्ने बेलामा लगाउने विचार गरी । कोठामा भिनाजुलाई देखेपछि ऊ हाँस्दै जिस्किन थाली । अनि दुबैजना एक अर्कालाई हेरेर निकैबेर हाँसिरहे ।

साँझको खाना विन्दुले चाँडै तयार पारी । खाना खाइसकेपछि सबै काम सकेर रमाले भनेको कोठामा विन्दु गएर बसी । उसले रमाइला कुराहरूको कल्पनामा डुबेकी थिई । निकैबेरसम्म पनि प्रकाश नआएपछि ऊ रिसाई र भनी नाइट गाउन लाएर रमा बन्दा पनि नआउने पापी मोरो । उता प्रकाश पनि विस्तारामा गएर विन्दुलाई नै कुरिरहेको हुन्छ । लामो समयसम्म नआएपछि ऊ पनि रिसाउँदै भन्छ गाउन लाएर रमा बन्दा पनि नआउने मोटी । रात धेरै बितिसक्दा पनि दुबैजना एक अर्काको प्रतीक्षामा बसे । भोलिपल्ट बिहान बिन्दुले चिया लिएर प्रकाशको कोठामा गई । हिजो राति किन नआएको भनी प्रकाशले सोध्छ अनि विन्दुले मैले पनि तपाईलाई नै कुरिरहे तपाई नआएकोले पछि एक्लै सुते भन्छे ।

### ४.१२.२ पात्र

प्रस्तुत कथाकी प्रमुख पात्र विन्दु हो । ऊ यौवनले भरिपूर्ण अविवाहित युवती हो । दिदी हुन्जेलसम्म कोठामा पस्न लजाउने ऊ दिदी दिल्ली गएपछि भिनाजुसँग निर्धक्कसँग बोल्न थालेकी छे । भिनाजुसँग जिस्किरहने ऊ यौनाशक्त भएको पनि देखिन्छ । उसले दिदीको नाइट गाउन लगाएर भिनाजुलाई आमन्त्रण गरेकी छे भने ऊ नआएपछि निकै रिसाएकी छे । समग्रमा विन्दु अविवाहित नारी, यौवनले भरिपूर्ण, यौनाशक्त, स्थिर, चञ्चले र व्यक्तिगत चरित्रकी देखिएकी छे । त्यस्तै प्रकाश यस कथाको सहायक पात्र हो । ऊ विवाहित पुरुष हो । ऊ आफ्नै सालीलाई समेत यौनसम्पर्क गर्न खोज्ने पात्र हो । सालीसँग यौनसम्पर्क गर्न चाहे पनि नराम्रो काम नगरेकोले ऊ अनुकूल चरित्र हो भन्न सकिन्छ । ऊ वयस्क, स्थिर, अनुकूल तथा व्यक्तिगत पात्र हो । रमा यस कथामा उपस्थित भए पनि उसको भूमिका प्रभावकारी हुन नसकेका कारण उसलाई गौण पात्रका रूपमा लिन सकिन्छ ।

### ४.१२.३ परिवेश

प्रस्तुत कथाको स्थानगत परिवेशका रूपमा नेपालको सहरी क्षेत्र सम्भवतः राजधानी काठमाडौँ आएको छ । त्यसमा पनि प्रकाशको घर र एयरपोर्ट प्रत्यक्ष रूपमा आएका छन् भने दिल्ली प्रसङ्गका रूपमा आएको छ । आज बिहानदेखि भोलि बिहानसम्मको लगभग चौबिस घण्टाभित्र घटित घटना समयगत परिवेशका रूपमा आएको छ । यसका साथै गर्मी मौसमको समयलाई लिइएको कुरा पनि कथाबाट थाहा पाउन सकिन्छ । त्यस्तै गाउन लगाउने चलन तथा खुला संस्कारको झलक पनि कथामा आएको छ ।

### ४.१२.४ भाषाशैली

प्रस्तुत कथाको भाषा सरल र बोधगम्य भए पनि कतिपय विरोधाभाषपूर्ण प्रसङ्गहरू पनि आएका छन् । कथाको सुरुमै दश बजेको फ्लाइटको जानकारी दिइएको छ भने पात्र प्रकाशले १२ बजेको फ्लाइटको जानकारी दिएको छ । त्यस्तै रातभरि एक्लाएक्लै तड्पिनेहरूले भोलि बिहान भएपछि खुला रूपमै हिजो राति किन नआएको भनी कुरा गरेको छ । यी कमजोरीदेखि अन्य कुरा भने कथामा सहज रूपमा आएको छ । छोटा संवाद र सरल भाषाको प्रयोग कथाको प्रमुख वैशिष्ट्य बनेको छ ।

### ४.१२.५ दृष्टिविन्दु

कथामा विभिन्न पात्रहरूको प्रयोग गरी संवादका माध्यमले घटना प्रस्तुत गरिएकाले तृतीयपुरुष दृष्टिविन्दुको प्रयोग भएको देखिन्छ । पात्रहरू तृतीय पुरुषका छन् र तिनीहरूको संवाद पनि त्यसमै आधारित छ ।

### ४.१२.६ उद्देश्य

नारी र पुरुषबीचको यौनचाहना जहिले पनि र जोसँग पनि आउन सक्छ भन्ने कुरा प्रस्तुत गर्नु यस कथाको प्रमुख उद्देश्य हो । यस कथामा साली र भेना बीचको यौनाशक्तिको बारेमा प्रस्तुत गर्दै यौन सार्वभौम कुरा हो भन्ने सन्देश दिन खोजिएको छ ।

## ४.१३ उत्तेजित म्वाइँ कथा

### ४.१३.१ कथावस्तु

शनिवारको दिन बिहानैदेखि उत्तमको कोठामा साथीहरूको भीड लागेको थियो । बारम्बार चिया ओसार्दा श्रीमतीको अनुहार फरक भइसकेको थियो । साथीहरूलाई स्वागत र बिदाइ गर्दै ठीक भएपछि साथीहरूले गफ गर्न मजा नआएको कुरा गर्न थाले अनि उत्तमले साथीहरूमै भए पनि गफ गर्न आग्रह गर्छ । यसैबीच गीता, विष्णु, शङ्करका बीच कुराकानी हुन्छ । उनीहरूले मान्छेको स्वभावका बारेमा कुरा गर्छन् । उनीहरूले मान्छे कोही पनि खुल्ला हुँदैन सबै स्वार्थी हुन्छन्, मानिस बाध्यताले नाङ्गिनुपर्छजस्ता दार्शनिक कुराहरू गर्छन् । गीताले मान्छेले आफ्नो इच्छालाई लत्याउन सक्दैन भन्छे । यस बीचमा उत्तमले तलै एकदुई जनालाई भेटेर पठाइसकेको हुन्छ ।

साँझ टि.भी. हेरिसकेपछि उत्तम ओछ्यानमा पस्छ । सबै काम सकेर रीता पनि आउछे अनि दुबै जिस्किदै कुरा गर्न थाल्दछन् । मारवाडिनी ल्याउने कुरा, गीतालाई मिलाउने कुरा, केटी भनेपछि केटा हुरुक्कै हुने कुरा हुन थाल्छन् । रीताले बुढो भएर पनि केटी खोज्दै हिड्ने भनेर गाली गर्छे भने उत्तमले चाहिँ तिम्रैपछि हिड्ने धेरै भएपछि तिमी कसैको पछि लाग्नु परेन भन्छ । रीताले जिस्किदै जतिजना ल्याए पनि ल्याऊ स्वास्नीलाई हेला गरेजस्तो हो र ? भन्न थाल्छे । निकै लामो समयसम्म फोनको घण्टी बजेपछि उत्तमले फोन उठाउँछ । उताबाट केटीको आवाज आउँछ । लामो समयसम्म पनि उताको मान्छेले आफ्नो परिचय नदिए पछि रिसाउँदै फोन रीतालाई दिन्छ । एकछिन रीताले पनि चिन्दिन । पछि प्रमिला भन्ने थाहा पाएपछि बल्ल गाली गर्छे । प्रमिलाले प्रमोद क्यानाडाबाट दश वर्षपछि आएकोले भेट्न र उसको रहर पुऱ्याइदिन भन्छे । रीता प्रमोदसँगै कुरा गर्छे र श्रीमान्लाई लिएर आउँदैछु भन्छे अनि उत्तम उत्तेजित भएर उठ्छ र रीतालाई अङ्गालोमा कसेर हाँस्दै म्वाइँ खान्छ ।

### ४.१३.२ पात्र

प्रस्तुत कथाको प्रमुख पात्र उत्तम हो । ऊ विवाहित पुरुष हो । विदाको दिनमा समेत अति व्यस्त रहने ऊ यौनआशक्त भएको पात्र हो । घरमा विवाहित श्रीमती हुँदाहुँदै पनि उसले परस्त्री भोगको चाहना राख्दछ । यौनका बारेमा खुलेर कुरा गर्ने ऊ सहरीया सम्भ्रान्त सभ्यतामा हुर्किएको छ । समग्रमा ऊ प्रमुख, विवाहित पुरुष, यौनाशक्त, स्थिर, व्यक्तिगत र प्रतिकूल स्वभावको पात्र हो । त्यस्तै रीता पनि यस कथाकी प्रमुख पात्र हो । ऊ विवाहित नारी हो । घरमा पति हुँदाहुँदै पनि ऊ परपुरुषसँग सम्पर्क राख्न रुचाउछे । ऊ पनि प्रमुख, विवाहित, कामाशक्त, स्थिर, व्यक्तिगत र प्रतिकूल चरित्रकी छे । त्यसैगरी कथामा सामान्य रूपमा उपस्थित भएका विष्णु, गीता, शङ्कर, प्रमिला र प्रमोद गौण पात्रका रूपमा देखिएका छन् । कथामा उनीहरूको भूमिका प्रभावकारी बन्न सकेको छैन ।

### ४.१३.३ परिवेश

प्रस्तुत कथाको परिवेश काठमाडौँको एउटा घर रहेको छ । काठमाडौँमा बस्ने उत्तम र उसको घरमा बिहानदेखि रातिसम्मका घटनालाई प्रस्तुत कथामा परिवेशका रूपमा चित्रित गरिएको छ । उत्तमको घरको बैठककोठा र सुत्नेकोठा प्रमुख रूपमा आएका छन् भने भान्साकोठाको पनि चित्रण पाइन्छ । यसैगरी क्यानाडाको प्रसङ्ग पनि उठाइएको छ । त्यसैगरी शनिवारको दिन रातिसम्मको समयगत परिवेशका रूपमा आएको छ । त्यस्तै विदाको दिन साथीभाइ भेटघाट हुने र गफगाफ गर्ने, पति र पत्नीका बीचमा यौनका बारेमा खुलेर कुरा हुने, पुरुष तथा महिलाका बीचमा पनि खुलेर कुरा हुने । महिला पुरुष दुबैले एकभन्दा बढीसँग यौनसम्पर्क गर्न रुचाउने जस्ता सन्दर्भहरूले पनि तत्कालीन पारिस्थितिक अवस्थाको झल्को दिएका छन् ।

### ४.१३.४ भाषाशैली

प्रस्तुत कथाको भाषा सरल र सुबोध खालको छ । संवादका माध्यमबाट विभिन्न घटनाहरूलाई सान्दर्भिक तरिकाले प्रस्तुत गरिएको छ । एक दर्जन जति कथा लेखिसकेका

लोहनीले यौनमूलक विषयवस्तुलाई कथामा उतार्दा विस्तारै अश्लीलतातिर लागेको पाउन सकिन्छ भने कलात्मकता बिस्तारै कमजोर बन्दै नाराको रूपमा कथा कडा बन्दै जान थालेको कुरा थाहा पाउन सकिन्छ । उनको भाषिक कला बिस्तारै खस्केको महसुस गर्न सकिन्छ ।

### ४.१३.५ दृष्टिविन्दु

प्रस्तुत कथाको दृष्टिविन्दु तृतीय पुरुषमा आधारित रहेको छ । तृतीय पुरुषकेन्द्री विभिन्न पात्रहरूको प्रयोग गरी तिनीहरूका बीच संवादको प्रयोग गरिएको छ । कथामा कथाकार कही पनि उपस्थित छैनन् भने कुनै पनि पात्र प्रथम पुरुष (म पात्र) का रूपमा उपस्थित छैन । त्यसैले यो कथा तृतीय पुरुष दृष्टिविन्दुमा आधारित छ भन्न सकिन्छ ।

### ४.१३.६ उद्देश्य

नारी र पुरुष दुवैमा यौनउत्तेजना तीव्र हुन्छ र उनीहरूले जोसँग पनि सम्पर्क राख्न रुचाउँछन् भन्ने कुरालाई प्रस्तुत गर्नु यस कथाको मुख्य उद्देश्य हो । कथाका प्रमुख पात्र उत्तम र रीता दुबै कामाशक्त छन् । आफू दम्पती भएर पनि दुबैले अरूसँग यौनक्रियाकलाप गर्न रुचाएका छन् । त्यसैले कथाले पतिपत्नीले यौनसम्पर्कले मात्र उनीहरू सन्तुष्ट हुँदैनन् भन्ने सन्देश दिएको छ ।

## ४.१४ मेरो राजा कथा

### ४.१४.१ कथावस्तु

कुखुराको मासु र अलिकति भात लिएर कान्छी मैयाँ फुपूको कोठाभित्र पस्छे । कान्छीले आज त एक्लै पो हुनुहुँदोरहेछ भन्दा मैयाले यो रातिमा को खोजौँ आज त यही बस भन्छे । अनि कान्छीले प्रमोदलाई बोलाइदिऊँ भन्दा पर्दैन त्यो मोरोलाई बोलाउन बानी बिगारिदिएर निद्रै लाग्दैन भन्छे । त्यसो भए निद्रा लाग्ने औषधि ल्याइदिन्छु भन्दा मैयाले प्रमोदलाई बोलाएर तँसँग सुताइदिन्छु अनि थाहा पाउछेस् भन्छे । कान्छीले पुड्केको घरकी बाहुनीले भोटिनीसँग विवाह गरेको कुरा गर्छे । लोग्नेमान्छे जस्ती भोटिनीले दिनहुँ दाडीजुँगा फाल्ने कुरा गर्दा पञ्जावी बाबु र भोटिनी आमाको खच्चडको त्यस्तै बलिस्ट जीउ हुने कुरा मैया गर्छे । रात धेरै बितेकोले कान्छी आफ्नो कोठामा सुत्न जान्छे ।

मैयाँ फुपूलाई रातभर निद्रा लाग्दैन । कहिले झ्यालमा बस्ने, कहिले ऐनामा आफूलाई हेर्ने, कहिले चुरोट तान्ने गर्छिन् । आफ्ना इच्छाहरूलाई मनमनै सम्झन खोज्दा उनी झस्कन्छिन् । यसैबेला ढोका हानेको सुनेपछि ढोका खोल्छिन् । कान्छीले फोन आएको कुरा गर्छे । यस्तो रातिमा बोलाएकोले मैयाँ रिसाउँदै फोनमा जान्छिन् । फोन नीताले गरेकी हुन्छे । ऊसित फोनमा एकछिन जिस्केपछि धेरै कुरा गर्नुछ भनी मैयाँले कोठामै बोलाउँछिन् । कान्छी ढोका खोलिदिन जान्छे भने नीता बारीबाट आउँछे । मुमा मामाको छोराको बिहेमा गएकोले घरमा मैयाँ र कान्छी मात्र हुन्छन् । नीताले पानी ल्याउन भन्छे अनि कान्छीले जिस्किदै पानी ल्याइदिन्छे । नीता र मैयाँले निकैबेर कुरा गर्दा कान्छीलाई मज्जा पनि लाग्छ र झर्को पनि लाग्छ । नीताले ठिङ्ग उभिएर कुरा सुनिरहेकी कान्छीलाई आफूतिर तान्छे । नीताले प्रमोदकी स्वास्नीले विष खाएर मरेको र उसले

पनि विष खाएको तर हस्पिटलमा भएको कुरा गर्छे  सुत्ने बेलामा नीताले कान्छीलाई काखमा बेसरी च्यापेर म्वाइँ खान्छे अनि मैयाँ फुपूले पनि बत्ती निभाएर मेरो राजा भन्दै चिच्याउन पुग्छे ।

### ४.१४.२ पात्र

प्रस्तुत कथाकी प्रमुख पात्र मैयाँ फुपू हो । ऊ यौवनले भरिपूर्ण अविवाहित नारी हो । प्रमोदसँगको यौनसम्पर्कले गर्दा रातिमा एक्लै सुत्न नसक्ने ऊ कोही नभएको बेलामा घरमै काम गर्ने कान्छीलाई च्यापेर सुत्छे । यसर्थ ऊ यौनपिपासु पात्रका रूपमा रहेको देखिन्छ । धनाढ्य परिवारमा हुर्किएकी उसले सबै किसिमका विलासिताका साधनको प्रयोग गरेकी छे । त्यसैले मैयाँ यौवन नारी, स्थिर, व्यक्तिगत तथा प्रतिकूल चरित्रकी पात्र हो भन्न सकिन्छ । त्यस्तै कान्छी यस कथाकी सहायक पात्र हो । मालिक्नीकी छोरीसँग खुलेर कुरा गर्ने ऊ भर्खर मात्र किशोरावस्थामा पुगेकी ठिटी हो । उसलाई यौनका बारेमा जान्न मन लाग्छ र जतिबेला पनि जिस्किने स्वभावकी छ । ऊ अविवाहित किशोरी, स्थिर, प्रतिनिधि र अनुकूल पात्र हो । त्यस्तै नीता, मुमा, प्रमोद, उसकी स्वास्नी, भोटिनी, पुड्केकी घरकी बाहुनी आदि गौण पात्र हुन् । यिनीहरूमध्ये नीता प्रत्यक्ष रूपमा कथामा उपस्थित भएकी छे भने अरू सबै पात्रहरू प्रसङ्गमा मात्र आएका छन् । कथामा तिनीहरूको भूमिका प्रभावकारी बन्न सकेको छैन ।

### ४.१४.३ परिवेश

प्रस्तुत कथाको स्थानगत परिवेश काठमाडौँ उपत्यकाको कुनै एउटा सम्भ्रान्त परिवार बनेको छ भने साँझदेखि रातिको समयमा लगभग सातआठ घण्टाको समयावधि समयगत परिवेशका रूपमा चित्रित भएको छ । यसका साथै कथामा प्रयोग भएको उच्च खानदानीया भाषाको पनि प्रयोग भएको छ । सम्भ्रान्त परिवारका केटीहरू भित्रभित्रै यौनक्रियाकलाप र दुर्व्यसनीमा संलग्न भएको कुरा पनि देखाइएको छ । यौनक्रियाकलापको अभावमा बस्नै नसक्ने र समलिङ्गी क्रियाकलापमा समेत सलग्न हुने कुराहरूले पनि तत्कालीन पारिस्थितिक अवस्थाको खुलस्त चित्रण गरेको छ ।

### ४.१४.४ भाषाशैली

प्रस्तुत कथाको भाषा सरल र सरस किसिमको छ । कथामा सहरीया र सम्भ्रान्त परिवारमा प्रयोग गरिने शब्दहरू जस्तैः मुमा, मैयाँ फुपू, बक्सियोस् आदि रहेका छन् । त्यस्तै समान उमेर भएका दुई स्त्रीको सम्वादमा भने निम्न आदरको भाषा र कुकुर्नीजस्ता गालीको समेत प्रयोग गरिएको छ । यस्ता किसिमका संवादले गर्दा कथाको भाषा स्वाभाविक बनेको छ । दुई अंशमा विभाजित कथाको प्रसङ्ग र सन्दर्भ भने एकै किसिमको रहेको छ । कथाकारका अघिल्ला कथाहरूमा पाइने साहित्यिक कलात्मकता भने पछिल्ला कथाका भाषामा विस्तारै कम हुँदै गएको देखिन्छ ।

### ४.१४.५ दृष्टिविन्दु

प्रस्तुत कथामा तृतीयपुरुष दृष्टिविन्दुको प्रयोग गरिएको छ । विभिन्न पात्रहरूको प्रयोग गरी तिनीहरूबीच संवादको प्रयोग गरिएकोले तथा कथाकार उपस्थित नभएकोले कथामा तृतीयपुरुष दृष्टिविन्दुको प्रयोग भएको हो ।

### ४.१४.६ उद्देश्य

सहरीया सम्भ्रान्त परिवारका नारीहरू भित्रभित्र कसरी यौनक्रियाकलापमा संलग्न हुन्छन् भन्ने कुरा देखाउनु प्रस्तुत कथाको मुख्य उद्देश्य हो । स्त्रीहरूमा यौनाशक्ति अत्यधिक रहेको हुन्छ । यदि पुरुषहरू पाएनन् भने उनीहरू समलिङ्गी क्रियाकलापमा समेत संलग्न हुन्छन् भन्ने कुरालाई कथाले स्पष्ट पारेको देखिन्छ ।

## ४.१५ डरभित्रको स्वरूप कथा

### ४.१५.१ कथावस्तु

चार तला माथिको होटलको एउटा सानो कोठामा रक्सी खाएर कराइरहेका मान्छेलाई म्यानेजरले अलि सानो स्वरमा कुरा गर्न आग्रह गर्छ । त्यसपछि उनीहरूले आफूले मागेका चीज नआएकाले छिटो पठाइदिन भन्छन् र त्यो थसुल्लीसँग पठाइदिन भन्छन् । यसैबेला थसुल्लीले रक्सी र आइस लिएर आउँछे । काउन्टरमा झगडा परेकोले छिटो हिसाब मिलाउन म्यानेजरलाई भन्छे । त्यसपछि रक्सी लागेका मानिसहरू थसुल्लीलाई जिस्काउन थाल्छन् । कोही दिदी भन्छन् भने कोही आमा भन्नुपर्ने कुरा गर्छन् । म्यानेजरले कुरा सुनिरह्यो, थसुल्लीको व्यवहार देखेर उसले अधवैंसेको कानमा सबै कुरा भन्यो र एकदुई दिनपछि उसलाई लिएर भेट्ने कुरा गऱ्यो । विहान दुई बजेतिर सबैजना उठे । काउन्टरमा एकछिन थसुल्लीसित गफ गरेर तिनैजना गाडीमा बसे । केटीको घरअगाडि पुगेर गाडी रोकिन्छ । उमेशले आफूसँगै लैजान खोज्दा केटी मान्दिन र घरतिर लाग्छे । घरको ढोका खुला देखेपछि उसले बाजेलाई बोलाउँछे । ढोका खुला राखेकोमा निकै गाली गर्दै केटी आफ्नो कोठामा जान्छे । सधैंभरि गाली गरिरहँदा बाजे पनि निकै रिसाउँछ । एकछिनपछि ढोकामा आवाज आउँछ । ढोका खोल्दा मालिकले साथी ल्याएको हुन्छ । उसले तिमीसँग परिचय गर्न आएको हो तिमीलाई निकै माया गर्छ भनी स्वास्नीलाई भन्छ । उसले स्वास्नी साटूँ भन्छ भन्दा केटी निकै बम्किन्छे । उनीहरूले आफूलाई कन्टेनर सम्झेकोमा निकै रिसाउँछे र नयाँ मान्छेलाई गाली गर्छे । नयाँ मान्छेले पनि केटीलाई ऐनामा नाङ्गै भएर हेर्न आग्रह गर्छ । उसले तिमीजस्तो लुकेर होइन खुलेरै नाङ्गो हुन्छु भन्छ । केटीले म स्वतन्त्र मान्छे हुँ, कसैकी स्वास्नी होइन भन्दा नयाँ मान्छेले तिमीले पनि मेरी स्वास्नीलाई नाङ्गै पारेर हेरेकी छौ भन्छ । अनि केटीको लोग्नेले अरू कुनै दिन गफ गरौंला भनी अर्को कोठामा सुत्न जान्छन् भने केटी पनि कपडैसित सुत्छे । भोलिपल्ट विहान आठ बजेसम्म चियाखान नपाएपछि केटी बाजेको कोठामा ढोका हान्छे । बाजेले सबै कपडा पोको पारेर घर छोड्न लागेको हुन्छ । के भयो भनेर केटीले सोध्दा हिजो राति मालिक र नयाँ मान्छेले मालिक्नीको लोग्ने तैं होस् भनी खुकुरीले काट्न लागेको कुरा बतायो । अनि नयाँ मान्छेको छाति केटीको जस्तो भएको कुरा पनि भन्यो । केटीले फकाउँदा पनि बाजेले मानेन । दुबैजना नबोली एकछिन मुखमा हेराहेर मात्र गरिरहे ।

### ४.१५.२ पात्र

प्रस्तुत कथाकी प्रमुख पात्र मालिक्नी हो । ऊ विवाहित भए पनि उसका कुनै सन्तान छैनन् । ऊ विवाहित भए पनि जाँडरक्सी खाने, परपुरुषसँग मस्ती गर्ने जस्ता दुर्व्यसनमा लागेकी छे । ऊ सम्पन्न छे । रातिसम्म केटाहरूसँग होटलमा बसी रक्सी खाने,घरमा आई नोकरलाई गाली

गर्ने अनि श्रीमान्का अगाडि सती सावित्री बन्न खोज्ने ऊ प्रतिकूल चरित्रकी पात्र हो । समग्रमा ऊ प्रमुख नारी, स्थिर, व्यक्तिगत र प्रतिकूल स्वभावकी पात्र हो । थसुल्नी यस कथाकी सहायक पात्र हो । ऊ निकै मोटी र हिस्सी परेकी छे । निकै मीठो बोल्ने र कहिल्यै नरिसाउने उसको स्वभाव छ । उसले होटलमा काम गर्छे र मालिकदेखि नातिसम्मसित यौन सम्पर्क गर्छे । ऊ हँसिली, मिजासिली, स्थिर, व्यक्तिगत र प्रतिकूल चरित्रकी पात्र हो । त्यस्तै मालिक पनि यस कथाको सहायक पात्र हो । ऊ पनि रक्सी खाने, घरमा राति आउने, अरूसँग श्रीमती साट्न मन पराउने खालको प्रतिकूल पात्र हो । विवाहित भए पनि उसका कुनै सन्तान छैनन् । आफ्नी श्रीमतीलाई सन्तुष्टि दिन नसक्ने ऊ श्रीमतीलाई साथीलाई दिएर उसकी श्रीमती भोग्न चाहन्छ । त्यसैगरी कथामा होटल मालिक म्यानेजर, अधवैंशे मान्छे, केटो, जापानी केटी, बुद्धिलाल, नयाँ मान्छे, बाजे आदि गौण पात्र हुन् । कुनै प्रसङ्गमा र कुनै प्रत्यक्ष उपस्थित भए पनि कथामा उनीहरूको भूमिका प्रभावकारी बन्न सकेको छैन ।

### ४.१५.३ परिवेश

प्रस्तुत कथाको परिवेश राजधानी काठमाडौँमा अवस्थित रहेको छ । साँझदेखि भोलिपल्ट विहानसम्मको घटना देखाइएकोले यसको समयगत परिवेश लगभग १२ घण्टाजतिको रहेको बुझिन्छ । यसका साथै कथाले सहरी क्षेत्रमा देखिएका विकृति र दुर्व्यसनीलाई पनि देखाउन खोजेको छ । साँझ होटलमा गई रक्सी खाने, श्रीमान् र श्रीमती दुबैले अरूसँग यौनसम्पर्क राख्न रुचाउनु, राति अबेर घर फर्किनु, नोकरचाकर राख्नु, झैझगडा गर्नुजस्ता घटनाले तत्कालीन अवस्थाको यथार्थ चित्रण गरेको देखिन्छ ।

### ४.१५.४ भाषाशैली

प्रस्तुत कथाको भाषाशैली सरल र सरस रहेको छ । म्यानेजर, काउन्टर, बिल, स्टार्ट, डिस्टर्व, सिट, बाई जस्ता एकाध आगन्तुक शब्दको प्रयोग गरे पनि अधिकांश प्रचलित नेपाली शब्दको प्रयोग गरिएको छ । छोटाछोटा वाक्यगठन र संवादात्मक शैलीले कथा रोचक बनेको छ । विभिन्न घटनाहरूको प्रस्तुतिमा कौतुहलता देखिए तापनि कथाकारको साहित्यिक कलात्मकता भने सामान्य खालको देखिन्छ ।

### ४.१५.५ दृष्टिविन्दु

प्रस्तुत कथामा तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको छ । विभिन्न पात्रहरूको प्रयोग गरी तिनीहरूका बीचमा संवादको प्रयोग गरिएको छ । कथामा कथाकार कहीँ पनि उपस्थित भएका छैनन् भने कुनै पात्रले पनि प्रथम पुरुषीय ढाँचामा घटनाको वृतान्त बताएको छैन । तृतीय पुरुष पात्रको प्रयोग गरी उनीहरूका बीच संवाद देखाइएकोले प्रस्तुत कथा तृतीय पुरुष दृष्टिविन्दुमा आधारित बन्न पुगेको हो ।

### ४.१५.६ उद्देश्य

सहरिया सम्भ्रान्त परिवारमा भएका विकृतिहरूलाई उदाङ्गो पारी मान्छेमा भएको यौनवासनाको आशक्तिलाई देखाउनु प्रस्तुत कथाको प्रमुख उद्देश्य हो । सहरीया सम्भ्रान्त वर्ग

बाहिर जति सम्पन्न र सुखी छन् भित्र त्यति नै पीडित हुन्छन् । उनीहरूले यौन सन्तुष्टि प्राप्त गर्न सक्दैनन् । पारिवारिक बेमेलको स्थिति पैदा हुन्छ भन्ने कुरालाई कथाले स्पष्ट देखाएको छ ।

## ४.१६ उत्तेजित घेरा कथा

### ४.१६.१ कथावस्तु

एउटा डरलाग्दो आवाजले 'म' पात्र बिउझिन्छ । बत्ती बाल्छ अनि पिसाबले च्यापेकोले ट्वाइलेट जान्छ । उसकी श्रीमती पुष्पा माइत गएकीले 'म' पात्र एक्लै हुन्छ । ऊ फेरि निदाउने प्रयास गर्छ तर पटक्कै निद्रा लाग्दैन । ३-४ वटा चुरोट खाएपछि टाउको दुख्न थाल्छ । फेरि पिसाब फेर्न बाहिर निस्किदा बिहानको ६ बजेको हुन्छ ।

फोनमा केटीको आवाज आयो चिन्न नसकेकोले पहिले दुबैले रक्सी धोकेको हो कि भने पछि चिनेपछि उसले आफू एक्लै भएकोले घरमा बोलायो । सास्ती नदिने भए मात्र ऊ आउन तयार भई । फोन राखेपछि प्रेमले दिसापिसाब गरी हातमुख धोयो । बाहिर घण्टी बजेकोले प्रेमले ढोका खोल्यो ममता आएपछि दुबै भित्र पसे । ममताले प्रेमले विवाह गरेपछि आफूलाई कुकुर्नी जस्तै बनाएको भन्दै पहिले यही कुकुर्नीका पछि लागेका थियौ भनी । ममताले मजासँग गफ मात्र गर्ने भए बस्ने तर सास्ती दिने भए नबस्ने कुरा गरी । प्रेम चिया बनाउन निस्केपछि ममताले कोठा चाहार्न थाली । ममताले पुष्पाका कपडाहरू खोतलेर साडी लगाई प्रेमको ओछ्यानमा सुती प्रेम आएपछि ऊ जिल्ल पऱ्यो । पुष्पाले ओछ्यानमा दाग देखिन् भने झगडा होला हगि भनी ममताले स्वास्नी मान्छेले सबै थाहा पाउँछन् भन्छे । उनीहरू एक आपसमा जिस्किदै चाट्ने र चटाउने कुराहरू गर्छन् । १० बजेपछि प्रेम खाना बनाउन जान्छ । फोन आएकोले ममताले फोन उठाउँछे । उताबाट केटीको आवाज आउँछ । उसले पुष्पा दिदीलाई खोज्छे । लामो कुराकानी हुन्छ अनि दुबैले साँझ ६-७ बजेतिर रत्नपार्कमा भेट्ने बाचासाथ फोन राख्छन् । त्यसपछि ममता लामो समयसम्म कौचमा बसी आँखा चिम्लिन्छे । घन्टौसम्म प्रेमले विभिन्न सामान किनेर खाना बनाएपछि कोठामा आउँछ । उसलाई देखेपछि ममता झस्किन्छे । दुबै भान्सामा गई मासु चाख्छन् र फेरि गफ गर्न थाल्छन् । शङ्करको फोन ममताले उठाएपछि उसैको बारेमा कुरा हुन्छन् । शङ्करलाई सबै केटी मान्छेले मन पराउने कुरा ममताले गर्छे । शङ्करका स्वभावका बारेमा रिसाएको बेला, खुसी भएको बेला के गर्छ भन्ने कुरा हुन्छ । उसको गम्भीरपन ममतालाई मन पर्दैन बरु लात्तालात्ताले कुट्ने पति नै मन पर्ने कुरा गर्छे । ममतालाई पुरुषको निकै सास्ती दिने बानीमाथि निकै रिस उठ्छ । प्रेमले आफ्ना बाबुआमा दैनिक झगडा गर्ने भएकोले त्यसको प्रभाव परेको बताउँछ । एकछिन गफ गरेपछि ममता उठ्छे । आज पतिको स्याहार गर्दा थाकेकोले सास्ती नदिन भन्छे । प्रेमले धेरैबेर नगरे पनि एकछिन मात्र गर्ने भन्दा २ वटा इन्जेक्सन बाँकी छ पछि गरौंला भन्छे । प्रेमले कसले सारिदियो भन्दा ममताले कसले, किन, कहिले, कसरी सारिदियो भनेर कसरी भन्नु भन्दै आफैलाई सुम्सुम्याउन थाल्छे ।

आज निकै थाकेकीले पुष्पाले प्रेमलाई च्यापिएर सुत्ने भए मात्र आऊ नत्र आफ्नै ओछ्यानमा जाऊ भन्छे । कसले थकायो ? तलाईं पूजा गर्न ल्याएको हो र ? भनेर प्रेम रिसाए पछि सधैं यसै गर्ने कहिल्यै भनेको नमान्ने भन्दै ऊ पनि रिसाउछे । पुष्पाले जति दिए पनि

नअघाउने, दिनमा चार पाँचपल्ट दिँदा पनि नअघाउने असन्तोषी, भनेको बेला चाहिनेले रण्डीसित बिहे गर्नुपर्थ्यो भन्दै कराउँछे । प्रेम भने अघाउन्जेल मजासँग सुत् भन्दै आफूलाई नाङ्गो पार्छ ।

**४.१६.२ पात्र**

प्रेम प्रस्तुत कथाको प्रमुख चरित्र हो । ऊ विवाहित पुरुष हो । उसका छोराछोरीहरू पनि छन् । तर पनि परस्त्रीगमन गर्न रुचाउने उसले ममतासँग पनि अनुचित सम्बन्ध राखेको छ । स्त्रीहरूलाई भोग्याको रूपमा हेर्ने उसले आफूले भनेको बेला र भने जसरी सम्भोग गर्न नपाउँदा निकै रिसाउँछ । दिनमा तीनचारपल्ट सम्म यौन सम्पर्क गर्दा पनि उसलाई पुग्दैन । आफ्नी श्रीमतीसँग झर्केर बोल्ने ऊ अर्काकी स्वास्नी ममतासँग भने निकै हौसिएर कुरा गर्छ । त्यसैले प्रेम विवाहित पुरुष, स्थिर, व्यक्तिगत र प्रतिकूल स्वभावको चरित्र हो । ममता पनि यस कथाकी प्रमुख पात्र हो । ऊ पनि धेरैजनासँग यौनसम्पर्क राख्न र पुरुषलाई आफ्नो वशमा पार्न रुचाउँछे । बरु लात्तालात्ताले हाने पनि उसलाई अन्तर्मुखी पतिभन्दा बहिर्मुखी नै मन पर्छ । आफू विवाहित भए पनि परपुरुषसँग सम्पर्क राख्ने पात्र हो । त्यसैले ममता प्रमुख, विवाहित नारी, स्थिर, व्यक्तिगत र प्रतिकूल स्वभावकी चरित्र हो । पुष्पा यस कथाकी सहायक पात्र हो । उसले आफ्नो पतिलाई यौनसम्पर्कबाट तृप्त पार्न सकेकी छैन । ऊ विवाहित, स्थिर, व्यक्तिगत र अनुकूल चरित्र हो । त्यस्तै शङ्कर, शशि, रीता, ममताकी आमा प्रेमका बाबुआमा, अपरिचित महिला चाहिँ गौण पात्र हुन् । कथामा उनीहरूको भूमिका प्रभावकारी बन्न सकेको छैन ।

**४.१६.३ परिवेश**

प्रस्तुत कथामा काठमाडौँको समाजलाई परिवेश बनाइएको छ । यहाँ रत्नपार्कको प्रसङ्ग पनि आएको छ । त्यसैगरी दुईतीन दिनभित्र घटेका घटनाहरूलाई कथामा समावेश गरिएकोले यसको समयगत सन्दर्भ त्यति लामो देखिंदैन । त्यसैगरी सहरी विलासिता, खुला संस्कार, अर्काका पति र पत्नीसँग यौनसम्पर्क गर्न रुचाउने पात्र, एकआपसमा बसेर ख्यालठट्टा र गफ गर्ने प्रवृत्तिले पनि तत्कालीन पारिस्थितिक अवस्थाको झल्को दिएका छन् ।

**४.१६.४ भाषाशैली**

प्रस्तुत कथाको भाषा सबैले सजिलै बुझ्न सकिने खालको सरल रहेको छ । ट्वाइलेट, टेबुलल्याम्प, ब्रस, कपबोर्ड, स्टोभ, प्लेट, रिसिभर, प्रेसरकुकर, ब्रा, पगली जस्ता आगन्तुक शब्दहरूको प्रयोग गरे पनि ती निकै प्रचलित र सरल छन् । छोटाछोटा वाक्यगठन र प्रचलित शब्दको प्रयोगले कथा निकै सजिलो छ । तीन खण्डमा राखिएको कथालाई वर्गाकारचिन्ह (☐) ले खण्ड छुट्याएको छ । यसमा भाषाको नीरसताले अश्लीलताको खेती गरेर नकारात्मक प्रभाव पारेको छ ।[७२] अघिल्ला कथाहरूमा झैँ यसमा पनि कथाकारको साहित्यिक कलात्मकताको न्यूनता र अश्लीलताको आधिक्यता पाउन सकिन्छ ।

**४.१६.५ दृष्टिविन्दु**

प्रस्तुत कथाको दृष्टिविन्दु मिश्रित किसिमको छ । तीन खण्डमा विभाजित कथाको पहिलो खण्ड र दोस्रो खण्डको सुरुको केही अंश प्रथमपुरुषमा आधारित छ । त्यसमा प्रेम 'म' पात्रका रूपमा प्रस्तुत भई संवाद र मनका कुरा व्यक्त गरेको छ । त्यसपछिका सबै भागमा भने

---

[७२] नेत्र एटम, 'समकालीन नेपाली कथा : परिवेश र प्रकृति', **समकालीन साहित्य**, व. १२, अ. ३, पृ. ४५, २०५९ ।

तृतीयपुरुष दृष्टिविन्दु पाइन्छ । त्यहाँका पात्र तृतीय पुरुषमा आधारित छन् भने संवाद पनि सोही अनुरूपको रहेको छ ।

### ४.१६.६ उद्देश्य

सहरी सभ्यतामा देखिएको यौनविकृतिलाई उदाङ्गो पारिदिनु प्रस्तुत कथाको मुख्य उद्देश्य रहेको छ । सहरका मानिसहरू आफ्नो दाम्पत्य जीवनबाट मात्र सन्तुष्ट हुन नसकी परपुरुष र परस्त्रीको खोजीमा लागिरहन्छन् र उनीहरू सहज रूपमै यौनतुष्टि मेटाउछन् भन्ने कुरालाई कथाले छर्लङ्ग पारेको छ । सभ्य समाजको किरो बनेर रहेको यौन विकृतिलाई अश्लील भाषाकै माध्यमबाट कथाले उदाङ्गो पार्न सफल भएको देखिन्छ ।

## ४.१७ साझा गुफा कथा

### ४.१७.१ कथावस्तु

विहान उठ्नेवित्तिकै 'म' पात्रलाई दुधिनीले पैसाको लागि कनकन गर्छे । बाथरुम पनि जान नदिएपछि उसले पैसा ल्याएर दिन्छ । उसले ६०० रूपैयाँ मागेकी हुन्छे । उसले पुरानो मालिक भनेर पानी परेको बेलामा पनि कहिल्यै नबिराई छुट्टै दूध ल्याएको कुरा गर्छे । एकछिन गफ गरेपछि 'म' पात्र वाथरुम जान्छ भने दुधिनी पनि बाटो लाग्छे ।

हिजो राति साथीको घरमा सानोतिनो जमघट भएकोले उसले रक्सी खाएको हुन्छ । निकै लागेपछि उसलाई रमेशले घरमा ल्याएर छोडेको हुन्छ । बिहान चिया खान ढिलो भएपछि रामेलाई बोलाउँछ । रामेले चिया ल्याएपछि दुधिनीले गर्दा ढिला भएको कुरा गर्छ । उसले मलाई र हजूरलाई निकै जिस्क्याई भन्दै रामेले कुरा लगाइदिन्छ । हिजोको दूध फाटेको र केही गन्हाएको कुरा लगाए पछि 'म' पात्र निकै रिसाउँछ । अलि ढिला खाना बनाउन भनेपछि उसले केही लेख्न थाल्छ । अनि उसले आफ्नी श्रीमती शिलुलाई पत्र लेख्न थाल्छ ।

उसले शिलु अमेरिका गएको २-४ दिन व्यस्तताले बिते पनि त्यसपछि एक्लो बस्न निकै गाह्रो भएको कुरा गर्छ । अस्ति उपेन्द्र दाइको विवाहमा चावेल गएको र त्यहाँको घटनाबारे वर्णन गर्छ । एउटी ५०/५५ वर्षकी बुढी केटाको जस्तो छोटो कपाल पाइन्ट र ज्याकेट लगाएकी तिम्रो बारेमा सोधी । मैले अहिले ६ महिनाको लागि गइन त्यहाँ गएपछि के हुन्छ भने । उनले नेपाल नर्क भएको र अमेरिका स्वर्ग भएको कुरा गर्दै त्यहाँ जे पनि पाइने कुरा गरिन् । उनले मलाई पनि वियर दिइन । उनी रीता माइज्यू रहिछिन् । उनले मामापट्टिका छोरा र छोरी क्यालिफोर्नियामा इन्जिनियर र कम्प्युटर साइन्स पढ्ने तथा अमेरिकीपट्टिका छोरा र छोरी एजुकेसनमा एम.ए. पढ्ने कुरा गरिन् । अनि उनले आफूलाई रीता मात्र भन्न आग्रह गरिन् । यसैबीच एउटी तरुनीले उनलाई भोलि बेलुकाको लागि खानाको निम्ता दिएर गई । एघार बजेपछि म घर आउन खोज्दा उनले आउन दिइनन् । उनले पतिसँग डिभोर्स भएको पनि बताइन् । उनलाई भेट्न आएका मान्छेलाई समेत पन्छाउँदै मलाई र आफूले समेत रक्सी खान थालिन । पछि उनले मलाई आफ्नो घरमा लगी पिसाबले निकै च्यापेकोले दुबै जनाले पिसाब फेऱ्यौं । उनले मलाई जतिबेला पनि अश्लील तरिकाले जिस्काइरहिन् र तिम्रो बारेमा पनि राम्रो नराम्रो भनिन् । उनले मलाई घर जानै दिइनन् । आफ्ना सम्पूर्ण कपडाहरू खोलेर मलाई पनि आफ्नै ओछ्यानमा बोलाइन् । मलाई

उनीप्रति घृणा लाग्यो बत्ती निभाएर कपडा फेरेर ओछ्यानको कुनातिर गएर सुतें । उनले मलाई रातभरि सुमसुम्याइरहिन् र मलाई नपुंसककै फेला परिएछ भन्दै गाली गर्न थालिन् । भोलिपल्ट बिहान उठेर म वाथरम गएँ । पछि भेट्ने कुरा गर्दै म घर आए उनले मेरो कुरामा विश्वासै नगरी एकोहोरो हेरिमात्र रहिन् ।

### ४.१७.२ पात्र

प्रस्तुत कथाकी प्रमुख चरित्रका रूपमा रीता आएकी छे । ऊ ५०/५५ वर्षकी भए पनि यौवनको भोक नमेटिएकी पात्र हो । नेपाली र अमेरिकन गरी दुई श्रीमान्की पत्नी र तीन छोराछोरीकी आमा रीता अझै यौवन भएको महसुस गर्छे । जर्किन र पाइन्ट लगाउने र केटाको जस्तो कपाल गराउने ऊ २० वर्षदेखि अमेरिकामा बस्दै आएकी छे । जन्मभूमिलाई नर्क र अमेरिकालाई स्वर्ग देख्ने ऊ त्यहाँ जे पनि पाइने कुरा गर्छे । दुबैजना पतिसँग सम्बन्धविच्छेद गरेकी ऊ जुनसुकै परपुरुषसँग पनि सम्पर्क राख्न हिचकिचाउँदिन । निकै आधुनिक बन्न खोज्ने रीता रक्सी, चुरोट खाने तथा यौनकार्यमा खुलेर लाग्ने गर्छे । त्यसैले समग्रमा ऊ विवाहित नारी, अधवैंशे, स्थिर, प्रतिकूल, आडम्बरी, व्यभिचारी पात्र हो भन्न सकिन्छ । त्यसैगरी विमल यस कथाको सहायक पात्र हो । ऊ विवाहित पुरुष हो । ऊ श्रीमती बिना एक्लै बस्न नियास्रो मान्ने पात्र हो । अन्तर्मुखी स्वभावको ऊ निकै लजालु र शङ्कोची छ । रातभरि महिलासँग सँगै सुतेर पनि उसको आग्रह पूरा गर्न नसक्ने ऊ शिथिल खालको पात्र हो । ऊ स्थिर, अनुकूल र अन्तर्मुखी चरित्रको छ । त्यसैगरी दुधिनी, रामे, रमेश, शिलु, उसकी फुपूकी छोरी, रीताका छोराछोरीहरू, बेरा, तरुनी केटी,अधवैंसे मान्छे, स्वास्नी मान्छे, आदि गौण पात्र हुन् । उनीहरू कथामा आए पनि प्रभावकारी भूमिकामा भने छैनन् ।

### ४.१७.३ परिवेश

प्रस्तुत कथाको स्थानगत परिवेशका रूपमा काठमाडौं उपत्यका आएको छ । चाबेलमा रहेको उपेन्द्रदाइको विवाहको पार्टी तथा रीता दिदीको घरको कोठाका साथै 'म' पात्रको घरको चित्रण कथामा गरिएको छ । कथामा एक विहानभरिको समय प्रत्यक्ष रूपमा घटेको छ भने रातभरिको समयमा भएको घटना पत्रमा उल्लेख गरिएको छ । यसका साथै सहरीया सभ्यताको आडम्बर उनीहरूको रहनसहन, भेषभूषा, लवाइखवाइ आदिले पनि तत्कालीन अवस्थाको झल्को दिएको छ । अमेरिकाका क्यालिफोर्निया, न्युयोर्कका साथै बेलायतसमेतको चर्चा कथामा गरिएको छ ।

### ४.१७.४ भाषाशैली

प्रस्तुत कथाको भाषा सरल र बोधगम्य रहेको छ । कथा दुई खण्डमा विभाजित छ । यसलाई वृत्तचिन्ह (O) ले छुट्याएको छ । वाथरुम, पाइन्ट, जर्किन, वियर, क्यालिफोर्निया, इन्जिनियर, कम्प्युटर साइन्स, पास, एजुकेसन, न्युयोर्क, फ्ल्याट, बेरा, ह्विस्की, आइस, ककटेल, स्कर्ट, पोस्ट, डाइभोर्स, प्यान, पेग, वाटर, वटर, ब्रेसियर, प्यान्टी, अन्डरवेयर, ह्याङ्गर, ट्र्याकसुट, डलर, फोन आदिजस्ता आगन्तुक शब्दका साथै अत्यधिक रूपमा प्रचलित नेपाली शब्दको प्रयोग

गरिएको छ । अघिल्ला कथामा जस्तै यसमा पनि कलात्मकता कम र अश्लीलता ज्यादा प्रयोग भएको पाइन्छ ।

### ४.१७.५ दृष्टिविन्दु

कथामा प्रथमपुरुष दृष्टिविन्दुको प्रयोग गरिएको छ । कथामा सुरुदेखि नै म पात्रको प्रयोग गरिएको छ भने कथाको बीचमा उसले आफ्नो परिचय विमल भनेर दिएको छ । यसरी 'म' पात्रको प्रयोग गरी उसले आफ्नो विगतमा घटेका घटनाहरूलाई जस्ताको तस्तै पत्रमार्फत् आफ्नी पत्नी शिलुलाई व्यक्त गरेकोले प्रथम पुरुषीय ढाँचाको प्रयोग भएको देखिन्छ ।

### ४.१७.६ उद्देश्य

सहरीया सम्भ्रान्त वर्गको खोक्रो आडम्बरको पर्दाफास गर्नु र यौनचाहनालाई उमेरले छेक्दैन भन्ने कुरा दर्शाउनु प्रस्तुत कथाको मुख्य उद्देश्य हो । कथामा एकातिर आधुनिक भनाउँदाहरू भित्रभित्रै कसरी कुहिएका हुन्छन् भन्ने कुरा देखाइएको छ भने अर्कातिर यौनचाहनालाई उमेरले छेक्दैन । यो जुकसुकै अवस्थामा पनि आउन सक्छ भन्ने कुरा रीताका माध्यमबाट देखाउन खोजिएको छ । यौनमूलक विषयवस्तुलाई अलि ठाडो भाषामा र अश्लीलताका श्रेणीमा उतार्नु कथाको कमजोरीका रूपमा देखिएको छ ।

## ४.१८ आफ्नै रगत कथा

### ४.१८.१ कथावस्तु

थकित अनुहारमा अमर कोठाभित्र पस्छ । जुत्ता फुकालेर एकछिन कोठामा घुमेपछि कपडा पनि फुकालेर ओछ्यानमा लम्पसार पर्छ । कल्पनामा डुबिरहेको बेला नोकर गुणराजले बोलाउँछ । उसले घरबाट बा आएकोले एकछिन भेट्न आग्रह गर्छ । यति रातिको समयमा र रक्सी लागेको बेला कसैलाई नभेट्ने भनेपछि नोकर गुणराजले बा निकै आपत् परेर आएकोले एकछिन् भेट्न आग्रह गर्छ । गुणराज तीन वर्षदेखि अमरको घरमा काम गर्न बसेको निकै विश्वासिलो नोकर हो । १२ वर्षको हुँदा आएको ऊ अहिले १५ वर्षको भयो र सम्पूर्ण रूपमा परिवर्तन पनि भएको छ ।

कपडा लगाएर अमर बरन्डामा आउँछ अनि कुराकानी सुरु हुन्छ । गुणराजका बाले सालाको छोरो, भान्जी र बुहारी लिएर आएको हुन्छ । गुणराजकी स्वास्नी ऊभन्दा दसवर्ष जेठी हुन्छे । अमरले उसलाई जिस्काउँछ । गुणराजको बाले आफ्नो सर्वस्व गुमेको, जहाज डुबेको कुरा गर्छ तर खुलस्त बताउन सक्दैन । अमरले गुणराजलाई स्वास्नी छोड्न आएको र बालाई नाति चाहिएको कुरा गर्छ । सबैजना अर्को कोठामा गएपछि गुणराजका बा र अमर कुरा गर्न थाल्छन् । बाले गाउँमा टिक्न नसकेकोले बुहारीको जिम्मा लगाइदिन आएको कुरा गर्छ । अमरचाहिँ भोलिबिहान कुरा गरौंला भन्छ ।

आफ्नी स्वास्नीलाई कोठाभित्र छिराएर गुणराजले छेस्किनी लगाउँछ । स्वास्नी उज्यालो कोठा देखेर निकै सर्माउछे । गुणराजले स्वास्नीलाई अङ्गालो मार्दै बत्ती निभाउँछ । उनीहरू कुरा गरिरहेको बेला अमरले बोलाएकोले गुणराज अमरको कोठामा जान्छ । अमर र मैयाँसाहेबले रक्सी पिइरहेका हुन्छन् । मैयाँले स्वास्नीलाई पनि यही ल्याउन गुणराजलाई भन्छिन् । क्या मिलेको

कस्सिएको ज्यान भन्दै उसको प्रशंसा गर्छन् । गुणराज गएपछि गाउँमा दमैले गुणराजकी स्वास्नीलाई विगारिदिएकोले बूढाले यहाँ ल्याएको कुरा अमरले गर्छ । मैयाले कि यही राख्ने कि पेट सफा गरिदिने कुरा गर्छिन् ।

अमर र मैयाले गुणराजका बुढाबूढीलाई सम्झाएकोले यही बस्ने कुरा गर्छन् । अमरले बूढालाई पनि यही कुरा बताउँछ । हिड्ने बेलामा सबैले अमरलाई नमस्कार गर्छन् । ठूलाबडाको जातै अर्कै अब म ढुक्क भए भनी बूढो मख्ख पर्छ । भान्जी र गुणराजकी स्वास्नीले पनि बारम्बार भेट्ने कुरा गर्छन् र दुबैले अमरले सास्ती दिएको कुरा गर्छन् । अमरले पनि बूढालाई अर्को साल आफ्नै रगतको नाति देख्न पाउनुहुनेछ भन्छ ।

### ४.१८.२ पात्र

गुणराज यस कथाको प्रमुख पात्र हो । ऊ भर्खर पन्ध्र वर्ष मात्र भएको किशोर हो । ऊ तीन वर्षदेखि मालिकको घरमा बसेको र उनलाई रिझाएर राखेको छ । सबै काम तुरुन्त फत्ते गर्ने ऊ निकै मिजासिलो छ । आफूभन्दा दश वर्ष जेठी श्रीमती भएको ऊ श्रीमतीको भावना भने बुझ्न सकेको छैन । समग्रमा ऊ मिजासिलो, किशोर, स्थिर व्यक्तिगत र अनुकूल चरित्रको छ । अमर पनि यस कथाको प्रमुख पात्र हो । ऊ निकै भलाद्मी र सहयोगी देखिन्छ भने सोझी नारीलाई सम्भोग गर्ने पिपासु पात्र पनि देखिन्छ । ऊ विवाहित पति र सम्पन्नशाली व्यक्ति हो । ऊ प्रमुख, द्वैध चरित्र भएको स्थिर र प्रतिकूल पात्र हो । त्यस्तै गुणराजकी स्वास्नी यस कथाकी सहायक पात्र हो । ऊ यौवनले भरिपूर्ण भएकी पात्र हो । आफूभन्दा दश वर्ष कान्छो पतिले आफ्नो भावना बुझ्न नसक्दा ऊ परपुरुषद्वारा बलात्कृत बन्न पुगेकी छे । ऊ वयस्क, सुन्दरी, स्थिर, व्यक्तिगत र अनुकूल पात्र हो । गुणराजको बा पनि यस कथाको सहायक पात्र हो । ऊ निकै मिजासिलो, दृढ र आटिलो मान्छे हो । बुहारी बलात्कृत हुँदा पनि आफ्नो इज्जतको डरले उसले बुहारीलाई सहर ल्याएको छ । ऊ आँटिलो, बुझकी स्थिर, व्यक्तिगत र अनुकूल पात्र हो । त्यस्तै मैयासाहेब, बूढाको सालाको छोरो र भान्जी गौण पात्र हुन् । कथामा उनीहरूको भूमिका प्रभावकारी बन्न सकेको छैन ।

### ४.१८.३ परिवेश

काठमाडौँमा रहेको अमरको घरलाई प्रस्तुत कथाको स्थानगत परिवेशका रूपमा लिन सकिन्छ । यसका साथै लाजिम्पाट तथा मध्य पहाडी भागको समेत चर्चा भएको छ । त्यस्तै यसको समयगत सन्दर्भ पनि एक दुई दिन भित्रको रहेको छ । प्रसङ्गका रूपमा भने तीनवर्ष अघिदेखि गुणराज अमरको घरमा बसेको, गाउँमा दमैले गुणराजकी स्वास्नीलाई बलात्कार गरेको प्रसङ्ग आएको छ । यसका साथै काठमाडौँका सम्पन्न परिवारका रहनसहन, बोलीचाली, व्यवहार एकातिर आएको छ भने अर्कातिर ग्रामीण परिवेशमा रहेका गरिबहरूको पीडा, उनीहरूको दिनचर्या, रहनसहन आदिले पनि तत्कालीन अवस्थाको चित्रण गरेको पाइन्छ । ठूलाले जे गरे पनि हुने साना खुम्चिएर बस्नुपर्ने अवस्था, कामको लोभले विवाह गर्ने, इज्जत जोगाउन जस्तोसुकै अवस्था पनि सहनुपर्ने अवस्थाको चित्रण कथामा पाइन्छ ।

### ४.१८.४ भाषाशैली

प्रस्तुत कथाको भाषा सरल र संयम किसिमको रहेको छ । संवादात्मक शैलीमा लेखिएको कथामा अत्यधिक मात्रामा प्रचलित नेपाली शब्दहरूको प्रयोग गरिएको छ । छोटाछोटा संवाद र त्यसै अनुरूपका वाक्यगठनले थप सहजता थपेको छ । एकपछि अर्को गर्दै घटनाहरू वर्णन गर्ने शैली तथा गुणराजका बाबुको संवादले निकै कुतूहलता थपेको छ । यस कथाका अंशहरूलाई जोड चिन्ह (+) ले छुट्याइएको छ । पाँच अंशमा रहेको प्रस्तुत कथाका सुरुका तीन अंश निकै उत्कृष्ट र संयमित छन् भने निष्कर्षका रूपमा रहेका अन्तिमका दुई अंश केही खल्लो खालका छन् । कथाले थप साहित्यिक कलात्मकताको श्रेणीमा उक्लिन खोजेको छ ।

### ४.१८.५ दृष्टिविन्दु

प्रस्तुत कथामा तृतीयपुरुष दृष्टिविन्दुको प्रयोग गरिएको छ । कथामा तृतीय पुरुष पात्रहरूको प्रयोग गरिनाका साथै सोही अनुरूपको संवाद पनि रहेको छ । कथाकारको उपस्थिति वा कुनै पात्रको प्रथम पुरुषीय सन्दर्भ यस कथामा पाइदैन ।

### ४.१८.६ उद्देश्य

एउटी वयस्क विवाहित नारीले पतिबाट बिछोडिनुपर्दा आफ्नो यौनतृप्तिको लागि के कस्ता कार्यहरू गर्न पुग्छे भन्ने कुरालाई प्रष्ट पार्नु प्रस्तुत कथाको प्रमुख उद्देश्य हो । विवाहित जोडी विछोडिनुपर्दा भोग्नुपर्ने यौन पीडा र त्यसको उचित निकासको अवस्थालाई कथाले एकातिर प्रस्तुत गरेको छ भने अर्कातिर सम्पन्न र भलाद्मी भनाउँदाहरूले गरिबहरूलाई कसरी आफ्नो यौनको सिकार बनाउँछन् भन्ने कुरालाई पनि उदाङ्गो पारिएको छ ।

## ४.१९ कपडाका झुम्राहरू कथा

### ४.१९.१ कथावस्तु

हस्पिटलको बेडमा बेहोश अवस्थामा सुतिरहेको गणेशलाई डाक्टरले हेर्छ । नर्सलाई बाहिरिया कसैलाई पनि छिर्न नदिनू र केही घण्टापछि अर्को कोठामा सार्ने प्रबन्ध गर्नू भन्दै सकेसम्म छिटो आउँछु भन्दै डाक्टर बाहिर निस्कन्छ । एउटी अधवैंशे महिला पहिलेदेखि नै त्यही बसिरहेकी हुन्छे । ऊ केही पनि बोल्दिन । डाक्टर र नर्स बाहिरिएपछि उसले एकछिन गणेशलाई हेरी इन्तु न चिन्तु बन्छे । एकछिनपछि नर्स आएर त्यो आइमाईलाई तपाईं बिरामीको को हो भनेर परिचय माग्छे । उसले आफू बिरामीको कोही पनि नभएको आफ्नो घरबार पनि नभएको र बाबु पनि नभएको कुरा गर्दै बिरामीलाई निकै गाली गर्छे । नर्सले बाहिर निस्कन भनेपछि ऊ बाहिरको मेचमा बस्छे । उसले बिरामीलाई मेरो पाठेघर निकालेर फालिदिने हत्यारो हो भन्छे । उसले आफू जहाँ बस्यो त्यही आफ्नो घर भएको र खोज्यो भने सबै आफन्त भएको र नखोजेमा कोही पनि नभएको कुरा गर्छे । उसले आफ्नो विवाह नभए पनि छोरो भएको तथा गणेशले क्यान्सर भयो भन्दै दाहिने स्तन फाल्न लगाएको र अर्को पनि कोपरेर घाउघाउ बनाएको कुरा गर्छे । उसले धेरैको जीवन बर्बाद पारेको र आफूलाई पनि कुकुर्नी बनाउन खोजेको भन्दै निको भएपछि ठीक पार्ने कुरा गर्छे । डाक्टर आएपछि ऊ भित्र जान्छे र डाक्टरलाई सबै विवरणहरू दिन्छे । दोस्री नर्स

पालो दिन आएपछि पहिली नर्स बाहिर निस्केर जान्छे । दोस्री नर्सले डाक्टरको भाइको बारेमा सोध्दा ऊ काकाको छोरो भएको बताउँछ । उसले आफ्ना मामाकी छोरीसँग विवाह गरेको कुरा नर्सले गर्छे । उसले अहिलेका युवाहरू विवाह पहिले नै बाबु बन्ने अनि विवाह गरेर भोज खुवाउने, पछि एक अर्कालाई दोष लगाएर सम्बन्ध विच्छेद गर्ने कुरा गर्छे । बाहिर निकै हल्ला भएपछि दुबैजना त्यही पुग्छन् । आफ्नो साथी र डाक्टर भीडमा परेको देखेपछि उसले पहिलेकी अधवैंशेलाई गाली गर्छे । डाक्टरले एउटी पाकी आइमाईलाई चिन्छन् । एकछिन घरपरिवारका गफ गरेपछि आइमाईले एकान्तमा कुरा गर्न खोज्छिन् अनि डाक्टरले आफ्नो अफिसको कोठामा लगी ढोका लगाउँछन् । ती पाकी आइमाईले बुढेसकालमा केके देख्नु र सुन्नुपऱ्यो भन्दै बिरामीको बारेमा कुरा गर्छिन् । उनले त्यो गणेशले अघिकी महिला पेमाकी भदैलाई नछुने नहुँदैबाट चाहिने नचाहिने काम गरेको, ऊ महिनावारी हुर्दा कुर्न बसेकी केटीलाई समेत बलात्कार गरेको कुरा गर्छिन् । केटी चिच्याएको सुनेपछि पेमा गएर गणेशको टाउको फोरिदिएको र त्यो केटीको अझै होस् नआएको कुरा गर्छिन् । अनि सँगैको केटाले त्यति मात्र नभएर बलात्कार गरेपछि रगत कपडामा भिजाएर ओछ्यानमुनि राख्ने र कोही नभएको बेलामा सुँघेर बस्ने गरेको कुरा बताउँछ । डाक्टर चाहिँ केही नबोली मुखमा हेरिरहन्छन् ।

### ४.१९.२ पात्र

प्रस्तुत कथाको प्रमुख पात्र गणेश हो । ऊ यस कथामा बेहोश अवस्थामा हस्पिटलको बेडमा सुतिरहेको भए पनि अरू पात्रहरूले भनेका आधारमा उसको चरित्र स्पष्ट भएको छ । ऊ अविवाहित यौनपिपासु पुरुष हो । उसले पेमालाई खेलौनासरह बनाएको छ । विवाह गर्ने लोभ देखाएर उसँग शारीरिक सम्पर्क गरी क्यान्सर भएपछि उसले पेटमाको पाठेघर र दाहिने स्तन फ्याकिदिएको छ । अझै पनि उसले एकमात्र स्तन कोपर्न छोडेको छैन । पेमाले जन्माएको छोरो उसकै भएको कुरा पनि यही आधारमा पुष्टि हुन्छ । यतिमात्र नभएर उसले पेमाकी भदै र उसलाई कुर्न बसेकी केटीलाई पनि बलात्कार गरेको छ । उसले बलात्कार गर्दा निस्केको रगत कपडामा भिजाएर ओछ्यानमुनि राख्ने र कोही नभएको बेलामा सुँघ्ने गर्छ । यसबाट पनि ऊ परपीडाबाट रमाउने यौनपिपाशु पात्र हो भन्न सकिन्छ । ऊ प्रमुख तर प्रतिकूल, युवा तर यौनपिपाशु, स्थिर र व्यक्तिगत चरित्रको पात्र हो । डाक्टर यस कथाको सहायक पात्र हो । ऊ आफ्नो काममा लागिपर्ने र लगनशील पात्र हो । ऊ अनुकूल, स्थिर र प्रतिनिधि पात्र हो । त्यस्तै पेमा पनि सहायक पात्र हो । ऊ निकै पीडित र दुःखी पात्र हो । बिहे गर्ने प्रलोभनमा फसेर उसले आफ्नो शरीरमात्र बेचेकी छैन शरीरका अङ्गहरू नै गुमाएकी छे । आफूसँग विवाह गर्ने केटाले अरूलाई बलात्कार गरेको देखेपछि उसले मरणासन्न हुने गरी कुटेकी छे । ऊ पीडित नारी, स्थिर र अनुकूल चरित्रकी पात्र हो । त्यसैगरी नर्सहरू, अरू मानिसहरू, पाकी आइमाई र कान्छो यस कथाका गौण पात्र हुन् । उनीहरूको भूमिका प्रभावकारी बन्न सकेको छैन ।

### ४.१९.३ परिवेश

प्रस्तुत कथामा स्थानगत परिवेशको प्रत्यक्ष टिप्पणी नभए पनि नेपाली समाजकै झल्को पाउन सकिन्छ । नेपाली समाजमा घटेको घटना र अस्पतालको सेरोफेरोमा कथा घुमेको छ ।

बिरामीको बेड डाक्टरको कोठा तथा वरपरको दृश्य प्रत्यक्ष रूपमा आएका छन् भने लगभग दुईतीन घण्टाको समयगत सन्दर्भ कथामा पाइन्छ । तर गणेशले पेमाको घरमा बलात्कार गरेको प्रसङ्ग पनि जोडिएको छ । साथै युवायुवतीहरूले गर्ने प्रेम, विवाहपूर्व आमाबाबु बन्ने अवस्था, न्यायालयमा गई विवाह गर्ने सन्दर्भ, महिनावारी हुँदा अरूले कुर्ने प्रसङ्ग आदिले पनि तत्कालीन समसामयिक सन्दर्भलाई चित्रित गरेका छन् ।

### ४.१९.४ भाषाशैली

प्रस्तुत कथाको भाषा सरल र सरस किसिमको रहेको छ । प्रचलित नेपाली शब्द, छोटाछोटा संवाद र वाक्यगठनले कथा सरल बनेको हो । त्यसैगरी घटनाको पनि उचित तारतम्य मिलेको छ । लोहनीका पछिल्ला चरणका कथाहरूभन्दा प्रस्तुत कथा निकै संयमित र उत्कृष्ट छ । यस कथाको शीर्षक पनि निकै सार्थक देखिन्छ । साहित्यिक कलात्मकता र संयमित शैलीले कथाको उचाइ निकै माथि पुगेको छ । समग्रमा कथा जोकसैले पनि बुझ्न सक्ने सरल, सरस र कलात्मक रहेको छ ।

### ४.१९.५ दृष्टिविन्दु

प्रस्तुत कथा तृतीय पुरुष दृष्टिविन्दुमा रचना गरिएको छ । अघिल्ला कथाहरूमा जस्तै यस कथामा पनि विभिन्न पात्रहरूको प्रयोग गरी तिनीहरूका बीचमा संवाद गराइएको छ । कथामा प्रथम पुरुषीय कथनपद्धति कही पनि पाइदैन ।

### ४.१९.६ उद्देश्य

यौनकार्यमा लिप्त एउटा यौनपिपाशु पात्रको क्रियाकलापलाई उदाङ्गो पार्नु प्रस्तुत कथाको प्रमुख उद्देश्य रहेको छ । मान्छेमा कतिसम्म पशुत्व हुन्छ भन्ने कुरा यस कथाले चित्रण गरेको छ । पाएसम्म अरूको यौनशोषण गर्ने र नपाएमा बलात्कार गर्दा निस्केको रगत सुँघेर बस्ने यौनपिपासु पात्रको चरित्रलाई कथाले आफ्नो विषय बनाई उसका क्रियाकलापहरूको विश्लेषण समेत गरेको छ ।

## ४.२० कुथुङ्ग्रीको विश्लेषण

### ४.२०.१ परिचय

कथाकार पुष्कर लोहनीले एक पृष्ठ आयामको र एउटा मात्र घटना वा सन्दर्भको वर्णन गरेर लेखिएको आख्यानात्मक रूपलाई कुथुङ्ग्री भनेका छन् । उनले 'दुनियाको खबर' साप्ताहिकका विभिन्न अङ्कहरूमा कुथुङ्ग्री शीर्षकको सानो कुरा१ देखि २४ सम्मका २४ वटा कुथुङ्ग्रीहरूको प्रकाशन गरेका छन् । यो लघुकथाकै रूप भए पनि यसमा उनले बढीमा दुई वा तीनजनासम्मको पात्रप्रयोग गरी एउटा मात्र घटना वा प्रसङ्गको प्रयोग गरेका छन् । यो पनि आख्यानात्मक रूप नै हो । त्यसैले यसलाई पनि कथातत्वका आधारमा यसप्रकार अध्ययन गरिन्छ -

### ४.२०.२ कथावस्तु र विषय

यसका विभिन्न अंशहरूमा सहरीया र आधुनिक सभ्यताका अँध्यारा पक्षहरूलाई मुख्य रूपमा विषयवस्तु बनाइएको छ । सहरीया सभ्यतामा देखिएका विकृति, विसंगति, छाडा

यौनक्रियाकलाप, पारिवारिक बेमेलेको स्थिति आदिलाई विषय बनाइएको हुन्छ । नयाँ वैवाहिक, सम्बन्ध र सम्बन्धविच्छेद, परपुरुष र परस्त्रीसँगको यौनसम्पर्क, यौनदुर्व्यवहार, समलिङ्गी यौनव्यवहार आदि विषयमा आधारित घटनाहरूलाई एउटा छोटो प्रसङ्गका माध्यमबाट प्रष्ट पारिएको छ । कथाकार लोहनीको मुख्य विशेषताको रूपमा रहेको यौनमूलक विषय नै यसको पनि प्रमुख विषय हो । यहाँ सहजै रूपमा पतिपत्नी फेर्ने प्रसङ्ग एउटाले अर्कोलाई केटा वा केटी मिलाइदिने प्रसङ्ग, भ्रुणत्याग, गर्भवती बनाउने प्रसङ्ग आदिलाई कथावस्तु बनाइएको छ । यसको विषयवस्तु सहरी क्षेत्रमा सीमित रहेको छ भने मध्यम तथा उच्च वर्गीय समाजको चित्रण गरिएको छ ।

### ४.२०.३ पात्र र चरित्र

प्रस्तुत कुथुङ्ग्रीका विभिन्न अंशहरूमा महिला र पुरुष दुबै किसिमका पात्रको प्रयोग गरिएको छ । यसमा अत्यधिक रूपमा पन्ध्रदेखि चालिस वर्ष उमेरसमूहका पात्रहरूको प्रयोग गरिएको छ भने कहीकतै बालबालिकाहरूको पनि उपस्थिति पाइन्छ । बृद्ध पात्रहरूको प्रयोग भने अति नगण्य रहेको छ । त्यसमा पनि अविवाहित युवायुवती र विवाहित पतिपत्नीको प्रयोग सबैभन्दा बढी भागमा गरिएको छ । यस कुथुङ्ग्रीका धेरैजसो युवतीहरूले यौनसम्पर्क राखेका छन् भने युवकहरूले चाहिँ एकजनालाई गर्भवती बनाएर अर्कीतिर सल्किएका छन् । सबै जसो पात्रहरू बर्हिमुखी स्वभावका र खुलस्त आफ्ना कुराहरू राख्न सक्ने खालका छन् । कथामा बालक, अविवाहित ठिटाठिटीहरू, पतिपत्नी, व्यापारी, आदिको प्रयोग गरिएको छ । एकाध पात्रहरू मध्यम वर्गीय छन् भने सबैजसो धनी र सम्भ्रान्त वर्गका रहेका छन् ।

### ४.२०.४ परिवेश

एउटा मात्र घटना वा प्रसङ्गलाई प्रस्तुत गरिएकाले यस कुथुङ्ग्रीका विभिन्न अंशहरूमा समयगत पतिवेश बढीमा दुईतीन घण्टासम्म रहेको देखिन्छ । त्यस्तै यसको स्थानगत परिवेशका रूपमा चाहिँ नेपालको सहरीया क्षेत्र विशेषगरी राजधानी काठमाडौँलाई लिइएको छ । तैपनि अमेरिका, बेलायत, जापान, अष्ट्रेलिया, भारतका विभिन्न स्थानका साथै नेपालका भैरहवा, नेपालगञ्ज, धरान आदिको चर्चा पनि गरिएको पाइन्छ । त्यसैगरी घरमा नोकरचाकर रहनु, उनीहरूका बीच पनि प्रेमप्रसङ्ग चल्नु, साथीभाइहरू जम्मा हुनु, रक्सी पिउनु, भेला पार्टी गर्नु, खुला रूपमा यौनप्रस्ताव राख्नु र स्वीकार गर्नु, तेस्रो व्यक्तिसँग यौनसम्पर्क गरेको पतिले पत्नीलाई र पत्नीले पतिलाई निर्धक्कसँग भन्नु अत्यधिक रूपमा सम्बन्धविच्छेद गर्नु र नयाँ विवाह गर्नु, पतिपत्नी केही रातको लागि साट्नु, यौनका बारेमा अत्यधिक मात्रामा बहस गर्नु, पुरुष पात्रले स्त्रीलाई गर्भवती बनाएर अनायासै छाडिदिनु, आत्महत्या गर्नु आदि थुप्रै प्रसङ्गहरूले समसामयिक आधुनिक सभ्यता र यसको विकृतिहरूको प्रतिनिधित्व गरेका छन् । यी घटनाहरूले पनि समसामयिक नेपाली सहरीया सभ्यताको यथार्थ चित्रण गरेको देखिन्छ ।

### ४.२०.५ भाषाशैली

प्रस्तुत कुथुङ्ग्रीको भाषा पनि सहज र सरल किसिमको रहेको छ । संवादात्मक शैलीमा लेखिएको यसका सबै अंशहरूमा प्रचलित नेपाली शब्दहरूको प्रयोग गरिएको छ । निकै छोटा

संवाद र सोही अनुरूपको वाक्यगठनको प्रयोगले कथा सहज र बोध्य बन्न पुगेको छ । पात्रअनुसारकै संवादको प्रयोग गरिएको छ । यसका साथै पत्रको प्रयोग[७३] र कविताको प्रयोग[७४] पनि गरिएको छ । सानो कुरा१० मा संस्मरणात्मक शैलीको प्रयोग गरिएको छ भने अरू सबै अंशमा संवादात्मक शैलीको प्रयोग गरिएको छ । संवादात्मक शैली, छोटाछोटा वाक्यगठन र संवाद, सरल भाषा, प्रचलित शब्दको प्रयोग गर्नु लोहनीको भाषागत विशेषता रहेको छ ।

### ४.२०.६ दृष्टिविन्दु

प्रस्तुत कुथुङ्ग्रीको सानो कुरा १० मा प्रथमपुरुष दृष्टिविन्दु तथा सानो कुरा १३ मा प्रथम र तृतीयपुरुषको मिश्रित प्रयोग गरिएको छ भने अरू सबै अंशमा तृतीयपुरुष दृष्टिविन्दुको प्रयोग गरिएको छ । सबैजसो अंशहरूमा तृतीयपुरुष पात्रको प्रयोग गरी उनीहरूका बीचमा संवादको प्रयोग गरिएको छ । यसको सानोकुरा १० र १३ बाहेक कुनै पनि अंशमा प्रथम पुरुषीय 'म' पात्रको प्रयोग गरिएको छैन । कुथुङ्ग्रीमा तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग गर्नु लोहनीको थप वैशिष्ट्य बनेको छ ।

### ४.२०.७ उद्देश्य

सहरीया सभ्यताका मानिसहरूमा रहेको यौनविकारलाई उदाङ्गो पार्नु प्रस्तुत कुथुङ्ग्रीका विभिन्न अंशको प्रमुख उद्देश्य रहेको छ । सहरीया जीवनमा आधारित विषयवस्तु र पात्रहरूको प्रयोग गरी उनीहरूका नराम्रा पक्षहरूको चित्रण यसमा पाइन्छ । छाडा यौनव्यवहार, दुर्व्यसनी, पारिवारिक बेमेलको स्थिति, यौनशोषण, हत्या, हिंसा, बलात्कार, आदिलाई प्रमुख रूपमा देखाइएको छ । नेपालको सहरीया सभ्यता भित्रभित्रै कसरी कुहिएको छ भन्ने कुरालाई यहाँ छर्लङ्ग्याइएको छ ।

---

[७३] पुष्कर लोहनी, कुथुङ्ग्री सानोकुरा १६, **दुनियाको खबर** साप्ताहिक (ब.१, अ. २४, २०६६, वैशाख ९), काठमाडौं ।

[७४] ऐजन, **सानोकुरा** २० (ब. १, अ. २८, २०६६, जेठ ६) काठमाडौं ।

# पाँचौ परिच्छेद

# pk;xf/ jf lgisif

लोहनीको जन्म १९९८ साल चैत्र २० गते रविवारका दिन काठमाडौँको ज्ञानेश्वरमा पिता होमप्रसाद लोहनी र माता भेषकुमारी लोहनीका कोखबाट एक्लो सन्तानका रूपमा भएको हो । २०११ सालमा एस.एल.सी. परीक्षा उत्तीर्ण गरेका पुष्कर लोहनीले २०२६ सालमा त्रिभुवन विश्वविद्यालयबाट नेपालीमा एम.ए. सम्मको अध्ययन पूरा गरेको देखिन्छ । आफ्नो जीवनको पूर्वार्धमा लामो समयसम्म शिक्षण पेशामा संलग्न रहेका लोहनी पछिल्लो समयमा स्वतन्त्र लेखनमा लागेका छन् ।

पुष्कर लोहनी सबैभन्दा पहिले वि.सं. २०१६ सालमा त्रिचन्द्र कलेजबाट प्रकाशित मुखपत्र **ज्योति** पत्रिकामा 'चिसो चूल्हो तातो खरानी' शीर्षकको कथा प्रकाशित गरेर औपचारिक रूपमा नेपाली कथाको क्षेत्रमा सार्वजनिक भएका हुन् । प्रस्तुत कथामार्फत् उनी नेपाली कथाको क्षेत्रमा मात्र नभई नेपाली साहित्यकै क्षेत्रमा औपचारिक रूपमा प्रवेश गरेको देखिन्छ । सुरुका वर्षहरूमा निरन्तर रूपमा कथाहरू प्रकाशन गरेका लोहनी पछिल्ला वर्षहरूमा भने कथाभन्दा समालोचना विधातर्फ बढी लागेको देखिन्छ । लगभग साढे दुई दर्जनजति कथाहरू प्रकाशित भए पनि ती कथाहरू विभिन्न पत्रिकाहरूमा छरिएर रहेका छन् । उनको आधा शताब्दी (२०१६-हालसम्म) लामो साहित्यिकयात्रामा उनले कथा, कविता, समालोचना, आत्मसंस्मरण आदि विधामा कलम चलाएका छन् ।

पुष्कर लोहनीले नेपाली साहित्यका विविध विधामा कलम चलाउनुका साथै साहित्येतर विधामा पनि व्यापक रूपमा आफ्ना लेखरचनाहरू प्रकाशित गर्दै आइरहेका छन् । उनको पाँच दशक (वि.सं. २०१६- हालसम्म) लामो कथायात्रालाई मूलतः दुई चरणमा विभाजन गरी अध्ययन गरिएको छ । उनको प्रथम चरण २०१६ सालदेखि २०३० सालसम्मको समयावधि रहेको छ भने दोस्रो चरण २०३१ सालदेखि वर्तमान समयसम्मको समयावधि रहेको छ । उनको कथायात्राको प्रथम चरणमा नौओटा कथाहरू प्रकाशित भएका छन् भने दोस्रो चरणमा बीसओटा कथाहरू प्रकाशित भएका छन् । उनका कथाहरूलाई सङ्कलित गरी हालसम्म पनि कुनै पुस्तकाकार कृति तयार पारिएको देखिँदैन ।

पुष्कर लोहनीका कथाहरूमा विशेषगरी यौनलाई मुख्य विषयवस्तु बनाइएको हुन्छ । उनले पछिल्लो समयमा आएर कुथुङ्ग्री नाम दिएर धारावाहिक रूपमा सानो कुरा १ देखि २४ सम्मका लघुआख्यान प्रकाशित गरेका छन् । एउटा मात्र प्रसङ्गको वर्णन गरिएको कुथुङ्ग्रीमा पनि यौनमूलक विषयवस्तु नै प्रमुख बनेर रहेको छ । उनले नेपालको सहरीया क्षेत्र र विशेषगरी काठमाडौँ उपत्यकाका घटना र प्रसङ्गलाई आफ्ना कथाहरूमा उठाएका छन् । सहरीया सभ्यता र सम्भ्रान्त वर्गमा देखिएका खोक्रा आडम्बर, देखावटीपनलाई पनि मार्मिकता साथ प्रस्तुत गरिएको छ । आधुनिक सभ्यतामा क्यान्सर बनेर रहेका यौनजन्य क्रियाकलाप, हिंसा, हत्या, बलात्कार, शोषण, दुर्व्यसनी, कालोबजार, पारिवारिक बेमेलको स्थिति आदिलाई उनका कथाहरूमा जस्ताको

तस्तै चित्रण गरिएको देखिन्छ । धेरै केटा वा केटीसँग यौनसम्पर्क राख्ने, लोग्ने वा स्वास्नी साटासाट गर्ने, समलिङ्गी यौनक्रियाकलाप, पेट बोक्ने, भ्रुणहत्या, यौन शोषण, बलात्कार, यौनउत्तेजना, कामुकता आदि यस्तै विषयमा आधारित भएर उनका कथाहरू रचिएका छन् । उनका कथामा ग्रामीण सभ्यताभन्दा सहरीया सभ्यता, गरिब र दुःखीका कथाभन्दा धनी र सम्भ्रान्त वर्गका विलासता र यौन क्रियाकलापलाई प्रमुखता दिइएको छ ।

कथावस्तु अनुरूपकै पात्रप्रयोग गर्नु लोहनीको कथागत वैशिष्ट्य हो । उनका कथामा प्रयोग गरिएका पात्रहरू मुख्य रूपमा धनी र सम्भ्रान्त वर्गका छन् । उनीहरू आफ्नै ध्याउन्नमा रहेका हुन्छन् । यौनक्रिया र यौनसन्तुष्टि भित्रै उनीहरू रुमलिएका हुन्छन् । उनका कथामा १६ वर्षदेखि ४० वर्ष उमेर समूहका पात्रको प्रयोग अत्यधिक मात्रामा गरिएको छ । विशेषगरी अविवाहित किशोरकिशोरीहरू तथा विवाहित दम्पतीहरूको प्रयोग अत्यधिक पाइन्छ । उनका कथाका पात्रहरूले एक अर्काको पेट बोक्ने, पत्नीले परपुरुषसँग र पतिले परस्त्रीसँग यौनक्रियाकलाप गर्ने, अविवाहित किशोरीहरूले पनि पेट बोक्ने र फ्याँक्ने आदि गर्दछन् । उनीहरू बहिर्मुखी प्रवृत्तिका हुन्छन् । आफ्नो मनमा लागेका यौन इच्छाहरू व्यक्त गर्न उनीहरू कत्ति पनि हिचकिचाउँदैनन् । उनीहरू देशविदेशमा घुम्ने, सबैजना जम्मा हुने, रक्सी खाने, गाँजाचरेस खाने गर्दछन् । विदेशी पात्रहरूको प्रयोग पनि गरिएको पाइन्छ । ५० वर्ष उमेर पुगेका दम्पतीहरूले पनि यौनसन्तुष्टि प्राप्त गर्न नसकी तेस्रो पात्र खोज्ने खालका छन् । विवाह गर्ने र सम्बन्ध विच्छेद गर्ने, पाश्चात्य संस्कारको अन्धानुशरण गर्ने पात्रहरू पनि छन् । समग्रमा भन्नुपर्दा लोहनीका कथामा महिला पुरुष, किशोर, वयस्क, धनी सम्भ्रान्त किसिमका पात्रहरूका साथै प्रमुख, सहायक, गौण, स्थिर, परिवर्तनशील प्रतिनिधि, व्यक्तिगत, अनुकूल, प्रतिकूल आदि सम्पूर्ण प्रवृत्तिका पात्रहरूको प्रयोग गरिएको पाइन्छ ।

पुष्कर लोहनीका कथाहरूमा नेपाली सहरीया परिवेश वा वातावरण पाइन्छ । विशेषगरी काठमाडौं उपत्यकामा बसोबास गर्ने उच्च तथा सम्भ्रान्त वर्गका रहनसहन भेषभुषा तथा संस्कृतिहरूको प्रयोग पाइन्छ । प्राचीन नेपाली समाजभन्दा आधुनिक नेपाली समाजमा केकति परिवर्तनहरू भए, ग्रामीण समाजभन्दा सहरीया जीवनशैली केकति कारणले भिन्न रहेको छ आदि कुराहरू लोहनीका कथामा पाइन्छन् । सहरी सभ्यतामा देखिएका कुरीति, विकृति, कुसंस्कार, शोषण, यान्त्रिकता, जडता आदि लोहनीका कथाका परिवेश हुन् । पाश्चात्य संस्कृति र सभ्यताको अन्धानुकरण र त्यसले निम्त्याएको विकृतिको पनि चर्चा गरिएको छ । यौन स्वतन्त्रताले एकातिर अश्लीलतालाई निम्त्याएको छ भने अर्कोतिर हत्या, बलात्कार, दुर्व्यसनी, पारिवारिक बेमेल, सम्बन्धविच्छेद, पुनर्विवाह, भ्रुणहत्याजस्ता समाजका नकारात्मक पक्षको समेत जन्म गराएको कुरा व्यक्त गरिएको छ । यी सम्पूर्ण कुराहरूलाई प्रष्ट्याउनको लागि अमेरिका, बेलायत, जापान, अस्ट्रेलिया, क्यानाडा आदि देशहरूको प्रसङ्ग पनि उठाइएको देखिन्छ । समग्रमा भन्नुपर्दा नेपालको सहरी सभ्यता र सम्पन्नशाली व्यक्तिहरू भित्रभित्र दुर्व्यसनी, यौनक्रिया, हत्याहिंसा, बलात्कार, पारिवारिक बेमेलजस्ता क्यान्सररूपी समस्याहरूले जेलिएको कुरालाई प्रष्ट पारिएको छ ।

पुष्कर लोहनीका कथाहरूको भाषाशैली सरल र सरस किसिमको रहेको छ । पात्रअनुसारको भाषा प्रयोग गर्नु तथा अति सरल नेपाली भाषाको प्रयोग गर्नु उनका भाषागत प्रवृत्ति हुन् । केही आगन्तुक शब्दहरू तिनमा पनि अत्यधिक रूपमा अङ्ग्रेजी शब्दहरूको प्रयोग गरे पनि ती चलनचल्तीमा आइरहने र निकै सरल खालका छन् । लोहनीले छोटाछोटा संवाद, छोटाछोटा वाक्यगठनको प्रयोग गरेका छन् । उनका अधिकांश कथाहरू संवादात्मक शैलीमा लेखिएका छन् । लोहनीको भाषाले साहित्यिक कलात्मकताको उत्कर्ष छुन नसकी मध्यमस्तरको रहेको छ । उनको पहिलो चरणको भाषा बढी परिष्कृत र संयमित रहेको छ भने पछिल्लो चरणमा आइपुग्दा अश्लीलताको श्रेणीसम्म झर्न पुगेको देखिन्छ ।

लोहनीका अधिकांश कथाहरू तृतीयपुरुषका दृष्टिविन्दुमा आधारित रहेका छन् । तृतीय पुरुष पात्रको प्रयोग गरी उनले तिनीहरूबीच संवादको प्रयोग गराएका छन् । 'चिसो चूल्हो तातो खरानी', 'चेतन मन अचेतन विचार', 'गुजुल्टो', 'ओझेल परेको छाँया', 'साझा गुफा' जस्ता केही कथामा प्रथम पुरुषीय 'म' पात्रको प्रयोग गरी उसका अन्तर्मनका अभिव्यक्तिलाई विषयवस्तु बनाइएको छ भने अन्य सबैजसो कथाहरूमा तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको देखिन्छ ।

मान्छेमा रहेको यौनमूलक क्रियाकलापलाई खुलस्त पारिदिनु लोहनीका कथाको प्रमुख उद्देश्य रहेको छ । यौन भनेको सार्वभौम कुरा हो । यो प्रत्येक यौवन मान्छेमा रहन्छ । यसलाई लुकाउन खोज्नु, दबाउनु निरर्थक कुरा हो, यसलाई जति दबाउँदै गयो त्यति नै विष्फोटित हुन्छ । त्यसैले यौनका बारेमा खुला रूपमा प्रस्तुत हुनुपर्छ । यौनतृष्णालाई सहज रूपमा पूर्ति गर्नुपर्छ भन्ने सन्देश लोहनीका कथाहरूले दिन खोजेका छन् । यौन भोकले जातपात, उँचनिच, आफन्तपराइ केही पनि भन्दैन । उचित समय पाउनासाथ यो जोसँग पनि प्रस्तुत हुन सक्छ भन्ने कुरालाई यी कथाहरूले प्रष्ट पारेका छन् ।

निष्कर्षमा के भन्न सकिन्छ भने कथाकार पुष्कर लोहनी राजधानी काठमाडौँमा रहेर नेपाल र नेपाली साहित्यमा योगदान पुऱ्याउने साहित्यकार हुन् । यिनले नेपाली साहित्यका विविध विधामा कलम चलाएर योगदान दिएका छन् । जहाँसम्म यिनका कमजोरी पक्षलाई केलाउँदा उनका कथाहरू विशेषगरी सहरी परिवेश र सम्पन्नशाली पात्रहरूमा मात्र केन्द्रित छन् । त्यस्तै यिनको भाषा पहिलो चरणभन्दा पछिल्लो चरणमा झन् फितलो बन्दै गएको देखिन्छ । यौनलाई खुलस्त चित्रण गर्ने नाममा अश्लीललताको प्रयोग गर्नु उनको भाषागत कमजोरी हो । उनका पछिल्ला चरणका कथाहरू साहित्यिक कलात्मकताका दृष्टिले प्रथम चरणका भन्दा सामान्य खालका रहेका छन् । तसर्थ पछिल्लो चरणमा देखिएका केही कमीकमजोरीहरूलाई क्रमिक रूपमा परिष्कार र परिमार्जन गर्दै अगाडि बढेमा लोहनीको कथाकारिताले थप उत्कृष्टताको श्रेणी समात्न नसक्ला भन्न सकिँदैन । उनका कथाहरूमा कथागत तत्वका आधारमा 'चिसो चूल्हो तातो खरानी', 'मैनवत्ती र मुकुन्डो', 'मुतको न्यानो', 'चेतन मन अचेतन विचार', 'मर्छ जन्मन्छ एउटा मान्छे विरोधाभाषमा', 'गुजुल्टो', 'ओझेलमा परेको छायाँ' जस्ता कथाहरू उत्कृष्ट रहेका छन् । लोहनीलाई यौनमूलक विषयवस्तुमा आधारित कथा लेख्ने यौनमनोवैज्ञानिक कथाकारका रूपमा लिन सकिन्छ ।

## परिशिष्ट

## शोधनायकसँग लिइएको अन्तर्वार्ता

काठमाडौंको विहानी मौसमलाई छिचलेर साहित्यकार पुष्कर लोहनीको निवास काठमाडौं जिल्लाको काठमाडौं महानगरपालिकास्थित घट्टेकुलो टोलमा हामी पुगेका थियौं । उनको आफ्नै घरको आतिथ्य कोठामा म (रामप्रसाद पाण्डेय) र गणेश मरासिनी २०६७ जेठको पहिलो आइतवार पुगेका थियौं । सामान्य कुराकानीपछि उनको जीवनी, व्यक्तित्व र कृतित्वसँग सम्बन्धित विषयको कुराकानीमा आधारित अन्तर्वार्ताको थालनी गऱ्यौं । उनीसँग गरिएको अन्तर्वार्ता निम्नानुसार रहेको छ ।

१. *तपाईको पुर्ख्यौंलीको बारेमा के थाहा छ ?*

हाम्रो लोहनी वंशका पुर्खाहरू भारतको कलौजबाट कुमाउ गढवाल हुँदै सत्रौं शताब्दीमा नेपालको दाङसम्म आइपुगेका थिए । त्यहाँबाट विस्तारै पूर्वतिर लाग्दै राधाकृष्ण लोहनी काठमाडौं छिरेका थिए । उनैका नाति शिव शर्मा र शिवका नाति पद्मनाथ हुँदै रुद्रप्रसाद र होमप्रसाद हुँदै यहाँसम्मको पुस्ता आएको छ ।

२. *तपाईको जन्म कहिले र कहाँ भएको थियो ?*

मेरो जन्म होमप्रसाद लोहनी र भेषकुमारी लोहनीका कोखबाट वि.सं. १९९८ चैत्र २० गते रविवारका दिन काठमाडौंमा भएको हो । म माता पिताको एक्लो सन्तान हुँ ।

३. *हजुरको बाल्यकाल के कसरी वित्यो ?*

म आफ्नै घरमा हजुरबुवा, बुवा आमा सपरिवारका काखमा सबैको माया मता पाएर हुर्केका हुँ । त्यसैगरी २००८ सालमा मूल परिवारबाट पिता अलग भएपछि धोवीधारामा बुवाआमाका काखमा हुर्किएँ ।

४. *तपाईले शिक्षा दीक्षा कहाँबाट कसरी पाउनुभयो ?*

घरमै अलिअलि मातापिताबाट अक्षर चिनेपछि २००३ सालमा पद्मोदय विद्यालयमा कक्षा २ मा भर्ना भएँ । त्यही विद्यालयबाट मैले २०११ सालमा एस.एल.सी. पूरा गरेको हुँ । त्यसपछि आइ.एस.सी. र आइ.एल. एकैपटक पढ्दा आवश्यक तयारी गर्न नसकेपछि त्रि-चन्द्रमा आइ.ए. पढ्न थालेँ । त्यही कलेजबाट २०१६ सालमा आइ.ए. र २०१९ सालमा वी.ए. पनि उत्तीर्ण गरेँ । पछि २०२६ सालमा त्रि.वि.बाट नेपाली विषयमा एम.ए. पनि पूरा गरेँ ।

५. *तपाईको विवाह र पारिवारिक स्थिति कस्तो रह्यो ?*

मैले २०२६ सालमा महालक्ष्मी खनालसँग बिहे गरेको हुँ । साहत्यिक पृष्ठभूमिमा हुर्किएकी महालक्ष्मीबाट पनि कतिपय रूपमा प्रभावित नै भएँ । हाम्रा ३ छोरी र एक छोराहरूमा जेठी छोरीको विवाह भैसकेको छ भने बाँकी ३ जना अध्ययनका सिलसिलामा अमेरिकामै छन् । अहिले हामी श्रीमान् श्रीमतीमात्र घट्टेकुलोस्थित आफ्नै निवासमा छौं ।

६. *तपाईंको जीविका कसरी चलेको छ ?*

२०३५ सम्म विभिन्न प्रोजेक्टमा र त्यसपछि २०६० सम्म त्रि-चन्द्र कलेजमा नेपाली विषय प्राध्यापन गरेर त्यसबाटै मैले आफ्नो परिवार चलाएको छु । त्यसैगरी घरभाडाबाट पनि केही आम्दानी हुन्छ । समग्रमा म मध्यम वर्गको मान्छे हुँ ।

७. *तपाई साहित्यिक क्षेत्रमा लाग्नुको प्रेरणा र प्रभाव कसलाई मान्नुहुन्छ ?*

मेरो परिवारमा विभिन्न समयमा साहित्यिक जमघट हुने गर्दथ्यो । मेरा आफ्नै वंशज गोविन्दप्रसाद लोहनीले सात-आठ कक्षामा पढ्दादेखि नै राजनीति र साहित्यका बारेमा विभिन्न गफगाफ गर्थे र उनका घरमा बारम्बार आइरहने साहित्यकार र समालोचकहरूका मर्मस्पर्शी गफगाफबाट प्रेरित भएँ ।

८. *तपाईका साहित्यिक कृति के-कति रहेका छन् ?*

मैले २०११ सालतिरैबाट नाटक लेख्ने प्रयास गरेपनि २०१६ सालको 'चिसो चुल्हो तातो खरानी' पहिलो प्रकाशित रचना हो । 'मेरा चमकदार मइन्टोल र पिलपिले लालटिन' २०३७, 'कौडी' (२०४०), 'पाँच सय वर्ष सुन हो कि धुन' (२०३९), 'आकास विभाजित छ' (२०४२, सहलेखन) जस्ता कृति प्रकाशित छन् । त्यस्तै बगैंचा नयाँ कविता, विम्ब, जस्ता पत्रिका र 'पञ्चक प्रपञ्च', 'बेशरी', 'ऋतुवर्णन' तथा समस्यापूर्ति जस्ता कृतिको सम्पादन पनि गरेको छु ।

## सन्दर्भग्रन्थसूची


**(क) पुस्तकसूची**

आचार्य, नरहरि, **नेपाली कथा भाग १**, ते.सं., ललितपुर : साझा प्रकाशन, २०५१ ।

चापागाइँ, निनु तथा अन्य, (सम्पा.), **प्रतिनिधि नेपाली कथाहरू**, काठमाडौं : स्रष्टा प्रकाशन प्रा.लि., २०४६ ।

देवकोटा, गृष्मबहादुर, **नेपालको छापाखाना र पत्रपत्रिकाको इतिहास**, काठमाडौं : केशवप्रसाद लम्साल, २०२४ ।

प्रधान, प्रतापचन्द्र, **नेपाली कथावलोकन**, दार्जिलिङ : दीपा प्रकाशन, २०४० ।

भट्टराई, घटराज, **नेपाली साहित्यकार परिचय कोश**, काठमाडौं : नेसनल रिसर्च एसोसिएसन, २०५१ ।

_______, **नेपाली लेखक कोश**, काठमाडौं : लक्ष्मीप्रसाद देवकोटा प्रतिष्ठान, २०५६ ।

श्रेष्ठ, दयाराम 'सम्भव' (सम्पा.), **पच्चिस वर्षका नेपाली कथा**, काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०३९ ।

_______, **नेपाली साहित्यका केही पृष्ठ**, चौ.सं., ललितपुर : साझा प्रकाशन, २०४८ ।

शर्मा, तारानाथ, **नेपाली साहित्यको इतिहास**, ते.सं., काठमाडौं : नवीन प्रकाशन, २०५१ ।

सुवेदी, अभि, 'भूमिका', **कौडी**, काठमाडौं : प्रजेन्द्र प्रकाशन, २०४० ।

सुवेदी, राजेन्द्र, **स्रष्टा सृष्टि, द्रष्टा दृष्टि**, ललितपुरः साझा प्रकाशन, २०४३ ।

क्षेत्री, शान्ति, **नेपाली समालोचना साहित्यमा रामकृष्ण शर्माको योगदान**, सिक्किमः त्रिनेत्र इन्टरनेसनल पब्लिकेसन, २०४३ ।

**(ख) पत्रिकासूची**

गिरी, मधुसूदन, 'स्वैरकल्पना र नेपाली कथा परम्परा : यसको प्रयोग', **समकालीन साहित्य**, व. १२, अ. ३, पू. ४५, २०५९ ।

नेत्र, एटम, 'समकालीन नेपाली कथा : परिवेश र प्रकृति', **समकालीन साहित्य**, व. १२, अ. ३, पू. ४५, २०५९ ।

प्रधान, कृष्णचन्द्रसिंह, 'समसामयिक कथा एक दृष्टि, एक अवलोकन', **गरिमा**, व. ८, अ. ५, २०५६ ।

लोहनी, पुष्कर, 'चिसो चुलो तातो खरानी', **ज्योति**, व. १, अ. २, २०१६ ।

_______, 'मैनबत्ती र मुखुन्डो', **इन्दु**, व.-, अ. १, २०१७ ।

_______, 'मुतको न्यानो', **शक्ति**, व.-, अ. १, २०१७ ।

_______, 'चेतन मन अचेतन विचार', **हिमानी**, व. २, अ. १, २०२० ।

_______, 'मर्छ जन्मन्छ एउटा मान्छे विरोधाभासमा', **रूपरेखा,** व. ६, अ. ११, २०२२ ।

_______, 'लहर फुस्किएको अवस्थामा', **मधुपर्क,** व. २, अ. ७, २०२६ ।

_______, 'साहित्यका निम्ति', **रूपरेखा,** व. १०, अ. ४, २०२६ ।

_______, 'गुजुल्टो', **मधुपर्क,** व. ३, अ. २, २०२७ ।

_______, 'ओझेल परेको छाँया', **मधुपर्क,** व. ५, अ. १२, २०३० ।

_______, 'भेलभित्रको फोका', **मधुपर्क,** व. २०, पू. २२६, २०४४ ।

_______, 'फर्सीको झोल', **नियोजन,** व. १८, अ. २, २०४५ ।

_______, 'मौन इच्छा', **त्रिरत्न,** व.-, अ. १, २०४५ ।

_______, 'उत्तेजित म्वाइँ', **समष्टि,** व.-, पू. १८, २०४५ ।

_______, 'मेरो राजा', **त्रिरत्न,** व-, अ. ४, २०४९ ।

_______, 'डरभित्रको स्वरूप', **समागम,** व. १, अ. १, २०५० ।

_______, 'उत्तेजित घेरा', **समकालीन साहित्य,** व. ३, अ. ४, २०५० ।

_______, 'साफा गुफा', **समागम,** व. २, अ. १, २०५१ ।

_______, 'आफ्नै रगत', **योषा,** व. १, अ. ३, २०५१ ।

_______, 'क्रमभित्रको भीड', **गरिमा,** व. १, अ. २, २०५४ ।

_______, 'नाङ्गो अस्तित्व', **युवामञ्च,** व.-, अ-, २०५९ ।

_______, 'कपडाका झुम्राहरू', **मधुपर्क,** व. ३६, अ.-, २०६० ।

_______, 'कोरिएको पाइला', **मिर्मिरे,** २०६४ ।

_______, 'कुथुङ्ग्री, सानोकुरा १-२४', **दुनियाको खबर,** व. १, अ. ९-३२, २०६६ ।